सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२७ साउन २०८०, शनिबार (12 Aug 2023, Saturday) ■ नेपाल संवत् ११४३ ■ वर्ष १७ ■ अंक १२१ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

नेपालमा फैलँदै चिनियाँको अपराध सञ्जाल

सुन तस्करी, कल बाइपास, मानव तस्करी, अनलाइन ठगीदेखि विदेशी मुद्राको अवैध कारोबारलगायतका अपराधमा चिनियाँ नागरिकको संगठित सञ्जाल नेपालमा बढ्दै गएको छ, जसले देशको अर्थतन्त्र मात्र होइन, राष्ट्रिय सुरक्षामा समेत चुनौती थपिएको छ

नवराज मैनाली / नयाँ पत्रिका

करिब एक क्विन्टल सुन तस्करीमा संलग्न चिनियाँ गिरोह महिनौंदेखि काठमाडौंमा थियो। तस्करीको सुन लुकाउने, गाल्ने र त्यसलाई नयाँ सामानमा प्याकिङ गरेर ओसारपसार गर्ने उनीहरूले बालुवाटार, लाजिम्पाट, नयाँबजार, टोखालगायतका ठाउँमा सञ्चालन गरेका अखडाबारे सुरक्षा निकायसहित सिंगो राज्यसंयन्त्र नै बेखबर थियो। पर्यटक तथा बिजनेस भिसामा लामो समयदेखि नेपालमा बस्दै आएका दर्जनौं चिनियाँ यस्तो अपराधमा संलग्न रहेको तीन साता लामो राजस्व अनुसन्धान विभाग तथा प्रहरी अनुसन्धानको निष्कर्ष छ।

सुन तस्करीमा एक चिनियाँ र चिनियाँ मूलका अन्य दुई विदेशी नागरिक पक्राउ परिसकेका छन्। अन्य नौ चिनियाँको पहिचान भएको छ। भन्सारका कर्मचारीदेखि राजनीतिक दलसम्म सम्बन्ध बनाएका उनीहरूले नेपाललाई कसरी अपराधको ट्रान्जिट बनाउँदै आएका छन् भन्ने यो घटनाले थप उजागर गरेको छ।

■ गत आवमा मात्रै ४२ चिनियाँ पक्राउ

सुन तस्करी मात्र होइन, कल बाइपास, मानव तस्करी, अनलाइन ठगीदेखि विदेशी मुद्राको अवैध कारोबारजस्ता गम्भीर अपराधमा समेत चिनियाँ नागरिक नेपालमा बारम्बार पक्राउ पर्दै आएका छन्। पछिल्लो दुई महिनाको घटना विवरण हेर्दा पनि नेपालमा उनीहरूको फैलँदो आपराधिक सञ्जालको तस्बिर प्रस्ट देखिन्छ।

गत १६ साउनमा एक लाख चिनियाँ युआनसहित चिनियाँ नागरिक होङ होङ पक्राउ परेका थिए। एयर चाइनाको विमानबाट चीन जाने क्रममा विमानस्थलको प्रहरी चेकिङमा उनी पक्राउ परे। बरामद रकमको उनले स्रोत खुलाउन सकेका छैनन्। आपराधिक गतिविधिको रकम उनले लैजाने प्रयास गरेको हुन सक्ने प्रहरीको आशंका छ।

गत २७ असारमा चिनियाँ नागरिक जोनसोन उपनाम भएका लियाङ जुन पक्राउ परे। उनले नेपाली युवालाई थाइल्यान्डमा रोजगारीको प्रलोभनमा म्यानमार पुऱ्याई बन्धक बनाएका थिए। सर्यौं नेपाली युवालाई चिनियाँ गिरोहले म्यानमारमा बन्धक बनाई अनलाइन ठगीका काममा लगाउँदै आएको मानव बेचबिखन ब्युरोका एसएसपी जीवनकुमार श्रेष्ठले

» पृष्ठ २ मा क्रमशः

■ राजधानीका सुरक्षा संवेदनशील ठाउँमै चिनियाँ तस्करका अखडा



चिनियाँ गिरोहले काठमाडौंमा सुरक्षा दृष्टिकोणले संवेदनशील ठाउँका घरहरू भाडामा लिएर संगठित रूपमा सुन तस्करी, हुन्डीलगायत अपराधको सञ्जाल चलाउँदा पनि सुरक्षा निकायले सुईंकोसमेत पाएन। यसबाट राज्यको सूचना संयन्त्रको नाजुक अवस्था उजागर भएको छ। गत ३ साउनमा तस्करीको करिब क्विन्टल सुन बरामद भएपछि राजस्व अनुसन्धान विभागले बालुवाटार, लाजिम्पाट, ठमेल, नयाँबजार, पानीपोखरी, कपुरधारा, धुम्बाराही, टोखालगायत स्थानमा चिनियाँ गिरोहका यस्ता अखडा फेला पारेको छ। पक्राउ परेकामध्ये गिरोहको उच्च तहमा आबद्ध दावा छरिङ ठमेलमा भियना होटेल चलाउँथे भने कपुरधारामा बंगला भाडामा लिएर बस्दै आएका थिए। सामान्य होटेल चलाउने उनको जीवनशैली अर्बपति व्यापारीको जस्तो भएको उनको घरमा छापा हान्न गएका राजस्व अनुसन्धान विभागका एक अधिकारी बताउँछन्। त्यस्तै, तस्करी गिरोहमै आबद्ध थुप्तेन छरिङ पानीपोखरीस्थित कम्फर्ट हाउजिङको अपार्टमेन्टमा मासिक ६० हजार भाडा तिरेर बस्दै आएका थिए। उनको अपार्टमेन्टमा पनि अनुसन्धान अधिकारीले छापा हानेका छन्। चिनियाँ गिरोहका नाइकेहरू लाजिम्पाटमा एक घर भाडामा लिएर बस्दै आएका थिए। त्यहीँ बस्दै आएका चिनियाँ जिक्विङ लिन पक्राउ परिसकेका छन्।

त्यस्तै, एक चिनियाँले धुम्बाराहीस्थित ग्रिनहिल सिटी हाउजिङभित्रको घर भाडामा लिएका थिए। मासिक डेढ लाख भाडा तिरेर उनी त्यहाँ बस्दै आएको अनुसन्धानमा खुलेको छ। गिरोहले टोखामा लिएको घरमा त तस्करीको सुन लुकाउने, गाल्ने र पुनः प्याक गरी बाँडफाँट गर्नेसम्मका काम गरिन्थ्यो। त्यहाँ सुन गाल्नेदेखि प्याकिङ गर्ने मेसिनसमेत जडान गरिएका थिए। त्यस्तै, बालुवाटार र नयाँबजारमा पनि उनीहरूको सुन लुकाउने गोदाम फेला परिसकेको छ। नेपाल प्रहरीका पूर्वएआइजी बमबहादुर भण्डारीले चिनियाँहरूको गतिविधिले देशको इन्टेलिजेन्स निकाय थप सक्रिय हुनुपर्ने देखाएको बताए। 'नेपालमा बस्दै आएका विदेशीहरूमाथि निगरानी गर्ने र सबै सुरक्षा निकायबाट आउने सूचनालाई नियमित विश्लेषण गर्नुपर्ने जरुरी छ,' उनले भने, 'राष्ट्रिय अनुसन्धान विभाग, नेपाल प्रहरीलगायत सबैले यसमा ध्यान दिनु जरुरी छ।'

राष्ट्रिय सुरक्षामै चुनौती बढेको छ



● **राजेन्द्रसिंह भण्डारी**, पूर्वएआइजी

नेपालमा चिनियाँको आपराधिक सञ्जाल विस्तार हुनुमा हाम्रै कमजोरी छ। उनीहरूलाई हामी निःशुल्क भिसा दिन्छौं, नेपाल आएपछि कहाँ जान्छन्, के गर्छन् केही मतलब गर्दैनौं। जहाँ सहज छ, अपराधीहरूले त्यहीँ अखडा बनाउने हुन्। हाम्रो त अन्तर्राष्ट्रिय विमानस्थल नै अपराधीको अखडा बनिसकेको छ। राज्यप्रणालीको कमजोरीले चिनियाँको नेपालमा घुसपैठ बढेको छ। यसले हाम्रो राष्ट्रिय सुरक्षामै गम्भीर चुनौती थपेको छ। राज्यसंयन्त्रलाई चुस्त नबनाउने हो भने अझै जोखिम बढ्न सक्छ।

निगरानी बढाएका छौं



● **डिआइजी कुबेर कडायत**, प्रवक्ता, नेपाल प्रहरी

विभिन्न किसिमका अपराधमा चिनियाँ पक्राउ पर्दै आएका छन्। पक्राउ पर्ने चिनियाँको संख्या बढ्दै गएको छ। आर्थिक वर्ष ०७९/८० मा ४२ जनालाई पक्राउ गरेका छौं। संगठित अपराधमा चिनियाँको संलग्नता बढ्नु पक्कै पनि चिन्ताको विषय हो। यसमा नेपाल प्रहरीले निगरानी बढाएको छ।

अनौपचारिक अर्थतन्त्र बलियो हुँदै जान्छ



● **नरबहादुर थापा**, पूर्वकार्यकारी निर्देशक, राष्ट्र बैंक

यसरी संगठित रूपमा आर्थिक अपराध बढ्दा अनौपचारिक कारोबार बढ्छ। त्यो भनेको अर्थतन्त्रका लागि पक्कै पनि राम्रो होइन। सुन तस्करी, हुन्डीलगायत अपराधले राजस्व असुलीदेखि विदेशी मुद्राको सञ्चितिसम्म असर गर्छ। राज्यसंयन्त्रले यस्ता कारोबारलाई तत्काल रोक्नुपर्छ। अनौपचारिक अर्थतन्त्र बढ्दै जाँदा राज्यको नियन्त्रण कमजोर हुँदै जान्छ। त्यसका लागि राज्यका संस्थाहरूलाई बलियो बनाउनुको विकल्प छैन।

अनुगमन प्रभावकारी बनाउँछौं



● **खिमलाल भुसाल**, निर्देशक, अध्यागमन विभाग

विदेशी नागरिकमाथि अनुगमन गर्ने कार्यविधि छ। अनुगमनलाई प्रभावकारी बनाउने तयारी छ। तर, अनुगमनका लागि कर्मचारी तथा स्रोत-साधनको अभाव हामीलाई छ। त्यसका बाबजुद पनि हामीले विदेशीको अनुगमन गर्छौं। अनुगमनसम्बन्धी कार्यविधि पनि संशोधन गरेर अझै बलियो बनाउँदै छौं। विदेशीका अवैध गतिविधि रोक्न अन्य निकायहरूसँग पनि सहकार्य भइरहेको छ।

एउटै कसुरमा अदालतबाट फरक-फरक आदेश

शर्मालाई तारेखमा, अन्यलाई थुनामा

नयाँ पत्रिका

एउटै कसुरमा अदालतले व्यक्तिअनुसार फरक-फरक आदेश दिएको छ। एमबिबिएस अध्ययनका लागि आइएस्सीको नक्कली प्रमाणपत्र पेस गरेको आरोपमा पक्राउ परेका चिकित्सकलाई प्रहरीले शुक्रबार काठमाडौं जिल्ला अदालतमा पेस गरेकोमा सांसदसमेत रहेका सुनील शर्मालाई तारेखमा राख्न र अन्यलाई थुनामा राख्न आदेश दिएको छ।

भागी जाने र प्रमाण नष्ट गर्ने सम्भावना नभएको भन्दै अदालतले शर्मालाई तारेखमा राखेर अनुसन्धान गर्न भनेको हो। तर, उनीसँगै पक्राउ परेका अन्य चिकित्सक अमित चौधरी, मनित चौधरी, एरिना साह, रञ्जितकुमार यादव र श्रद्धा सिल्पकारलाई भने थुनामै राख्न अनुमति दिएको छ। सबैमाथि समान कसुर रहे पनि कसैलाई थुनामा राख्ने तथा कसैलाई तारेखमा राख्न अदालतले दिएको आदेशले प्रहरी अधिकारी अन्योलमा परेका छन्।

न्यायाधीश दण्डपाणि शर्माको इजलासले दिएको आदेशमा शर्मा प्रतिनिधिसभा सदस्य रहेको र अनुसन्धानका लागि हिरासतमै राख्नुपर्ने अवस्था नदेखिएको उल्लेख छ। लिखित आदेशमा भनिएको छ, '... यी सुनीलकुमार शर्मा संसद्को प्रतिनिधिसभामा



तस्बिर : **संजित परियार** / नयाँ पत्रिका

मोरङ क्षेत्र नम्बर ३ बाट निर्वाचित भई प्रतिनिधिसभाको निर्वाचित सदस्य रहेको भन्ने मिसिल संलग्न संसद् सचिवालयको जानकारीबाट देखिएको र निजले पेस गरेका आइएस्सीको शैक्षिक प्रमाणपत्र भारत बिहारको राष्ट्रिय परीक्षा बोर्डबाट जारी भएको नदेखिएको र अनुसन्धानका लागि राष्ट्रिय परीक्षा बोर्डबाट मिति २०७९/४/५ मा पत्राचार भइसकेको सन्दर्भमा प्रतिवादी सुनीलकुमार शर्मा भागी जाने सम्भावना पनि नरहेको र निजले प्रमाणको लोप वा नष्ट गर्ने अवस्थाको विद्यमानता रहेको समेत नदेखिँदा म्याद थपका लागि उपस्थित गराइएका प्रतिवादी सुनीलकुमार शर्मालाई मुद्दा अनुसन्धानका लागि प्रहरी हिरासत थुनामा नै राख्नुपर्ने अवस्थाको विद्यमान मिसिल संलग्न कागजबाट नदेखिँदा यी प्रतिवादीलाई मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ को उपदफा १ बमोजिम तोरखमा राखी मुद्दा अनुसन्धान गर्नू।'

अदालतको आदेशअनुसार शर्मा शुक्रबार साँझ नै छुटेका छन्। छुटेलगत्तै उनले आफूलाई फसाएको भन्दै सरकारको आलोचना गरेका छन्। शर्माले बिहारको फारबेसगन्जस्थित बिडिबिकेएस कलेजमा अध्ययन गरेको भनेर शैक्षिक प्रमाणपत्र पेस गरेका थिए। तर, बिहारको राष्ट्रिय परीक्षा बोर्ड, पटनाले उनको प्रमाणपत्र नक्कली भनेर प्रमाणित गरिसकेको छ।

» पृष्ठ २ मा क्रमशः

संखुवासभा कारागारमा कैदीको मृत्यु प्रकरण

ड्युटीमा रहेका १० सुरक्षाकर्मी र नौ कैदी पक्राउ

संखुवासभामा **नवीन गुरुङ**

खाँदबारीस्थित जिल्ला कारागार संखुवासभामा सुरक्षाघेराभित्रै दुई कैदीको शंकास्पद मृत्यु प्रकरणमा अनुसन्धानका लागि १० सुरक्षाकर्मी र नौ कैदी पक्राउ परेका छन्।

प्रहरीकै मिलेमतोमा कैदीहरू आकाश बलामी र विनोद तोलांगीको हत्या भएको भन्दै परिवारजनले शव बुझ्न नमानिरहेका बेला जिल्ला प्रहरी कार्यालयले घटनाका बेला कारागारको सुरक्षामा खटिएका असइ लक्ष्मी चौधरीको नेतृत्वको टोलीलाई हिरासतमा लिएको हो। घटनाको अनुसन्धान गरिरहेका जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सरोज खनालले भने, '१९ जनालाई नियन्त्रणमा लिएर फराकिलो ढंगबाट अनुसन्धान भइरहेको छ, चाँडै निष्कर्षमा पुग्छौं।'

पीडितले दिएको जाहेरी लिने सहमति

» पृष्ठ २ मा क्रमशः



मंगलबार राति कारागारभित्र भएको कुटपिटबाट कैदी नुवाकोट ककनी- ७ का २३ वर्षीय आकाश बलामी र संखुवासभा मादी नगरपालिका- ५ का १९ वर्षीय विनोद तोलांगीको बुधबार बिहान मृत्यु भएको थियो। उनीहरू मंगलबार राति कारागारमा रहेको शौचालयको झ्यालबाट बाहिर भागेकामा प्रहरीले नियन्त्रणमा लिएर कारागारभित्र प्रहरी बन्दीगृहको ब्लक 'ए' लगेर राखिएको थियो।

सोही घटनामा अनुसन्धानका लागि असइ लक्ष्मी चौधरी, हवल्दार राजकुमार श्रेष्ठ, सहायक हवल्दार अमृतबहादुर कार्की, जवानहरू सनोज सोडमी, मुकेश विक, पवनकुमार महतो, नुसन राई, मनीष राई, दमनसिंह राई र सुमन गुरुङ, कारागारका चौकीदार रामकुमार कार्कीसहित कैदीहरू कुमार श्रेष्ठ, अनिश शर्मा, सुमन सारू, टीकाराज चौहान, सचिन राई, राम गुरुङ, नवीनकुमार राई र योगेन्द्रबहादुर गुरुङलाई प्रहरीले हिरासतमा राखेको छ।

झन् नयाँ

सदनमा महिला माननीय
जहिल्यै सहायक भूमिका



बहस

● कमलराज भट्ट

महिला सांसदको गुनासो छ- 'जनताले न्यायको अपेक्षा गरेको संसद्भित्र महिलालाई हाकाहाकी विभेद गरिन्छ भने संसद् कसरी सफल हुन्छ ?'

कर्णाली किनारमा
बालुवाको दरबार



ती दिन ● तुला अधिकारी

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

जहाज कुर्दाकुर्दै ज्यान गुमाउँछन् कर्णालीवासी

निमोनिया, झाडापखाला र रुघाखोकीबाट पीडित छोरालाई थप उपचारका लागि नेपालगन्ज लैजान पिता सुरजले सात दिन लगाएर ३० हजार खर्च जोहो गरे, तर जहाज नै आएन, उपचार अभावमै ६ महिने नाबालक इमरानले शुक्रबार ज्यान गुमाए

हुम्लामा **नरजन तामाङ**

हुम्लाको सिमकोट गाउँपालिका- ६ माथिल्लो गाउँका ६ महिने बालकको उपचार अभावमा ज्यान गएको छ। सडक यातायातको सुविधा नरहेको हुम्लाका सुरज सुनारले निमोनिया, झाडापखाला र रुघाखोकीका पीडित छोरा इमरानलाई जिल्ला अस्पताल हुम्लाको सिफारिसअनुसार थप उपचारका लागि नेपालगन्ज लैजान खोजेका थिए। सात दिन लगाएर उनले ३० हजार खर्च जोहो पनि गरे, तर जहाज आएन। पछिल्ला तीन दिन हरेक बिहान ६ बजे नै उनी सिमकोट विमानस्थल पुग्थे, तर जहिल्यै दिउँसो १२ बजेसम्म मौसम खराब भइरहन्थ्यो। दिउँसो १-२ बजे मौसम खुल्थ्यो, जहाज नै आउँदैनथ्यो। उपचार नपाएरै शुक्रबार बिहान ६ बजे नाबालक इमरानले ज्यान गुमाए।

गत १४ साउनमा जिल्ला अस्पताल ल्याएका इमरानलाई भर्ना गरियो। तर, आइसियू आवश्यक पर्ने भएपछि अस्पतालका डाक्टर रोशन रावतले जिल्लाबाहिर लैजान रेफर गरेका थिए। 'हामीकहाँ आइसियू, भेन्टिलेटर र एनआइसियू सेवा छैन,' वरिष्ठ अनमि सरिता बोहोराले भनिन्, 'जटिल खालको निमोनिया भएकाले ती बालकलाई आइसियूमा राख्नुपर्ने थियो।'

गत साउन १० मा मुगुको खत्याड गाउँपालिका- १ का ६० वर्षीय बिर्खबहादुर कार्कीको पनि उपचार अभावमा बाजुरामा ज्यान गएको



सिमकोट विमानस्थल

थियो। बाजुरामा उपचार सम्भव नभएपछि रेफर गरिए पनि तीन दिनसम्म कोल्टी विमानस्थलमा जहाज नआएपछि उनले उपचार नपाएरै ज्यान गुमाएका थिए।

मुगु कर्मारोङ गाउँपालिका पुलु स्वास्थ्य चौकीकी स्वास्थ्यकर्मी हिमा बुढा पनि उपचारका लागि नेपालगन्ज जान बुधबार नै ताल्चा विमानस्थल पुगिन्। एक दिन पैदल हिँडेर भोलिपल्ट ताल्चा विमानस्थल पुगेकी बुढाले शुक्रबारसम्म जहाज पाएकी छैनन्। 'पेटमा सात महिनाको गर्भ छ, नाकमा मासु पलाएकाले अप्रेसन गर्नुपर्नेछ, त्यही उपचार गर्न भनेर हिँडकी थिएँ, जहाज पाइएको छैन,' उनले भनिन्। मुगुदेखि नेपालगन्जसम्मको साढे तीन सय किलोमिटर सडक सार्वजनिक यातायातमा पार गर्न दुई-तीन दिन लाग्छ। त्यसमाथि बर्खासँगै कर्णाली राजमार्गका ठाउँठाउँमा पहिरो खसेकाले कतिखेर सडक अवरुद्ध हुन्छ, ठुंगो हुँदैन।

सिमकोट विमानस्थलका वरिष्ठ अधिकृत मनोज ढुंगेलले तीन दिन जहाज नआएको बताए। 'बिहान ६ बजेदेखि दिउँसो साढे १२ बजेसम्म उडानका लागि केन्द्रबाट परिपत्र भएको छ। तर, बिहान मौसम खराब हुने भइरहेको छ,' उनले भने।

नागरिक उड्डयन प्राधिकरणले दुर्गम जिल्लाको समस्या नबुझेर बिहान ६ बजेदेखि दिउँसो १२ बजेसम्म जहाजको उडान भर्न पाउने नयाँ तालिका लागू गरेको छ। तर, हुम्लालगायत दुर्गम जिल्लामा

» पृष्ठ २ मा क्रमशः

■ गौर हत्याकाण्डबारे जसपाको भनाइ

‘माओवादीकै हठले घटना भएको हो’

१७ वर्षअघिको घटना कोट्याएर पार्टी अध्यक्ष उपेन्द्र यादवलगायत नेतालाई फसाउन खोजेको आरोप

अनिल यादव / नयाँ पत्रिका

सरकारले १७ वर्षअघिको गौर हत्याकाण्डको छानविन अघि बढाउने भएपछि सत्तागठबन्धनमा रहेको जसपा प्रतिवादमा उत्रिएको छ। शुक्रबार सिंहदरबारस्थित संसदीय दलको कार्यालयमा पत्रकार सम्मेलन गरेर जसपाले घटनासँग सम्बन्ध नै नरहेका अध्यक्ष उपेन्द्र यादवसहितका नेतालाई सरकारले प्रतिशोध साँध्ने हिसाबले बदूनियतपूर्ण ढंगले फँसाउन खोजेको आरोप लगाएको हो।

हाल सरकारको नेतृत्वमा रहेको माओवादी केन्द्र (तत्कालीन नेकपा माओवादी) कै कारण त्यतिवेला गौरमा दुःखद घटना भएको जसपाको दाबी छ। तत्कालीन माओवादीको भातृसंगठन मधेशी राष्ट्रिय मुक्ति मोर्चाका महासचिव प्रभु शाहसहितका नेताहरूको हठका कारण यस्तो घटना हुन पुगेको जसपाको आरोप छ।

‘०६३ चैत ७ गते तत्कालीन मधेशी जनाधिकार फोरमद्वारा शान्तिपूर्ण र अहिंसात्मक कार्यक्रमको शिलशिलामा रौतहटको जिल्ला प्रशासनसँग १२ दिन अगावै स्वीकृति लिई गौरस्थित राइस मिलमा आमसभा आयोजना गरिएको थियो,’ जसपाका प्रवक्ता मनिष सुमनले जारी गरेको विज्ञप्तिमा भनिएको छ, ‘तर, स्थानीय प्रशासनले रोक्दारोक्दै दुई दिनअघि सोही ठाउँमा कार्यक्रम गर्ने हठ लियो। माओवादीको मधेसी राष्ट्रिय मुक्ति मोर्चाका महासचिव प्रभु शाहसहितको हठका कारण माओवादीले फोरमको सभामाथि आक्रमण गर्ने गलत निर्णय गरेको सर्वविदितै छ।’

जसपा नेता राजकिशोर यादवले तत्कालीन माओवादीको गतिविधिबाट आजित भएका जनताले प्रतिकार गर्दा गौर हत्याकाण्ड भएको दावी गरे। ‘त्यसवेला फोरम र माओवादीबीच द्वन्द्व देखिए पनि वास्तवमा त्यहाँ जनताहरू थिए। तत्कालीन माओवादीको गतिविधिबाट आजित भएका जनताले प्रतिकार गर्दा त्यो घटना हुन गएको थियो,’ यादवले भने, ‘त्यसपछि तत्कालीन फोरमका नेताहरूलाई लक्षित गरेर जाहेरी दिन लगाइयो। अहिले त्यही जाहेरीलाई आधार बनाएर अनुसन्धान गर्दा पीडितले पनि न्याय पाउँदैनन् र घटनाको सत्यतथ्य सही ढंगले उजागर हुँदैन भन्ने हाम्रो निष्कर्ष हो।’ उनले सरकार र त्यस घटनाका पीडितबीच भएको पाँचबुँदे सहमतिलाई ‘राजनीतिक स्टन्ट’को संज्ञा दिए।

गौर हत्याकाण्डका पीडितहरू निरन्तर धर्नामा बसेपछि सरकारले गत मंगलबार पीडित पक्षकी रूपसागर देवी उपाध्यायसँग पाँचबुँदे सहमति गरेको थियो। गौर हत्याको विषयमा त्यस समयमा दर्ता भएका जाहेरीसमेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणका आधारमा दोषीलाई कानुनबमोजिम कारबाहीको प्रक्रिया अगाडि बढाउने प्रतिबद्धता सरकारले व्यक्त गरेको छ। यसैलाई जसपाले रहस्यमय भनेको हो।



फोरमले होइन जनताले प्रतिकार गर्दा घटना

● **राजकिशोर यादव**, नेता

त्यसवेला फोरम र माओवादीबीच द्वन्द्व देखिए पनि तत्कालीन माओवादीको गतिविधिबाट आजित भएका जनताले प्रतिकार गर्दा घटना भएको हो। त्यसपछि तत्कालीन फोरमका नेतालाई लक्षित गरेर जाहेरी दिन लगाइयो।

प्रतिवेदन सार्वजनिक गर्न माग

जसपाले यस घटनामा अहिलेसम्म भएका जाँचबुझ आयोगका प्रतिवेदन सार्वजनिक गर्न माग गरेको छ। ‘उक्त घटना सम्बन्धमा नेपाल सरकारद्वारा गठित सर्वोच्च अदालतका बहालवाला न्यायाधीश खिलराज रेग्मीको अध्यक्षतामा उच्चस्तरीय न्यायिक छानविन समितिको प्रतिवेदन, राष्ट्रिय मानवअधिकार आयोग नेपाल, तत्कालीन जिल्ला प्रशासन र प्रहरीले सरकार समक्ष बुझाएका प्रतिवेदन, पाटन पुनरावेदन अदालतका न्यायाधीश र सुरक्षा निकायका अधिकारीहरू रहेको जाँचबुझ आयोगलगायतले बुझाएको प्रतिवेदनलाई सरकारले यथाशीघ्र सार्वजनिक गरोस्,’ विज्ञप्तिमा भनिएको छ।

सम्झौताले मुलुकको शान्ति, स्थिरता र सद्भाव बिथोल्ने काम गरेको जसपाको ठहर छ। यो घटनाको सत्यतथ्य सार्वजनिक गरी पीडितलाई न्याय दिलाउने हो भने सर्वपक्षीत उच्चस्तरीय संसदीय छानविन समिति गठन गर्नुपर्ने जसपाले माग गरेको छ। ‘सर्वपक्षिय उच्चस्तरीय संसदीय छानविन समिति गठन गरी उक्त समितिमार्फत सत्यतथ्य पत्ता लगाई समस्याको समाधान गरियोस्। दोषी उम्काउने र घटना सम्बन्धमा संलग्न नै नरहेका निर्दोष व्यक्तिहरूलाई बदूनियतपूर्ण ढंगले जबरजस्ती फसाउने कार्य सरकारले बन्द गरोस्,’ जसपाले विज्ञप्तिमार्फत आफू सम्मिलित सरकारलाई चेतावनी दिएको छ। ७ चैत ०६३ मा गौरमा तत्कालीन फोरम र माओवादीबीच झडप हुँदा २७ जनाको ज्यान गएको थियो। घटनालगत्तै पीडितले जाहेरी दिएको भए पनि राजनीतिक दबाबका कारण अहिलेसम्म अनुसन्धान अघि बढ्न सकेको छैन।

■ मुठभेडतर्फ संसद्

दुवै सदनका बैठकमा सत्ता र प्रमुख प्रतिपक्षको अवरोध

नयाँ पत्रिका

करिब तीन सातायता प्रतिनिधिसभाको कुनै पनि बैठक कार्यसूचीमा प्रवेश गर्न पाएको छैन। राष्ट्रिय सभाको अवस्था पनि उस्तै छ। प्रमुख प्रतिपक्षी दल एमालेको अवरोधले संसद्का दुवै सदन अवरुद्ध हुँदै आएका छन्। लामो समयदेखि अवरुद्ध संसद् खुलाउन प्रभावकारी पहल नभइरहेका वेला शुक्रबार अर्को चिन्ताजनक दृश्य थपिएको छ। बैठक अवरोध गर्ने प्रमुख प्रतिपक्षी दलको विरोधमा सत्तापक्ष पनि नाराबाजीमा उत्रिएपछि संसद् मुठभेडतर्फ जाने संकेत देखिएको छ।

शुक्रबार बिहान ११ बजे राष्ट्रिय सभाको बैठक सुरु भएपछि अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले दलीय आधारमा सांसदहरूलाई समसामयिक विषयमा धारणा राख्न समय दिए। सबै दलका सांसदले त्यसमा भाग लिए। त्यसपछि अध्यक्ष तिमिल्सिनाले बैठक कार्यसूचीमा अघि बढाउन लाग्दा प्रमुख प्रतिपक्षी दल एमाले अवरोध गर्‍यो। लगत्तै सत्तारूढ दलका सांसदहरूले पनि उठेर विरोध गरे। करिब १५ मिनेटसम्म सत्तापक्ष र प्रमुख प्रतिपक्षका सांसदहरू उभिइरहेपछि अध्यक्ष तिमिल्सिनाले कार्यसूचीमा भएका सबै विषय हटाए र बैठक स्थगित गरे।

दुई घन्टापछि बसेको प्रतिनिधिसभामा पनि त्यस्तै दृश्य दोहोरियो। सभामुख देवराज घिमिरेले बैठक सुरु भएपछि प्रमुख प्रतिपक्षी दल एमालेकी सांसद ज्वालाकुमारी साहलाई बोल्न समय दिएपछि सत्तापक्षले होहल्ला गर्‍यो। आफूहरूले पनि बोल्न पाउनुपर्ने भन्दै उनीहरूले कहिले होहल्ला गरेर त कहिले ढ्यापढ्याप गरेर अवरोध गरिरहे। अवरोधका बीच सांसद साहले सुनकाण्डमा गृह र अर्थमन्त्रीमाथि प्रश्न उठाइरहेका कांग्रेस सांसद सुनील शर्मालाई म्याद सकिएको प्रमाणपत्रबारे अहिले बखेडा झिकेर समातिनु आपत्तिजनक भएको बताइन्। सुशासन र दिगो शान्तिको नाम दिएको सरकारले सदनलाई बन्धक बनाएर देशलाई ठूलो दुर्घटनामा लैजान लागेको उनले आरोप लगाइन्। उच्चस्तरीय समिति बनाएर गृह र अर्थमन्त्रीलाई छानबिनको दायरामा नल्याएसम्म सदन नचल्ने उनले जानकारी गराइन्।

उनी बोलिरहेका वेला सभामुखले उनको आवाज नसुनिएको भन्दै बस्न आग्रह गरेलगत्तै एमाले सांसदहरू बेल घेर्न पुगे। कुर्सीमै बसिरहेका सत्तापक्षका सांसद पनि उभिए अवरोधमा लागे। करिब १५ मिनेटपछि सभामुख घिमिरेले कार्यसूचीमा रहेका सबै विषय हटाए र बैठक स्थगित गरे। यसरी संसद्का दुवै सदन लगातार अवरुद्ध भइरहेका छन्। शुक्रबारको घटनाले सदन मुठभेडतर्फ जाने संकेत गरेको छ।

संसद्को गतिरोधबारे चासो राख्दै राष्ट्रपति रामचन्द्र पौडेलले छलफल गरेका थिए। प्रधानमन्त्रीसँग बिहीबार अपराह्न छलफल गरेका राष्ट्रपतिले शुक्रबार बिहान सभामुख र राष्ट्रिय सभाका अध्यक्षसँग परामर्श गरेका थिए। तर, शुक्रबारै संसद्मा यस्तो दृश्य देखियो।

सदन नचलेको दिन रास्वपाले सुविधा नलिने

सदनमा १० साउनयता निरन्तर अवरोध कायम रहँदा विपक्षी दल राष्ट्रिय स्वतन्त्र पार्टीले सदन नचलेको दिनको सुविधा नलिने घोषणा गरेको छ। संसदीय दलका नेता रवि लामिछानेले शुक्रबार सभामुख देवराज घिमिरेलाई दलको तर्फबाट पत्र बुझाउँदै राजनीतिक द्वन्द्वका कारण अवरुद्ध बैठकको कुनै पनि सेवा-सुविधा नलिने जानकारी गराएका हुन्। उनले हालसम्ममा पाएको भए पनि त्यसको फिर्ताको उपयुक्त व्यवस्था गरिदिन पनि अनुरोध गरे। रास्वपाले संसद् अधिवेशन नियमित गर्न आवश्यक पहल लिन र सबै जिम्मेवार राजनीतिक पार्टीहरूलाई यसतर्फ सजग गराउन पनि सभामुख घिमिरेसँग अपिल गरेको छ।

बर्दिबास नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बर्दिबास, महोत्तरी

बोलपत्र (E-bidding) स्वीकृत गर्ने सम्बन्धी आश्यको सूचना

(सूचना प्रकाशित मिति : २०८०।०४।२७)

यस कार्यालयबाट आन्तरिक आय संकलन ठेक्काको लागी मिति २०८०।०३।२४ गतेमा आर्थिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार देहाय बमोजिमको ठेक्काको लागी रितपूर्वक दर्ता हुन आएका विद्युतीय बोलपत्र (E-bidding) बढाबढको आधारमा तपसील बमोजिमको बोलपत्र अधिकतम मूल्याँकित भई सारभुत रुपमा प्रभावग्राही भएको हुदाँ सार्वजनिक खरिद ऐन २०६३ को दफा (२७) को उपदफा (२) को प्रयोजनार्थ सम्वन्धित सरोकारवालाहरुको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

तपसील

क्र. सं.	बोलपत्र (E-bidding) सूचना नं.	कामको विवरण	ठेक्का कबोल गर्ने फर्मको नाम, ठेगाना	कबोल अंक VAT बाहेक	कबोल अंक VAT सहित	कैफियत
१	14NCB/ BM/IR/ /079/080	जडीबुटी, कवाडी, जिवजन्तुको व्यवसायिक उपयोग कर संकलन	अम्बर निर्माण सेवा प्रा.लि. कमलामाई न.पा. ९, सिन्धुली (स्था.ले.खा. ६०२६७७७९२)	६०,५०,०००।-	६८,३६,५००।-	

प्रमुख प्रशासकीय अधिकृत

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, नेपाल

सेवा करारमा कर्मचारी भर्ना सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०८०/०४/२७)

बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालय अन्तर्गतका कार्यालयहरू (स्वास्थ्य निर्देशनालय, स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र, जनस्वास्थ्य प्रयोगशाला, आयुर्वेद औषधि उत्पादन केन्द्र, स्वास्थ्य कार्यालयहरू, प्रादेशिक अस्पतालहरू, जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरू) मा आ.व. २०८०/०८१ को स्वीकृत अस्थायी दरबन्दीमा रिक्त रहेका चिकित्सक, स्वास्थ्यकर्मी लगायतका अन्य जनशक्ति करार सेवामा २०८१ आषाढ मसान्त सम्मका लागि पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट आवेदन फाराम भरी संलग्न गर्नुपर्ने कागजात र राजस्व भौचर सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र दरखास्त आह्वान गरिन्छ।

क. न्युरोलोजिस्ट-२	क. कार्डियोलोजिस्ट-२	क. अब्स एण्ड गाईनोकोजिस्ट-१०	क. जनरल फिजिसियन-७	क. रेडियोलोजिस्ट-२
क. पेडियाट्रीसीयन-१०	क. चेस्ट फिजिसियन-१	क. एनेस्थेसियोलोजिस्ट-३	क. जनरल सर्जन-५	क. अर्थोपेडीक सर्जन-६
क. मेडिकल जनरलिष्ट-१	क.आयुर्वेद विज्ञ-२	मेडिकल अधिकृत-१८	डेन्टल सर्जन-१	आयुर्वेद चिकित्सक-२
नर्सिङ्ग अधिकृत-२	रेडियोग्राफी टेक्नोलोजिस्ट-२	मेडिकल ल्याब टेक्नोलोजिस्ट-१	फिजियोथेरापिष्ट-१	माइक्रोबायोलोजिस्ट-५
जनस्वास्थ्य अधिकृत-२	कार्यक्रम अधिकृत (नर्सिङ्ग)-१	बायोमेडिकल टेक्निसियन-६	मेडिकल रेकर्ड सुपरभाईजर-२	एनेस्थेटिक सहायक-५
स्टाफ नर्स-१६	रेडियोग्राफर-२	फार्मेसी सहायक-३	हेल्थ असिस्टेन्ट-३	अप्थाल्मिक असिस्टेन्ट-१
ल्याब टेक्निसियन-२	अकुपँक्चरिष्ट सहायक-३	स. कम्प्युटर अपरेटर-५	डेन्टल हाईजिनिष्ट-१	हेभी सवारी चालक-१
हलुका सवारी चालक-१	सुरक्षा गार्ड-२	कार्यालय सहयोगी-१	स्वीपर-२	**जम्मा : १४२ जना**

बिस्तृत जानकारीका लागि बागमती प्रदेश सरकार, स्वास्थ्य मन्त्रालयको वेबसाइट www.moh.bagamati.gov.np र **स्वास्थ्य निर्देशनालयको वेबसाइट** www.hd.bagamati.gov.np हेर्नुहुन र **फोन नं. :** ०५७-५२४५१०/५२४५१५ मा सम्पर्क गर्नुहुन अनुरोध छ।

निर्देशक

नेपालमा फैलँदै...

◀◀ पृष्ठ १ बाट क्रमशः

बताए। गत वर्ष पनि ब्युरोले यस्तो अपराधमा संलग्न दुई चिनियाँलाई पक्राउ गरेकामा उनीहरू हाल कारागारमा छन्। गत २३ जेठमा चिनियाँ गिरोहको अर्को अपराध बाहिर आयो। जाओ झिडपिडले नेपालमा कल तथा एसएमएस बाइपासको धन्दा चलाउँदै आएका थिए। सिआइबीले पक्राउ गरेपछि उनी अहिले जेलमा छन्। उनलाई सहयोग गर्ने चिनियाँ नागरिक लि जेन र यु लान पनि पक्राउ परे, तर धरौटीमा रिहा भए। चिनियाँलाई सघाउने अन्य ११ नेपालीलाई समेत सिआइबीले मुद्दा चलाएको थियो।

गत २१ जेठमा पनि अर्का एक चिनियाँलाई पक्राउ गरिएपछि उनको नेपालमा करोडौंको अवैध कारोबार खुल्यो। मलेसिया जान लागेका फेड चाङवेन विमानस्थलमा पक्राउ परेका थिए। उनीबाट नौ लाख नेपाली, ४० लाख ५० हजार कम्बोडियन रियललगायत विभिन्न देशका मुद्रा बरामद भएको थियो। थप अनुसन्धानको क्रममा सिटिजन बैंकमा रहेको उनको खातामा करोडौं रकमसमेत भेटिएपछि राजस्व अनुसन्धान विभागले त्यसमाथि थप अनुसन्धान गरिरहेको छ। विदेशी मुद्रा तथा हुन्डीको कारोबारमा उनीहरू संलग्न छन्।

नेपाल प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष ०७९/८० मा मात्र नेपालमा ४२ चिनियाँ पक्राउ परेका छन्। जब कि यो वर्ष विभिन्न अपराधमा पक्राउ पर्ने कुल विदेशी (भारतीयबाहेक)को संख्या एक सय ३१ थियो। चिनियाँ नागरिक सबैभन्दा धेरै ठगीमा नौजना पक्राउ परेका छन्। त्यस्तै, अवैध औषधिको कारोबारमा आठ, संगठित अपराधमा पाँच, अभद्र व्यवहारमा पाँच, कल बाइपासमा तीन, अवैध मुद्रा कारोबारमा दुईजना पक्राउ परेका छन्। जबर्जस्ती करणी, चोरी, वन अपराध, बैंकिङ कसुरमा पनि चिनियाँ नागरिकको संलग्नता देखिएको छ।

एटिएम ठगीदेखि मानव तस्करीसम्ममा पनि संलग्न

अवैध कल सेन्टर चलाएर ठगी गर्ने नौ चिनियाँसहित १९ जनालाई प्रहरीले गत १३ चैतमा काठमाडौंबाट पक्राउ गरेको थियो। अनलाइन व्यापारमा उच्च प्रतिफलको प्रलोभनमा उनीहरूले धेरै नेपालीलाई ठगी गरेका थिए। नेपालीको खाता प्रयोग गरी सो समूहले ठगी गरेको काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको छानबिनमा खुलेको थियो।

गत फागुनमा बालयौन दुर्व्यवहारको आरोपमा याङ ली मिङलाई सिआइबीले पक्राउ गर्‍यो। बिजेनस भिसामा नेपालमा बस्दै आएका उनले सामाजिक सञ्जालमार्फत बालबालिकासँग नजिकिएर दुर्व्यवहार गर्दै आएका थिए।

विद्युतीय चुरोटभित्र लुकाएरसमेत चिनियाँले सुन तस्करी गरेको घटनाको सिआइबीले यतिवेला अनुसन्धान गरिरहेको छ। विमानस्थलस्थित भन्सार कार्यालयबाट विद्युतीय चुरोटभित्र रहेको सुन चोरी भएपछि यसको रहस्य खुलेको थियो। सुन चोरी गर्नेलाई प्रहरीले पक्राउ गरे पनि तस्करहरू अझै समातिएका छैनन्। सुन ल्याउने चिनियाँ भोलिपल्टै फर्किएका थिए। उनको राजनीतिक नेतृत्वसँग पनि सम्पर्क देखिएको छ।

०७९ को वैशाखमा अध्यागमन विभागले २२ जना चिनियाँलाई पक्राउ गरेको थियो। अध्यागमनले उपत्यका अपराध अनुसन्धान कार्यालयमा बुझाएकोमा प्रहरीले दबाबको भरमा उनीहरूलाई कारबाही नगरी छाडिदिएको थियो। अवैध कल सेन्टरबाट आपराधिक सञ्जाल चलाएको सूचनाका आधारमा पक्राउ परेपछि कारबाहीविना नै तत्कालै छुट्नुले उनीहरूको पहुँच प्रस्ट हुन्छ।

७ पुस ०७६ मा प्रहरीले चिनियाँ आपराधिक अखडामा छापा हानी एक सय २२ जनालाई एकैपटक पक्राउ गरेको थियो। उनीहरूलाई नेपालमा कारबाही नगरी प्लेन चार्टर गरी चीन लगिएको थियो। चीन सरकारकै आग्रहमा सो अप्रेसन भएको थियो। उनीहरूले चिनियाँ नागरिकलाई नै ठगी गर्दै आएकाले त्यसमा चीनले चासो देखाएको थियो। सुन तस्करीलगायत अन्य संगठित अपराधमा भने चीनले चासो दिएको छैन। गत वर्ष जेठमा चार चिनियाँ नागरिक तीन करोड ८९ लाख रुपैयाँसहित नागढुंगामा पक्राउ परेका थिए। त्यो रकम सुन तस्करीबापतकै कारोबार भएको आशंका गरिएको छ।

०७८ को असारमा बाघको छालासहित ठमेलबाट चिनियाँ नागरिक समातिएका थिए। ठमेलमा होटेल चलाउने सो चिनियाँ समूहले अवैध जुवादेखि डलर तस्करीसम्मका काम गर्दै आएको खुलेको थियो। विगतमा एटिएम ह्याकिङमा पटक-पटक चिनियाँ पक्राउ परेका थिए। त्यस्तै, अवैध डलर लैजान खोज्ने क्रममा पनि पक्राउ पर्दै आएका छन्। नेपालमा महँगो दरमा डलर साटेर चीन लैजाने गरेको घटना विगतमा देखिएका छन्। वन्यजन्तुसम्बन्धी अपराधमा पनि विगतमा धेरै चिनियाँ नेपालमा पक्राउ परेको प्रहरी प्रवक्ता डिआइजी कडायत बताउँछन्।

मानव तस्करीमा पनि उनीहरू पटक-पटक पक्राउ परेका छन्। विवाहको आवरणमा नेपाली युवतीलाई चीन तस्करी गरेको घटनामा विगतमा चिनियाँ पक्राउ परेकामा पछिल्लो समय म्यानमार तथा लाओस तस्करीमा चिनियाँहरू सक्रिय देखिएका छन्। नेपाल बस्न मात्र उनीहरूले बिजनेस भिसा लिएको र व्यापारको आवरणमा आपराधिक सञ्जाल चलाउँदै आएको देखिन्छ। नेपालमा अवैध अस्पताल चलाएर पनि ठगी गरेको घटनामा विगतमा चिनियाँमाथि कारबाही भएको छ। ०७४ को फागुनमा सिआइबीले यस्ता १३ चिनियाँ चिकित्सकलाई पक्राउ गरी कारबाही गरेको थियो। सुन तस्करीमा पनि दर्जनौं चिनियाँ नेपालमा पक्राउ परेका छन्। विमानस्थलबाट मात्र होइन, सडकमार्ग हुँदै सुन तस्करी गर्ने क्रममा पनि चिनियाँ प्रक्राउ परेको प्रहरीको तथ्यांक छ। सुरुमा तातोपानी नाका र पछि रसुवा नाकाबाट चिनियाँले सुन ल्याउँदै आएका थिए। ०७४ मा बरामद भएको ८८ किलो सुनका नाइके पनि ठमेलमा होटेल चलाउने चिनियाँ नागरिक भएको खुलेको थियो। सुन बरामद भएलगत्तै उनीहरू भागेका थिए।

विदेशीमाथि नियमन र कारबाही गर्ने जिम्मेवारी अध्यागमन विभागको हो। तर, विभागले पर्यटक भिसामा मात्र होइन, बिजनेस भिसामा बस्दै आएका विदेशीलाई समेत निगरानी गर्न सकेको छैन। विभागको पछिल्लो तथ्यांकअनुसार बिजनेस भिसामा मात्र हाल तीन सय २९ जना चिनियाँ नेपालमा छन्। भिसाकै लागि सानो व्यापार गर्ने र त्यसको आवरणमा अन्य अपराधमा संलग्न हुने गरेका छन्। नेपालमै बस्न कतिपयले नेपाली महिलासँग बिहे गरेर म्यारिज भिसा लिएका छन्।

शर्मालाई...

◀◀ पृष्ठ १ बाट क्रमशः

सिआइबीले नक्कली प्रमाणपत्रधारी चिकित्सकविरुद्ध पुरानो फाइल खोलेर फेरि अनुसन्धान थालेको हो। हालसम्म आठजना पक्राउ परिसकेका छन्। यो प्रकरणमा शुक्रबार मात्र प्रहरीले भक्तपुरकी डा. पुनम थापा, श्रद्धा सिल्पकार र मनित चौधरीलाई पक्राउ गरेको छ। थापासहित रौतहटमा पक्राउ परेका रामबाबु यादव्लाई भने अदालतमा उपस्थित गराउन नभ्याइएको सिआइबीका एसपी नवराज अधिकारीले बताए।

सरकारले प्रतिशोध साँधेको कांग्रेस सांसदहरूको आरोप

कांग्रेस सांसदहरूले नक्कली प्रमाणपत्र प्रकरणमा पक्राउ परेमा सांसद सुनील शर्माको पक्राउलाई लिएर आपत्ति जनाएका छन्। शुक्रबार बानेश्वरमा बसेको संसदीय दलको बैठकमा सांसदहरूले राजनीतिक प्रतिशोध साँधेर शर्मालाई पक्राउ गरिएको भन्दै बचाउ गरेका हुन्। प्रमुख सचेतक रमेश लेखकले बैठकमा सांसदहरूले पक्राउलाई लिएर आपत्ति जनाएको जानकारी दिए। उनले यसबारे आइतबार बस्ने बैठकले आधिकारिक धारणा बनाउने जानकारी दिए। 'बैठकमा उहाँको पक्राउ अनुचित छ भन्दै साथीहरूले आफ्ना धारणा राख्नुभएको छ। यी धारणालाई बैठकले र नेताहरूले गम्भीरतापूर्वक लिनुभएको छ। पक्राउ आपत्तिजनक, अप्रत्याशित र गम्भीर छ भनेर साथीहरूले विषय उठाउनुभएको छ। यसलाई हामीले गम्भीरतापूर्वक लिएका छौं र विषयवस्तुलाई हामी गहिराइमा बुझ्छौं। थप छलफल हुन्छ। आइतबारको बैठकमा पनि यो विषय प्रस्तुत हुन्छ। बैठकपछि कांग्रेसको धारणा सार्वजनिक गर्नेछौं,' लेखकले भने।

ड्युटीमा रहेका...

◀◀ पृष्ठ १ बाट क्रमशः

पक्राउ पर्नेमा हवल्दार राजकुमार श्रेष्ठ, सहायक हवल्दार अमृतबहादुर कार्की, जवानहरू सनोज सोडमी, मुकेश विक, पवनकुमार महतो, नुसन राई, मनीष राई, दमनसिंह राई र सुमन गुरुङ पनि छन्। त्यस्तै, कारागारका चौकीदार रामकुमार कार्कीसहित कैदीहरू कुमार श्रेष्ठ, अनिष शर्मा, सुमन सारू, टीकाराम भनिने टीकाराज चौहान, सचिन राई, राम गुरुङ, नवीनकुमार राई र योगेन्द्रबहादुर गुरुङलाई प्रहरीले हिरासतमा राखेको छ।

घटनाबारे संखुवासभाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेको नेतृत्वको टोलीले अनुसन्धान गरिरहेको छ। जसमा जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक सरोज खनाल र जिल्ला प्रशासन कार्यालय मुद्दा फाँटका नायब सुब्बा तारणी घिमिरे सदस्य छन्।

घटनामाथि कोसी प्रदेश प्रहरीले पनि अनुसन्धान गरिरहेको छ। कारागारको सिसिक्यामेरा फुटेज बिहीबार नै कोसी प्रदेश प्रहरी एसपी ऋषिराम कँडेल नेतृत्वको टोलीले नियन्त्रणमा लिइसकेको छ। घटनाको अनुसन्धान गरिरहेको प्रदेश प्रहरीको टोलीमा प्रहरी निरीक्षक जितेश दाहाल, सइ रुद्रबहादुर खड्का र हवल्दार तीर्थ भट्टराई छन्।

पीडितले दिएको जाहेरी लिने सहमति

गृहले गठन गरेको कारागार विभागका नर्देशक कमलप्रसाद पाण्डेको नेतृत्वको पाँच सदस्यीय टोली संखुवासभा आइपुगेको हो। डिएसपी कौशल बुढाथोकी, अनुसन्धान अधिकृत कुमार बुढाथोकी, कानुन अधिकृत तुलबहादुर खड्का र जिल्ला प्रशासन कार्यालय संखुवासभाका अधिकृत भोगेन्द्र खड्काको टोलीले घटनास्थलको अनुगमन गरेको छ। त्यस्तै, राष्ट्रिय मानव अधिकार आयोग कोसी प्रदेशका प्रमुख उपसचिव पवनकुमार भट्टको नेतृत्वमा तीन सदस्यीय टोलीले पनि घटनाको अनुगमन गरेको छ।

प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीका अनुसार गृह र मानव अधिकार आयोगको टोली, जनप्रतिनिधि, प्रशासन, प्रहरी र पीडित पक्षबीच शुक्रबार छलफल भएको छ। छलफलले शनिबार शवको पोस्टमार्टम गर्ने, आफन्तले शव बुझ्ने र जाहेरी प्राप्त भएपछि मुद्दा चलाउने प्रक्रिया सुरु गर्ने सहमति भएको छ।

जहाज...

◀◀ पृष्ठ १ बाट क्रमशः

प्रायः बिहान मौसम खुल्दैन, दिउँसो घाम लागेपछि मात्र मौसम सफा हुन्छ। सडक सुविधा नभएका र सडक भए पनि यातायातको भरपर्दो सुविधा नभएका कर्णालीका हुम्ला, मुगु, डोल्पा, जुम्ला तथा सुदूरपश्चिमका बाजुराका बिरामीको एम्बुलेन्स भनेकै जहाज हो। तर, यहाँ हवाई सेवा पनि नियमित हुँदैन। त्यसमाथि प्राधिकरणले नयाँ नियम ल्याएपछि थप समस्या भएको छ।

प्राधिकरणले १५ साउनदेखि लागू हुने गरी अप्रेसन आवरबाहेकको समयमा वायुसेवा कम्पनीलाई हेलिकोप्टर उडान अनुमति नदिने निर्णय पनि गरेको छ। यो निर्णयको असर पनि दुर्गमका बिरामीलाई परेको छ। यस क्षेत्रका बिरामीको उद्धार गर्न हेलिकोप्टरसमेत प्रयोग हुने गरेकामा बिहान ६ बजेदेखि दिउँसो साढे १२ बजेसम्म उडानका लागि मात्र अनुमति दिन थालिएको छ। कर्णालीका १० जिल्लामा आठ विमानस्थल छन्।

नयाँ पत्रिका
शनिवारीय परिशिष्टाङ्क
झ्यालनयाँ
शनिबार २७ साउन ०८०
nayapatrikaofficial @naya_patrika

सदनमा महिला माननीय जहिल्यै सहायक भूमिका

महिला सांसदको गुनासो छ- जनताले न्यायको अपेक्षा गरेको संसद्भित्र महिलालाई हाकाहाकी विभेद गरिन्छ भने संसद् कसरी सफल हुन्छ ?



कमलराज भट्ट
bhattkamalraj@gmail.com

बहस

संघीय संसद्मा महिलाको उपस्थिति ३३ प्रतिशत छ। संविधानले नै सुनिश्चित गरेकाले दलहरूले समानुपातिक निर्वाचन प्रणालीबाट भए पनि बाध्यात्मक रूपमा एकतिहाइ महिलाको उपस्थिति गराएका छन्। तर, सभाको नेतृत्व, दलको नेतादेखि सचेतकसम्म संसदीय फाँटमा महिलालाई सहायक भूमिकामा सीमित गरिएको छ।

संविधानले समानुपातिक समावेशी प्रतिनिधित्वको वकालत गरेको छ। देशको समग्र जनसंख्यामा महिला बढी भएकाले राज्यका हरेक निकायमा कम्तीमा ५० प्रतिशत सहभागिता हुनुपर्ने हो, तर संसदीय भूमिकामा त्यो देखिँदैन। बाहिर देखाउन सहायक पदमा महिला तोकिन्छ। महिला भनेको उप अर्थात् सहायक भन्ने मनोविज्ञान नीति-निर्माण तहमा कायमै छ।

तथ्यमै हेर्दा पनि विश्वमै उत्कृष्ट समावेशी संविधान बनाएको दाबी गर्ने दलहरूले संसदीय फाँटमा महिलालाई प्रमुख भूमिकामा पत्याएका छैनन्। संवैधानिक बाध्यताको सन्तुलन मिलाउन महिलालाई सहायक पदमै केन्द्रित गरेका छन्।

अहिले संसद्को ठूलो दल नेपाली कांग्रेसले प्रतिनिधिसभामा रमेश लेखकलाई प्रमुख सचेतक बनाएको छ। संसदीय दलका नेता शेरबहादुर देउवाका विश्वासपात्र रहेका लेखकको पार्टीदेखि संसदीय फाँटसम्म सबै गतिविधिमा सक्रिय सहभागिता छ। भूमिका र पहुँचका हिसाबले उनी पहिलो प्राथमिकतामा छन्। किनकि उनको भूमिका नै प्रमुख सचेतकको छ। यसैगरी सचेतकको जिम्मेवारी सुशीला थिङलाई दिएको छ। भूमिका र पहुँचका हिसाबले उनको पद सहायक हो, व्यवहारमा पनि त्यही देखिन्छ। थिङ संसदीय फाँटकै कतिपय सूचना र गतिविधिमा पनि बेखबर रहने गर्छिन्। महत्त्वपूर्ण बैठकमा उनको सहभागिता नै हुँदैन। किनभने उनी प्रमुख सचेतकको सहयोगीजस्तै हुन्।

यो त एउटा उदाहरण मात्रै हो। अभ्यासमा हेर्ने हो भने संसद्भित्र महिलाको भूमिका अधिकांश पदमा सहायकमै सीमित छ। माथिल्लो सदनमा पनि यही अभ्यास छ। राष्ट्रिय सभामा नियमावलीले दलको नेता र प्रमुख सचेतक परिकल्पना गरेको छ। यहाँ दलको नेता मुख्य भूमिका हो भने प्रमुख सचेतक सहायक। कांग्रेसले माथिल्लो सदनको भूमिकामा अग्रभागमा रहने गरी दलको नेता रमेशजंग रायमाझीलाई तोकेको छ भने अनिता देवकोटालाई प्रमुख सचेतक बनाएर सहायक जिम्मेवारी दिएको छ। राष्ट्रिय सभामा सचेतक पद छैन। प्रतिनिधिसभामा पनि प्रमुख सत्तारुढ र प्रमुख प्रतिपक्षी दलबाहेकको सचेतकलाई सरकारी सुविधा पनि छैन।

अझ संसद्को दोस्रो तथा प्रमुख प्रतिपक्षी दल एमालेले त महिलालाई दुवै सदनमा सहायक जिम्मेवारीसमेत दिएको छैन। संसदीय दलका नेता केपी ओलीले उपनेतादेखि सचेतकसम्म पुरुषलाई जिम्मेवारी दिएका छन्। प्रतिनिधिसभामा उपनेता सुवासचन्द्र नेम्वाङ छन्। प्रमुख सचेतक पदम गिरी छन् भने सचेतकको जिम्मेवारी महेश बर्तौलाले पाएका छन्। राष्ट्रिय सभामा देवेन्द्र दाहाल दलको नेता छन् भने भैरवसुन्दर श्रेष्ठलाई प्रमुख सचेतकको जिम्मेवारी दिइएको छ।

समावेशिताका लागि जनयुद्ध लडेको र सबैभन्दा धेरै समानुपातिक सहभागिताको वकालत गर्ने संसद्को तेस्रो दल माओवादी केन्द्रले समेत व्यवहारमा महिलालाई सहायक भूमिकामा सीमित गरेको छ। संसदीय दलका नेता प्रचण्डले प्रतिनिधिसभामा हितराज पाण्डेलाई प्रमुख सचेतक बनाएका छन् भने सचेतकको जिम्मेवारी रूपा जोशी चौधरीलाई दिएका छन्। राष्ट्रिय सभामा त दुवै पुरुष छन्। दलको नेता नारायणकाजी श्रेष्ठ छन् भने प्रमुख सचेतकको भूमिका गोपी अछामीले पाएका छन्।

पुराना राजनीतिक शक्तिको विकल्पका रूपमा आफूलाई प्रस्तुत गर्ने राष्ट्रिय स्वतन्त्र पार्टीले पनि महिलालाई सहायक भूमिकामै सीमित गरेर पुरानै परम्परालाई निरन्तरता दिएको छ। संसदीय दलका नेता रवि लामिछानेले विराजभक्त श्रेष्ठलाई उपनेता, सन्तोष परियारलाई प्रमुख सचेतक बनाएका छन्, सहायक भूमिका हुने सचेतक पदको जिम्मेवारी निशा डाँगीलाई दिएका छन्। नौलो राजनीतिक अभ्यासको दाबी गर्ने रास्वपाले सरकारमा सहभागी हुँदासमेत महिलालाई सहायक पदमा पठाएको थियो। दुई पुरुषलाई फुल मन्त्री बनाएको रास्वपाले तोसिमा कार्कीलाई मन्त्रिपरिषद्को बैठकमा सहभागी हुन नसक्ने भूमिका भएको राज्यमन्त्री बनाएको थियो। यसबाट नौलो भनिए पनि महिलाको समान सहभागिताको सवालमा रास्वपा परम्परागत प्रवृत्तिमै चलिरहेको भन्ने देखाउँछ।

राष्ट्रिय प्रजातन्त्र पार्टीले प्रमुख सचेतकको जिम्मा ज्ञानबहादुर शाहीलाई दिएको छ, बिना लामाले सचेतकको जिम्मेवारी पाएकी छन्।

जसपाले प्रतिनिधिसभामा प्रदीप यादवलाई प्रमुख सचेतक बनाएको छ, अझै सचेतक तोकेको छैन। राष्ट्रिय सभामा मृगेन्द्रकुमार सिंह दलका नेता छन्। प्रतिनिधिसभामा एकीकृत समाजवादीको सचेतक मेटमणि चौधरी छन्, सचेतक तोकिएको छैन। राष्ट्रिय सभामा दलको नेता वेदुराम भुसाल छन् भने मदनकुमारी शाहले प्रमुख सचेतकको जिम्मेवारी पाएकी छन्।

नयाँ दलको रूपमा आएको जनमत पार्टीले भने महिलालाई प्रमुख सचेतक बनाएको छ। संसदीय दलका नेता सिके राउतले उपनेताको जिम्मेवारी अब्दुल खानलाई दिएर अनिता देवीलाई प्रमुख सचेतकको जिम्मेवारी दिएका छन्। विनीता सिंहलाई सचेतक तोकेका छन्। नयाँ दल नागरिक उन्मुक्तिले संसदीय दलको नेता नै महिलालाई बनाएको छ। पार्टी अध्यक्ष रन्जिता श्रेष्ठ संसदीय दलकी नेता हुन्। उनले गंगाराम चौधरीलाई प्रमुख सचेतक तोकेकी छिन्। लोसपाले प्रतिनिधिसभामा रामप्रकाश चौधरीलाई प्रमुख सचेतकको जिम्मेवारी दिएको छ भने राष्ट्रिय सभामा शेखरकुमार सिंहलाई दलको नेता बनाएको छ।

संसद् सचिवालयका अनुसार प्रमुख सचेतक पदको जिम्मेवारी दल र सभा तथा सचिवालय जोड्ने हो। प्रमुख सचेतकले दलका कुरा सदनसमक्ष ल्याउने, सभा र सचिवालयका कुरा दलमा लाने गरी सञ्चार सम्पर्कको भूमिका खेल्छन्। संसद् सञ्चालनमा सभामुखलाई सहयोग गर्ने, सभामुख र आफ्ना दलका सदस्यबीच पुलको काम गर्ने, सभामा नियमविरुद्ध काम भएमा नियमसंगत चलाउन मद्दत गर्ने र सचिवालयसँग आपसी पत्राचारसहित सूचना आदानप्रदान गर्ने काम पनि प्रमुख सचेतकले गर्छन्। दलको नेताको निर्देशनमा हिवप लगाउने काम पनि गर्छन्। प्रमुख सचेतकको अर्को महत्त्वपूर्ण जिम्मेवारी हो, समयको व्यवस्थापन। सदनमा दलीय सामर्थ्यका आधारमा पाउने समयमा कसलाई दिने, कति समय दिने तय पनि प्रमुख सचेतकले नै गर्छन्।

सचेतकको जिम्मेवारी मुख्यतः सहयोगी भूमिका नै हो। मुख्य सचेतकले लगाएको काम गर्ने, सहयोग गर्ने र मुख्य सचेतक नभएका वेला उसको जिम्मेवारी निर्वाह गर्ने काम सचेतकले गर्छन्।



पद प्रमुख, भूमिका सहायक



केही दलले महिलालाई प्रमुख पद दिए पनि भूमिका भने सहायक नै देखिन्छ। यसको ज्वलन्त उदाहरण हुन् रञ्जिता श्रेष्ठ। नागरिक उन्मुक्ति पार्टीबाट प्रतिनिधिसभामा संसदीय दलको नेता श्रेष्ठ भए पनि सम्पूर्ण निर्णयमा पार्टीका संरक्षक एवं श्रीमान् रेशम चौधरी हावी छन्। रञ्जिता अहिले भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्री छिन्। तर, मन्त्रालयमा रञ्जितामार्फत निर्णय र नेतृत्व रेशमकै छ। यसैगरी, जनमत पार्टीकी अनिता देवी प्रतिनिधिसभामा प्रमुख सचेतक छिन्। समन्वयकारी भूमिकाको हिसाबले मुख्य जिम्मेवारीमा भए पनि व्यवहारमा उनी सहायकजस्तै छिन्। उपनेता अब्दुल खान कार्यकारी भूमिकामा देखिन्छन्। यद्यपि, संसद्मा आवाज उठाउने सवालमा अनिताको भूमिका बलियो देखिन्छ। राष्ट्रिय सभामा कांग्रेसबाट अनिता देवकोटा र एकीकृत समाजवादीबाट गरिमा शाह प्रमुख सचेतक छिन्। तर, यो सहायक भूमिका हो। प्रमुख सचेतकले दलको नेतालाई सहयोग गर्छन्।

अघिल्लो कार्यकालमा पनि उस्तै

विगतमा अपवादको रूपमा महिलाले केही मुख्य भूमिका पाए पनि आमप्रवृत्ति भने सहायक नै जिम्मेवारी दिएको देखिन्छ। संसदीय इतिहासमा गणतन्त्र आएपछि नेपालले ओनसरी घर्तीलाई पहिलो महिला सभामुखका रूपमा पाएको थियो। संविधानले सभामुख र उपसभामुखमध्ये एक पदमा महिला अनिवार्य गरेपछि यसै व्यवस्थाअनुरूप ओनसरी सभाको मुख्य भूमिकामा पुगेकी थिइन्। तर, त्यसपछि लगातार पुरुष नै सभामुख भइरहेका छन्। महिला उपसभामुखमा खुम्चिएका छन्। राष्ट्रिय सभामा पनि अध्यक्ष पुरुष नै छन्। महिलालाई उपाध्यक्षको जिम्मेवारी छ। यसैगरी अघिल्लो कार्यकालमा केही महिलाले प्रमुख सचेतकको जिम्मेवारी पाए पनि पहिलो रोजाइमा भने थिएनन्।

कांग्रेसले चित्रलेखा यादवलाई प्रमुख सचेतक बनाएको थियो। प्रमुख सचेतक बालकृष्ण खाण मन्त्री बनेपछि यादवले मौका पाएकी थिइन्। तर, जिम्मेवारी प्रमुखको पाए पनि भूमिका भने सहायकजस्तो थियो, संसदीय गतिविधिका कतिपय सूचनामा उनको पहुँच नै थिएन। बरु त्यतिवेला सहायक पद सचेतक भए पनि मिन विश्वकर्माले मुख्य भूमिका निर्वाह गरेका थिए। अपवाद नै हुने गरी त्यतिवेला माओवादीले रेखा शर्मालाई प्रमुख सचेतक बनाएको थियो। यद्यपि शर्मा सचेतक नै थिइन्, प्रमुख सचेतक टेकबहादुर बस्नेत मन्त्री बनेपछि शर्माले मुख्य जिम्मेवारी पाएकी थिइन्। त्यतिवेला एमालेले प्रमुख सचेतक विशाल भट्टराई र सचेतकको जिम्मा शान्ता चौधरीलाई दिएको थियो। विगतको अभ्यासमा पनि महिला प्रमुख पदको रोजाइमा थिएनन् भन्ने देखिन्छ।

यो कार्यकालमा पनि केही यस्ता घटना छन्, जसले महिला भनेको सहायक नै हो भन्ने मानसिकता प्रस्तुत गर्छ।

१० पुसअघि कांग्रेस-माओवादी गठबन्धन कायम रहँदा सभामुखको एकल दाबेदार अर्जुननरसिंह केसी थिए, उनले तयारी थालिसकेका थिए। तर, जब गठबन्धन भत्कियो, केसी पछि हटे। एमाले-माओवादी गठबन्धनसँग हार्ने चुनाव लड्न उनी तयार भएनन्। कांग्रेसले ईश्वरी न्यौपानेलाई उम्मेदवार बनाएर भोट माग्दा महिलालाई सभाको नेतृत्व दिँदा प्रभावकारी हुने भावनात्मक तर्क गऱ्यो। यद्यपि न्यौपाने पराजित भइन्।

राष्ट्रपति र उपराष्ट्रपति चुनावमा पनि महिला दोस्रो रोजाइमै परे। राष्ट्रपतिमा दुवै उम्मेदवारी पुरुषकै पऱ्यो। उपराष्ट्रपतिमा महिला उम्मेदवारी परे पनि गठबन्धनले पुरुष नै निर्वाचित गऱ्यो। महिलाहरू यहाँ वैकल्पिक उम्मेदवारका रूपमा प्रयोग मात्रै भएका थिए। स्थानीय चुनावमा गठबन्धनका कारण उप पदमा समेत महिलाको उपस्थिति घटेजस्तै राष्ट्रपति-उपराष्ट्रपतिमा पनि त्यही भयो।

मानसिकता बदल्न जरुरी

एमाले पूर्वसचेतक शान्ता चौधरीले राजनीतिक रूपमा ठूलो परिवर्तन भए पनि महिला बराबरीको सवालमा प्रमुख पदमा विश्वास नगर्ने र नस्विकार्ने प्रवृत्ति कायमै रहेको बताउँछिन्। 'संसद्को सभामुख पनि बनायो, तर अपवाद भयो। सधैं पुरुषमा एउटा महिला हुनु महान् कुरा होइन। सबै राजनीतिक दलभित्र महिला उपमै राखिएका छन्। किन हामीलाई उपमै सीमित गरियो ? प्रमुख पद सम्हाल्न महिला सक्षम छन् तर किन दिँदैनन् ?' उनले प्रश्न गरिन्। दलको नेताबाहेक उपनेता, प्रमुख सचेतक पदमा समेत महिलालाई नस्विकार्नु राम्रो नभएको बताइन्। 'दलको नेता त नेतृत्व नै हुने भएकाले स्वीकार्य छ। तर, बाँकी पदमा महिलालाई दिँदा दलको शिर झन् उँचो हुन्थ्यो। उपनेता वा प्रमुख सचेतक बनायो भने महिलालाई मुख्य पद दिने भनेर दलकै प्लस पोइन्ट हुन्थ्यो,' उनले भनिन्। चौधरीले महिलाले पनि हामी सक्छौं, यो पदमा दाबी गर्छु भन्ने आत्मविश्वासका साथ आउनुपर्नेमा जोड दिइन्। 'महिलाले राज्यका अंगमा प्रमुख भएर कुशलतापूर्वक काम गरिसके। सुशासन र पारदर्शिता स्थापित गर्न सक्दैनन् भन्ने हीनताबोध पुरुषहरूले त्यागेर महिलालाई प्रमुख पदमा अवसर दिने गरी मानसिकता बदल्नुपर्छ,' उनले भनिन्।

पूर्वउपसभामुख पुष्पा भुसाल दलहरूमा महिला नेतृत्वलाई अविश्वास गर्ने संकीर्ण सोच रहेको बताउँछिन्। 'महिलाले राम्रो काम गर्छन् भन्ने प्रमाणित भइसकेको छ। तर, दलहरूले महिलालाई नेतृत्वदायी भूमिकामा अझै स्थान दिएका छैनन्,' उनी भन्छिन्।

प्रमुख र उपप्रमुखमा एउटा महिला भन्ने संवैधानिक र कानुनी प्रावधानको गलत अभ्यास भएको उनको अनुभव छ। 'प्रमुखमा पनि महिला अनिवार्य गरिदिएको भए यस्तो हुँदैनथ्यो। त्यही भएर प्रमुख र उपप्रमुखमा एउटा महिला भनिदिएको कारणले दलहरूले प्रमुख पदभन्दा पनि सहायक पदमा महिलाको नेतृत्वलाई सीमित गरे,' उनको निष्कर्ष छ। सदनमा पनि प्रमुख सचेतक र सचेतकमा महिला दिनैपर्छ भन्ने बाध्यात्मक नभएकाले प्रमुख प्रतिपक्षीले दुवै पदमा पुरुष ल्याएको र अन्य दलले महिलालाई सचेतक मात्रै दिएको उल्लेख गर्दै भुसालले भनिन्, 'यसले कानुनमा बाध्य नगरे अवसर नदिने देखियो। अवसर नदिनु भनेको भूमिकालाई अगाडि नबढाउने हो, नेतृत्व स्थापित नगर्ने हो। स्थानीय तहदेखि संघसम्म प्रमुख पदमा पुरुष र सहायकमा महिला हुने अवस्था बन्यो। संविधानको मनसाय त्यो होइन, तर पार्टीहरूले महिलालाई सहायक पदमै सीमित गरे। यो अभ्यास परिवर्तन गर्नुपर्छ।' यसका लागि संविधान कानुनमै प्रमुख पदमा महिला सुनिश्चितता गर्नुपर्ने उनको राय छ। 'रोटेसनबाट एकपटक महिला हो भने अर्कोपटक पुरुष भनेर बाध्यात्मक व्यवस्था गर्नुपर्छ। पार्टीहरू महिलाले नेतृत्व गर्न सक्छन् भन्ने सोचेर उदार हुन जरुरी छ। पार्टीलाई महिलामैत्री बनाउन अभ्यासले नै प्रमाणित गर्नुपर्छ,' उनले भनिन्।

अघिल्लो कार्यकालमा प्रमुख सचेतक रहेकी कांग्रेस नेतृ चित्रलेखा यादवले महिलाहरूको नेतृत्व स्वीकार्य नगर्ने व्यवहार यथावत् रहेको बताउँछिन्। 'आमजनताले न्यायको अपेक्षा गरेको संसद्भित्र महिलालाई हाकाहाकी विभेद गरिन्छ भने संसद् कसरी सफल हुन्छ,' उनले प्रश्न गरिन्, 'प्रमुख पदमा रोटेसन बेसमा महिला हुनुपर्छ। आन्दोलनमा अग्रणी भूमिका हुने, तर पदीय दायित्वको हिसाबमा महिलालाई नजरअन्दाज गरेर लत्याइन्छ। जतिसुकै राम्रो पर्फमेन्स भएपनि मूल्यांकन भएन भने के हुन्छ ? यो राज्य पद्धतिभन्दा छलछाममा चल्दो रहेछ। मैले यो महसुस गरेँ। महिला योग्य छन्, तर जिम्मेवारी र दायित्व दिने सवालमा नेतृत्वमा कन्जुस्याइँ देखिन्छ।'

३३ प्रतिशत सहभागिता भनेको एक ठाउँमा मात्र नभएको यादवको जिकिर छ। 'संसद्भित्र मात्रै ३३ प्रतिशत देखाइदिने भनेको हो त ? संसदीय समिति होला, प्रमुख सचेतक होला, उपनेताको पद होला। खोइ यो कुरा,' उनको प्रश्न छ। यादवले अगाडि भनिन्, 'जबसम्म बाध्यकारी व्यवस्था गर्दैनौं, तबसम्म महिला पनि प्रमुख हुने व्यवस्था लागू हुँदैन। खालि आफू कसरी कुम्ल्याउने, हत्याउने हुन्छ। नातावाद, कृपावाद रहिरहन्छ।' राजनीति पुरुषहरूको क्षेत्र हो भन्ने मानसिकता बदल्न महिलालाई फेयर चेयर दिनुपर्ने उनको भनाइ छ। 'लगानीअनुसार महिलाले पद पाउनुपऱ्यो, सहायक पद दिएर हुँदैन। सित्तैमा दिएजस्तो मानसिकता र व्यवहार हुनुहुँदैन,' उनको धारणा छ।

संविधानसभाका अध्यक्ष सुवासचन्द्र नेम्वाङ यसबारेमा निकै सकारात्मक धारणा राख्छन्। उनी भन्छन्, 'यस सन्दर्भमा हामीले धेरै काम गरेका छौं। अगाडि बढ्ने आधार तयार गरेका छौं। यही आधारमा उभिएर यसलाई निरन्तर अगाडि बढाउनुपर्छ। तब मात्रब हामी सोचेको गन्तव्यमा पुग्न सक्छौं।'

पूर्वसभामुख ओनसरी घर्ती पनि विगतभन्दा सहभागिताको सवालमा धेरै सुधार भएको धारणा राख्छिन्। 'पुरानो राज्य संयन्त्रको प्रभाव पूर्ण रूपले व्यावहारिक रूपमा निर्मूल पारिसकेको छैन। विगतमै महिला धेरैपछि परेकाले विभिन्न प्रोत्साहन गरेर माथि ल्यायौं। तर, त्यो स्तरमा आममहिला जनसमुदाय आउन अझै समय लाग्छ। यद्यपि, राज्यले त्यो स्तरमा ल्याउन विशेष अधिकार प्रयोग गरेको छ, तर पूर्ण रूपमा आउन र दक्ष जनशक्ति हुन समय लाग्छ,' उनले भनिन्।

समाजमा व्याप्त पितृसत्तावादी सोचले पनि महिला योग्य भए पनि जिम्मेवारी दिन हिचकिचाउने गरेको उनको अनुभव छ। 'संविधान र कानुन पूरै महिलाको फेभरमा छ। यो मानसिकता परिवर्तनकै कुरा हो। दलहरूले महिलालाई प्रोत्साहन गर्नुपर्छ। कानुनी व्यवस्था त छँदै छ। तर, संक्रमणकाल केही समय रहन्छ, संक्रमणकाल जब पार हुन्छ, त्यसपछि महिला आफैं आत्मनिर्भर हुन्छन्। विशेष अधिकार र व्यवस्थाको पनि खाँचो पर्दैन। प्रतिस्पर्धा गरेर नै उहाँहरू मुख्य स्थानमा आउन सक्नुहुन्छ,' घर्तीले भनिन्।

जसपा सांसद सुशीला श्रेष्ठ महिलालाई सदनमा भूमिकाविहीन बनाइएको बताउँछिन्। 'हामीलाई पुरुष सांसदको कुरा सुन्ने, ताली बजाउने मै सीमित गरियो। यसले समय मात्र खेर गइरहेको छ। महिलाको भूमिका सक्रिय बनाउन जरुरी छ,' उनी भन्छिन्। जसपाकै रन्जु झा पनि केही नबोल्ने र ताली बजाउने भूमिकामा महिलालाई सीमित गरिएको गुनासो गर्छिन्। प्रमुख सचेतक र सचेतकमा महिलालाई उपेक्षा गरिएको भन्दै झा संसदीय समितिको नेतृत्व चयनमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्ने धारणा राख्छिन्।

पूर्वसांसद यशोदा सुवेदी समानुपातिक समावेशी सिद्धान्तको पालना जनसंख्याको अनुपातमा सहभागिताबाट हुनुपर्ने बताउँछिन्। संसद्को अवसरमा महिलालाई किनारा लगाइएको भन्दै अर्को आन्दोलनको आवश्यक रहेको उनको भनाइ छ। जनमतकी अनिता देवीले संविधानले महिनाको हक खोसेको भन्दै संशोधन गरेर समानुपातिक समावेशीको भावनालाई पूर्ण रूपमा स्थापित गर्नुपर्ने बताउँछिन्।

प्रतिनिधिसभाकी उपसभामुख इन्दिरा राना महिलालाई अघि बढ्न नदिनकै लागि उप पदहरूमा सीमित पारिएको बताउँछिन्। उप पद दिएर महिलाको मुख बन्द गर्न खोजिएको उनको अनुभव छ। 'आज प्रतिनिधिसभामा हेर्नुस् त कतिजना महिलाले बोलिराखेका छन् ? ३३ प्रतिशत महिलाले बोल्न पाएका छन् ?' सदनमा बोल्ने समय निर्धारण गर्ने पुरुष नै भएका कारण महिलाले प्राथमिकता नपाएको गुनासोतर्फ संकेत गर्दै रानाले भनिन्। उप भनेकै चुपजस्तो परिस्थिति बनाइएको भन्दै यसलाई बदल्नुपर्ने बताइन्। महिलाको समान सहभागिताबाट आदर नभए त्यो लोकतन्त्र पूर्ण नहुने उनको भनाइ छ।

शाकाहारवादको आडमा शक्ति उन्मादको राजनीति

हिन्दू धर्ममा शाकाहारवाद निहित छ भन्ने दाबी गरेर भाजपा र सम्बद्ध राजनीतिक शक्ति आन्तरिक खाद्य विविधतालाई किनारा लगाई हिन्दू एकताका नाममा कुत्सित ब्राह्मणवादी वर्चस्व लाद्न चाहन्छ



एजेन्सी



अब्दुल मोइद

बहस

सामाजिक सञ्जालको भित्तो चहार्दा इन्फोसिस फाउन्डेसनका अध्यक्ष सुधा मूर्तिको भट्काउ भनाइले मेरो ध्यान खिच्यो । विदेश यात्राका क्रममा उपलब्ध गराइने शाकाहारी र मांसाहारी खाना एकअर्कासँग छोइनसक्ने र शाकाहारी खाना बिटुलिने भएकाले उनले खाना र भाँडा आफैँले बोक्ने गरेको बताएकी थिइन् । भद्र सुन्दा केही पनि होइनजस्तो लाग्ने यो अभिव्यक्तिले पक्षविपक्षमा चर्को बहस निम्त्याएको छ ।

सुधा मूर्तिको अभिव्यक्तिका कारण निम्तिएको विवादले हालको दुसाध्य राजनीतिक माहोललाई उजागर गर्ने मौका उपलब्ध गराउँछ । केही दशकयता भारतीय जनता पार्टी (भाजपा) र राष्ट्रिय स्वयंसेवक संघ (आरएसएस) नियोजित रूपमा शाकाहारवादलाई शक्तिशाली राजनीतिक प्रतीकका रूपमा विकास गर्न उद्यत छन् । खाद्य छनोटलाई भारतका विभिन्न क्षेत्रमा विशेषतः मुसलमान अल्पसंख्यक समुदायमाथि हिंसात्मक ढंगले लाद्ने प्रयास भइरहेको छ । कैयौँ मुसलमान आफ्नो खाद्य छनोटको अधिकारको अभ्यास गरेकै कारण भिडको भौतिक हिंसाको (लिन्चिङ) सिकार भइरहेका छन् भने कैयौँ मारिएका छन् । यो छनोट कुनै वेला पुस्तान्तर हुँदै आएको सांस्कृतिक छनोट थिए, तर अहिले यसलाई व्यक्तिको पहिचान र वफादारितासँग जोडेर हेरिँदै छ । शाकाहारीवादको यो रणनीतिक प्रक्षेपणले मासु नखाने विशेषतः गाईको मासु नखाने हिन्दूलाई नैतिक रूपमा शुद्ध, आध्यात्मिक र राष्ट्रप्रति वफादारका रूपमा प्रस्तुत गर्छ । त्यसैगरी, मासु खाने मुसलमानलाई अशुद्ध र हिंसात्मक बाहिरियाका रूपमा पेस गर्छ ।

सुधा मूर्ति विवादको केही दिनअगाडि एक भाइरल भिडियोमा एक यात्रु भारतीय रेलमा हलाल प्रमाणपत्र भएको चिया उपलब्धताको औचित्यमाथि प्रश्न गरिरहेका थिए । घटनाले हलालको अर्थका बारेमा बहस छेडेको थियो । र, यसले शाकाहारी नै किन नहोस् ती वस्तुमा मुसलमान सुनिने शब्द इंगित छ भने ती वस्तुको खरिद-बिक्रीले भय एवं सन्देह सिर्जना गर्छ भन्ने देखाउँछ । चाखलाग्दो कुरो के छ भने, रेलमा नियमित मांसाहारी भोजन उपलब्ध गराइन्छ र भारतका करिब ७५ प्रतिशत ब्राह्मण मासु खान्छन् । यसका बाबजुद हलाल लेखिएको वस्तुको प्रयोगले नैतिक पहरेदारी निम्त्याउँछ ।

पछिल्ला केही वर्षयता त हिन्दू पर्वमा ज्यान मार्ने धम्की दिएर मुसलमानको व्यापार जबर्जस्ती बन्द गर्न लगाउने घटना संख्यात्मक रूपमा बढेको छ । केही भाजपा शासित राज्यमा विद्यालयमा गैरशाकाहारी खाना अर्थात् गैरहिन्दू खाना भन्दै अन्डालाई दिवा खाजाबाट हटाइएको छ । यो शाकाहारवाद हिन्दू धर्मसँग अन्योन्याश्रित ढंगले जोडिएको छ भनेर देखाउने नाममा तथाकथित ब्राह्मणवादी उच्च-जातीय खाद्य मूल्य-मान्यता लाद्ने प्रयासकै एक कडी हो । वास्तवमा शताब्दियौँदेखि अन्डाले भारतको विविधतापूर्ण खाद्य प्रचलन र पोषण खानामा स्थान बनाएको छ । यी घटना र खाद्य व्यवहारको गलत प्रतिनिधित्वले महत्त्वपूर्ण प्रभाव पार्छ । यसले मुसलमानको सम्बन्धमा हिन्दू पहिचानमाझ द्वेषपूर्ण र साम्प्रदायिक भाष्यलाई जन्म दिन्छ । यी भाष्यले समुदायभित्रका अन्य आन्तरिक सम्बद्धता र भिन्नताको महत्त्वलाई पनि घटाउँछ । नतिजा यसले हिन्दू राष्ट्रवादमा आधारित राजनीतिक कदमलाई प्रोत्साहित गर्छ । यी काममा 'अन्य'को निर्माण हुन्छ जसले सामान्यतया अल्पसंख्यकलाई तारो बनाउँछ । अहिलेको परिस्थितिमा विशेषतः मुसलमान तारो बनेका छन् ।

थुप्रै अध्येता मासु नखानु र शाकाहारवादलाई हिंसात्मक रूपमा लाद्नुलाई भारतको हिन्दू राष्ट्रवादको आधुनिक वैचारिकीको केन्द्रीय पक्ष भनेर औँल्याउँछन् । मानवशास्त्री अर्जुन अप्पदुराईले १९८१ मा खानाको राजनीतिमा (ग्यास्ट्रो पोलिटिक्स) शोध गर्दा खानालाई पहिचानको शक्तिशाली द्योतक हो भन्ने देखाएका थिए । उनले 'पकवान र यसको सामाजिक-आर्थिक सन्दर्भलाई विस्तार गर्दा खानाको सामाजिक सन्देशको भार बढ्न जान्छ' भनेर लेखेका थिए । निश्चित खानालाई वर्जित गर्ने प्रचलनले व्यक्तिको आफ्नो जातिप्रतिको वफादारीको सामाजिक-सांस्कृतिक द्योतक एवं सामाजिक पदानुक्रमको हैसियत झल्काउँछ । नियमबद्ध खाद्य बानीमार्फत पहिचान, भिन्नता र समुदायलाई अभिव्यक्त गर्ने खानाको राजनीति समकालीन हिन्दू राष्ट्रवादको शाकाहारवादी रणनीतिक प्रक्षेपणमा देख्न सकिन्छ । तर, प्रक्षेपणमा जटिलता छन्, अर्थात सबै हिन्दू जातका मांसाहारी खाना खाइरहेकै हुन्छन् । यसका बाबजुद हिन्दूमाझ शाकाहारवादको रणनीति अत्यन्त प्रभावकारी बनिरहेको छ र बहुसंख्यकवादको राजनीतिक परियोजनाअन्तर्गत हिन्दू पहिचान बलियो बनिरहेको छ ।

शाकाहारवाद हिन्दू धर्ममा अन्तर्निहित छ भन्ने रणनीतिक प्रोत्साहनका पछाडि जात व्यवस्थाको हात रहेको छ । विगतमा शाकाहारवादलाई देवत्वकरण गर्ने शुद्धता र अपवित्रता सम्बन्धित मापदण्ड उच्च जातको हिन्दूमा देखिन्थ्यो । यो अभ्यासलाई मासु सेवन गर्ने तल्लो जातलाई अलगावमा राख्न प्रयोग गरिन्थ्यो । अम्बेडकरले आफ्नो पुस्तक 'द अनटचेबल्स' पुस्तकमा मासु विशेषतः गाईको मासु खानु अस्पृश्यताको द्योतक रहेको उल्लेख गरेका छन् । तर, मासु नखाने उच्च-जातीय ब्राह्मणवादी अभ्यासलाई सबै हिन्दू र ब्राह्मणले मानेका थिएनन् । यसबारेमा डिडी कोसाम्बीले 'कास्ट एन्ड क्लास इन इन्डिया (१९४४)' नामको लेखमा उल्लेख गरेका छन् । 'भारतीय जात व्यवस्थाबारे उल्लेख हुने प्रायः गुण कुनै न कुनै किसिमले बाझिने गर्छन् । उदाहरण ब्राह्मण मासु वा कसैको ज्यान लिएपछि बन्ने खाना खाँदैनन् । तर, वैदिक ब्राह्मण गाईको मासु खान्थे । त्यसैगरी, कस्मिरी ब्राह्मण मासु खान्छन् । बंगालका ब्राह्मणले माछा खाँदा जात घटुवा हुँदैन । गोवाका सारस्वत नियमित माछा खान्छन् र उत्सवमा सिकारसमेत सेवन गर्छन्' कोसाम्बी लेख्छन् ।

तल्लो जातका र दलित समुदायका मानिसले परम्परादेखि मासुलाई स्थानीय प्रचलनको हिस्साका रूपमा सेवन गर्दै आएका छन् ।

तल्लो एवं उच्च जातका मानिस र दलितले ऐतिहासिक रूपमा विभिन्न स्थानीय हिन्दू प्रचलनको एक हिस्साको रूपमा मासुको उपभोग गरेको संकेत गर्ने प्रशस्त प्रमाणका बाबजुद हिन्दू राष्ट्रवादले शाकाहारवादलाई परम्परागत वैदिक मान्यताको रूपमा गलत र बलात ढंगले प्रस्तुत गरेको छ । यो चित्रणले हिन्दू राष्ट्रवादी दृष्टिकोणसँग मेल नखाने र स्थानीय प्रचलन एवं क्षेत्रीय प्रभावमा आधारित पाककला अभ्यासलाई किनारा लगाइदिएको छ । तसर्थ हिन्दू धर्मको औपचारिक शाकाहारवादको स्थापना गर्ने प्रयासले हिन्दू धर्मभित्र विविध पाककला परम्पराको स्वीकृतिलाई कमजोर बनाउँछ । विद्यमान हिन्दू राष्ट्रवादले प्रद्धर्धन गरेको शाकाहारवादले क्षेत्र र जातमा आधारित आहारको भिन्नतालाई बेवास्ता गर्दै उच्च जातको शुद्धतालाई स्वाभाविक रूपमा हिन्दू मान्ने विश्वासलाई मात्र जोड दिन्छ ।

> शाकाहारवाद हिन्दू धर्ममा अन्तर्निहित छ भन्ने रणनीतिक प्रोत्साहनका पछाडि जात व्यवस्थाको हात छ । विगतमा शाकाहारवादलाई देवत्वकरण गर्ने शुद्धता र अपवित्रता सम्बन्धित मापदण्ड उच्च जातको हिन्दूमा देखिन्थ्यो । यो अभ्यासलाई मासु सेवन गर्ने तल्लो जातलाई अलगावमा राख्न प्रयोग गरिन्थ्यो ।

हिन्दू पहिचानको प्रतीकको रूपमा शाकाहारवादलाई नियतवश अगाडि बढाउने प्रक्रियामा सन् १९८० को दशकमा हिन्दुत्व राजनीतिको उदयपछि नयाँ आयाम थपिएको छ । यो आयाममा धार्मिक वा जात आधारित विश्वासभन्दा पनि रणनीति एवं राजनीति बढी छ । यसैअन्तर्गत शाकाहारवादलाई अनन्त वैदिक प्रचलनका रूपमा प्रस्तुत गरिन्छ जब कि यो सत्य होइन । यसका पछाडिको उद्देश्य मासु खाने मुसलमानलाई 'अन्य' बनाउनु रहेको छ । वास्तवमा यो हिन्दू शुद्धता र मुसलमान अशुद्धताको निर्मित अवधारणामा टेकेर हिन्दूमा एकरूपता ल्याएर मत बढाउने राजनीति हो । हिन्दूसँग शाकाहारवाद जोड्ने प्रयास संघ परिवारको विस्तृत रणनीति हो । रणनीतिअन्तर्गत विभिन्न जातमा विभाजित सम्पूर्ण हिन्दूलाई उच्च जातको मूल्य-मान्यतामा एकाकार गर्नु रहेको छ । संघको रणनीतिले कठोर जातलाई समेत खुकुलो बनाई मुसलमानलाई बाहिरिया ठहऱ्याउँछ ।

हिन्दू धर्मकै स्थानीय एवं क्षेत्रीय भिन्नतालाई अवमूल्यन गरेर एक मात्र हिन्दू पहिचान निर्माणले खतरनाक बहुसंख्यकवादी महत्त्वाकांक्षा झल्काउँछ । हिन्दू धर्ममा शाकाहारवाद निहित छ भन्ने दाबी गरेर भाजपा र सम्बद्ध राजनीतिक शक्ति आन्तरिक खाद्य विविधतालाई किनारा लगाई हिन्दू एकताका नाममा कुत्सित ब्राह्मणवादी वर्चस्व लाद्छन् । यी शक्ति मुसलमानको खाद्य व्यवहारलाई देखाएर संस्कृतिमाथि हमला भइरहेको छ भन्ने त्रासमा भोट बटुल्छन् ।

राष्ट्रवादी हिन्दू संगठनले हिन्दू पहिचानको स्पष्ट प्रतीकको रूपमा अघि सारेको शाकाहारवादले आधुनिक भारतमा बहिष्कार र शक्ति उन्मादी राजनीतिलाई सतहमा ल्याइदिएको छ । यो बनावटी आहार मापदण्डले इतिहासदेखिका विविध जात, वर्ग र क्षेत्रका हिन्दूबीचको खाद्य अभ्यासको वास्तविक विविधतालाई बेवास्ता गर्छ । हिन्दुत्वको एकरूपता एजेन्डाको सामना गर्न देशमा साँचो खाद्य विविधता पुनर्स्थापित गर्न आवश्यक छ ।

(मोइद अलिगढ विश्वविद्यालयमा पुस्तकालय एवं सूचना विज्ञानमा विद्यावारिधि गरिरहेका छन् । 'काउन्टर करेन्ट्स'मा प्रकाशित उनको यो लेख **दिनेश पन्त**ले अनुवाद गरेका हुन् ।)

अप्रत्याशित प्रेम

दिक्पालको घरमुनिको खोलामा दुईवटा वर्षा बगेर गयो ।
चमेलीको हृदयबाट लछे पनि बगेर गयो ।



दीपा मेवाहाङ राई
deeparai2426@gmail.com

कथा

'**लछे**, तँ त साह्रै डरछेरुवा छस्,' चमेलीले कटाक्ष मारिन् ।

'माया गर्छु पनि भन्छस् । डराउँछस् पनि । माया गर्नेले त जस्तोसुकै परिस्थितिको पनि सामना गर्ने आँट राख्नुपर्छ । मुखले मात्रै माया गर्छु भनेर हुन्छ ? मुटु पनि दह्रो हुनुपर्छ ।'

चमेलीको कटाक्षले लछेको हृदय विचलित भयो । उसलाई भन्न मन थियो, 'हिँड आजै । जे पर्लापर्ला ।'

तर, लछेले चमेली लिएर हिँड्ने बाटोमा अजंगको ढुंगा बनेर उभिएको थियो, दिक्पाल ।

०००

राईजेठा गाउँको गन्यमान्य मान्छे थिए । मानसम्मान उत्तिकै थियो । गाउँको आधाजसो जमिन त उनै राईजेठाकै नामको थियो । उता मधेसमा पनि टन्नै धान फल्ने खेत थियो । राईजेठाको दुई छोरा थिए, आलोक र दिक्पाल । आलोक मधेसतिर आफ्नो परिवारसँग बस्थ्यो । दिक्पाल गाउँमै आवारागिरी गरेर हिँड्थ्यो । छेउछाउमा तीन-चारजना केटा बडिगार्डभैँ सधैँ तैनाथ हुन्थे । रक्सी पिउनु, तास खेल्नु उसको लत थियो । तासमा हजारौँ रुपैयाँ उडाउँथ्यो । रक्सी खाएर झगडा गर्नु त उसको दैनिकी थियो । पहिले सबैसँग मिलेर भट्टीमा रक्सी खान सुरु गर्थ्यो । पछि बिस्तारै रक्सीको मात चढ्दै गएपछि वादविवाद गर्थ्यो । अन्त्यमा हात हालाहालसम्म गर्थ्यो । उसलाई झगडा गर्न ठूलो निहुँ नै चाहिँदैनथ्यो । मात्रै कसैले आफ्नो बुढेसकाल लागेको कुरा सम्झाइदियो भने पुग्यो ।

रिस उसको उमेर नाघेर माथि पुग्थ्यो । साथीमाथि जाइलाग्थ्यो र भन्थ्यो, 'सा..ला । बाघ जति बूढो भए पनि बाघ नै हो । स्याल भएको देख्या छ ?'

दिक्पाल ३९ वर्षमा टेकेको दिन बाउले भनेको थियो,'तेरो बाजे र मैले जोडिदिएको सम्पत्ति टन्नै छ । आउँदो दुई-तीन पुस्ता खेलीखेली खान पुग्छ । तर, सम्पत्ति मात्र भएर के गर्नु ? संरक्षण गर्नलाई वंश पनि हुनुपर्छ । खोइ तेरो वंशवृद्धि होलाजस्तो छैन त । तँ मुलाले कहिले बिहे गर्छस् हँ ?'

'ह्या बाउ, जन्म, मृत्यु र बिहे माथी बसेकाले लेखेर पठाएको हुन्छ । जुन दिन लेखेको छ, त्यही दिन होला ।' दिक्पालले जवाफ फर्काएको थियो । तर, दिक्पाल भावीले लेखेको दिनको प्रतीक्षामा भने फिटिक्कै थिएन । ऊ त मात्रै चमेलीको स्वीकृतिको प्रतीक्षामा थियो । दिक्पालको मन चमेलीले हरेको थियो । चमेलीबाहेक अरू कसैसँग बिहे नगर्ने मनमनै कसम खाएको थियो । ऊ चमेलीलाई जसरी भए पनि आफ्नो बनाउने सुरमा थियो । त्यो सुरको धागो तन्किएर उनान्चालिसमा पुगेको थियो । तर, चमेली खुम्चिने छाँट थिएन । चमेलीको मायाको डोरी त लछेतिर बेरिएको थियो । कर्केनजरले पनि हेर्दिनथिई, दिक्पाललाई । हेर्ने कुरै थिएन । उसको आँखामा त लछे सिगै बसेको थियो । थपक्कै ।

'हेर चमेली लछेले भन्दा बढ्ता माया गर्छु तँलाई । अलिअलि पढेलेखेको पनि छु । बाउको सम्पत्ति प्रशस्त छ । तँलाई रानी बनाएर पाल्छु । एकपटक हुन्छ मात्र भनिदे ।' टन्न रक्सीले मातेको दिन दिक्पाल बडो भावुक हुन्थ्यो । चमेलीको छेउमा जान्थ्यो र भन्थ्यो ।

'त्यो लछेमा के छ ? त्यस्तो मरन्च्याँसे छ । मैले हप्काएँ भने पेन्टमा पिसाब फेर्छ ।' दिक्पालको गुनासोलाई केटाहरू 'हो हो' भनिदिन्थे ।

> चमेलीबाट तिरस्कृत भएपछि दिक्पालले कुरुवा बन्न छोडिदियो । समयको पाउदानी दिक्पालले उल्टो घुमायो र फेरि भट्टीमा पस्यो । आवारागिरीमा लाग्यो । जुवातासमा सम्पत्ति सकाउन थाल्यो । राति अबेर मात्र घर फर्किन थाल्यो ।

'हाम्रो दाइमा केही कमी छैन । हट्टाकट्टा हुनुहुन्छ । धनमा धन । रूपमा रूप । पढाइ छ । सबै कुराले भरपुर छ । तर, जिगरचाहिँ अलिक कमजोर छ... ।' नुनको सोझो गरिदिन्थे ।

'माया गर्छु पनि भन्नुहुन्छ । चमेली भाउजूले नमाने तानेर ल्याउनुपर्छ हौ दाइ । मर्दले ।' केटाहरूले अन्त्यमा उचालिदिन्थे ।

'हो है साँच्ची... अब त्यसै नगरी नहोलाजस्तो छ ।'

चमेलीको स्वीकृति प्रतीक्षा गर्दागर्दा फुल्न थालेको कपाल ऐनामा हेर्दै दिक्पाल हौसिन्थ्यो । 'चमेलीले एक आँखाले हेरिन् । अब कि वार कि पार लाउनैपर्छ । साथ दिन्छौ त केटाहरू ?' दिक्पाल हौसिएर अगाडि लाग्थ्यो । केटाहरू दिक्पाललाई पछ्याउँथ्ये । अलिक पर पुगेपछि दिक्पाल रोकिन्थ्यो र भन्थ्यो, 'मायाप्रेममा जबर्जस्ती गर्नुहुन्न हौ केटाहरू । चमेलीले हाँसी-हाँसी हुन्छ भनेको दिन मात्रै घर ल्याउँछु ।'

यसरी दिक्पाल चमेलीको घर जाने बाटोबाट तीनपटक फर्किएको थियो ।

०००

असारको चटारो थियो । सबैलाई हतारो थियो । लछेलाई धनेको खेतमा बाउसे बोलाएको थियो । ऊ धनेको खेततिर जाँदै थियो । बाटैमा दिक्पालसँग भेट भयो । लछे तर्किएर हिँड्न खोज्यो । दिक्पालले रोक्दै भन्यो, 'सुन् लछे चमेली र मेरो बाटोमा तगारो नबन् । तगारो कसरी हटाउनुपर्छ मलाई राम्रै थाहा छ । अलिक विचार गरी हिँड्, नत्र तँ मात्रै होइन तेरो आमालाई पनि ठेगान लाइदिन्छु ।'

राष्ट्रवाद र राष्ट्रप्रेमको बहस

एउटा निश्चित भूगोलप्रतिको निष्ठा र बफादारिता नै राष्ट्रवाद हो भनिए पनि त्यसमा सिमाना बाधक हुनुहुँदैन भन्ने लेखकको विश्लेषण छ



गोविन्द मरासिनी
journalist.gm3@gmail.com

समीक्षा

नेपालको राजनीतिक वृत्तमा राष्ट्रवाद र राष्ट्रप्रेमको विषय दशकयता चर्चामा छ । राजनीतिक अस्थिरता, सामाजिक बेमेल, आर्थिक संकट, बेरोजगारी र विभिन्न समयमा आइपरेको राष्ट्रिय संकटका कारण यी विषयले स्थान पाएका हुन् । आखिर राष्ट्रवाद र राष्ट्रप्रेमबीचको अन्तर्सम्बन्ध साथै सामन्जस्यता के हो भन्ने विषयमा बहस हुनु स्वाभाविक पनि हो । यी दुई शब्द आफैँमा गहन र संवेदनशील पनि छन् । थोरै शब्दमा परिभाषित गर्न सकिँदैन । यी दुवै शब्दको गहनता साथै अर्थगत व्यापकतालाई सीमित सीमामा खुम्च्याउन पनि सकिँदैन ।

राष्ट्रवाद र राष्ट्रप्रेमको अर्थ बुझ्न पहिले राष्ट्र के हो भन्नेबारेबाट नै प्रस्ट हुनुपर्छ । राजनीतिशास्त्रले राष्ट्र कुनै खास सिमानाभित्रको जाति, भाषा, संस्कृति र साझा मनोविज्ञान हो भनेर पारिभाषित गरेको छ । यतिले मात्र राष्ट्रको परिभाषा अपूर्ण हुन्छ । विभिन्न दर्शनशास्त्रले भिन्न रूपले राष्ट्रको परिभाषा गरेका छन् । तर, हामी धेरैजसोले चाहिँ राष्ट्र भनेको देश भनेर बुझिरहेका छौँ । तर, राष्ट्रसँगै जोडिएका राष्ट्रियता, राष्ट्रवाद, राष्ट्रप्रेम, राष्ट्रभक्तिजस्ता शब्दको पनि भिन्नभिन्न परिभाषा गरिएको छ । वास्तवमा यी शब्दहरूको परिभाषालाई सामान्य रूपले पूर्णता दिन सकिँदैन । त्यसैले यी शब्दहरू आफैँमा गहन र बहुअर्थी छन् ।

नेपालमा राष्ट्रवादको बहस चलिरहेको मात्र होइन, राष्ट्रवादी बन्ने होडबाजी छ । किनकि हामीले राष्ट्रवाद भनेको जाति, भाषा, धर्म, संस्कृति र साझा मनोविज्ञानप्रतिको भक्तिभाव हो भनेर बुझेका छौँ । मातृभूमिको माया साथै आफ्नो भूगोल, सिमाना र माटोप्रतिको प्रेमका रूपमा बुझिरहेका छौँ । स्वतन्त्रता, सार्वभौमिकता र अखण्डताप्रति भक्तिभाव प्रकट गर्नुलाई पनि हामी राष्ट्रवाद र राष्ट्रप्रेम भनिरहेका छौँ । सामान्य र जनस्तरमा चर्चाको विषय यस्ता परिभाषाले राष्ट्रवादको गहिराइमा पुग्न नसकिने र राष्ट्रप्रेमको गहनता बुझ्न नसकिने भन्ने विषयलाई 'सायरेम्मा-राष्ट्रप्रेम कि राष्ट्रवाद ?' नामक पुस्तकले सार्वजनिक बहसमा ल्याएको छ । युवा लेखक तथा विश्लेषक लाओस राईले लेखेको पुस्तक राष्ट्रवादको परिभाषा खुम्च्याइएकोप्रति लक्षित छ । 'गति, शक्ति र युवा'पछि राईको दोस्रो पुस्तक आएको हो ।

राष्ट्रवादबारे विशुद्ध सैद्धान्तिक पाटोबाट मात्र नभई राजनीतिक, धार्मिक वा सांस्कृतिक विधाबाट समेत विश्लेषण हुने गरेको प्रसंगलाई पुस्तकले समेटेको छ । युरोपका विभिन्न देशमा



लछेलाई यही डर थियो । चमेलीका लागि आफ्नो ज्यान तलमाथि जे भए पनि चिन्ता थिएन । अभिभावकको नाउँमा भएको एउटी आमालाई पनि खती गर्ला भनेर ऊ चिन्तित भयो । त्यसदिन रोपाईंमा रोपाहार, बाउसे, हली सबैले हिलो छ्यापाछ्याप गरे । औधि रमाइलो गरे । तर, लछे भने रमाउन सकेन । दिक्पाललले आमालाई पनि जोडेपछि लछेको मुटुमा भय पस्यो । 'कतै आमालाई केही गरिदियो भने ? मेरो हाल के होला ?' लछेको शरीर हिलोले होइन, पसिनाले छ्याप्पै भयो ।

लछे आठ वर्षको थियो, बाउ मर्दा । आमाले जसोतसो हुर्काइन् । लछेका लागि बा, आमा, परिवार सबै आमा थिइन् । आमाका लागि छोरा थियो । आमाको ज्यान तलमाथि पार्न सक्ने धम्कीले लछे खुम्चिएको थियो । त्यसैले उसले चमेलीको कटाक्ष सहनुपरेको थियो । फेरि लछेलाई थाहा थियो, कटाक्षसँगै चमेली प्रेम पनि त गर्थी ।

समयको पाउदानी घुमिरहेकै थियो । नघुमेको त दिक्पालको, चमेलीको र लछेको थियो । तिनीहरू जहाँबाट एकअर्कालाई प्रेम र घृणा गर्न सुरु गरेका थिए त्यहीं अडिएका थिए । दिक्पाल चमेलीको हुन्छ भन्ने टाउको हल्लाउने समयको प्रतीक्षामा थियो । चमेली लछेले बिहे गरेर लैजाओस् भन्ने प्रतीक्षामा थिई । लछे दिक्पाललले धम्की दिन छोडोस् भन्ने प्रतीक्षामा थियो । यो त्रिकोणात्मक समय सम्बन्धको अतल गहिराइमा भासिँदै गएका थिए तिनीहरू । त्यहाँबाट निस्कने उपाय देखिरहेका थिएनन् ।

एक साँझ दिक्पाल सधैंझैं साथीहरूसँग रक्सी पिउँदै थियो । नशा बिस्तारै चढिरहेको थियो । दिक्पालको जिब्रो र गोडा दुवै लडखडाउन सुरु गरेको थियो । चमेलीको गफ चलेको थियो । दिक्पाल बडो भावुक देखियो । एकछिनमा सुकसुकाउन थाल्यो ।

'दाइ तिम्रा आँखाबाट बगेको यो भेल वर्षापछि सुकेको नदीजस्तै सुक्छ । जहिल्यै रक्सीले मातेपछि मात्र चमेली सम्झिन्छौ । लछेलाई गाली गर्छौं । ल सक्छौ भने आजै अहिल्यै चमेलीलाई तानेर ल्याऊ ।' जितेले दिक्पाललाई उक्सायो ।

जितेले त उक्साएको मात्रै थियो । दिक्पाललाई भने मुटुमा कसैले झिर रोपेजस्तै लाग्यो । ऊ निकै छटपटायो । जुरुक्क उठेर जितेलाई एक लात हान्यो । जिते पनि के कम । मातेको सुरमा दिक्पाललाई लात फर्कायो । दुवैको घम्साघम्सी चल्यो । छेउछाउका केटाहरूले दुवैलाई छुटाए । दुवै स्वाँस्वाँ गरिरहेका थिए ।

'मुला जितेले पनि हेप्यो आज । हिँड केटाहरू, आज चमेली नतानी भएन ।' दिक्पालको स्वाभिमान जाग्यो । दिक्पालसँगै जिते, धने, बले, गोपाल हिँड्यो, चमेलीको घरतिर ।

भोलिपल्ट बिहानै सबैले थाहा पाए- दिक्पालले चमेलीलाई तानेर स्वास्नी बनायो । गाउँमा चलन नै थियो । कुनै केटाले जबर्जस्ती तानेर केटीलाई आफ्नो घरमा हुल्यो भने उसैको स्वास्नी हुनुपर्ने ।

आँगनको धारामा मुख धुँदै थियो, लछेले थाहा पाउँदा । लछेलाई आमाले सुनाएकी थिइन् । मुख धुँदाधुँदैको लछेको मनमा ८ रेक्टरको भुइँचालो गयो । ऊ दुरुस्तै उभिएको थियो । तर, मनभित्र ऊ ढलिसकेको थियो । उसलाई लाग्यो, पीडाको कङ्क्रिटले बिस्तारै पुरिँदै छु । उसलाई सास बन्द होलाजस्तो लाग्यो । आमाको अगाडि भने ऊ ठिंग उभिरह्यो । मुख धोएर सिकुवामा उक्लियो ।

०००

चमेलीलाई तानेर ल्याएको रातदेखि दिक्पाल कुरुवा थियो । चमेली कतै भागेर पो जान्छ कि भन्ने आतंक मनमा थियो । दिन, हप्ता, महिना बित्यो ।

'नगर्नु गऱ्यो दिक्पाललले । माया नै गरेर हो । छोरो मान्छे

> एक साँझ दिक्पाल सधैंझैं
> साथीहरूसँग रक्सी पिउँदै थियो ।
> नशा बिस्तारै चढिरहेको थियो ।
> दिक्पालको जिब्रो र गोडा दुवै
> लडखडाउन सुरु गरेका थिए ।
> चमेलीको गफ चलेको थियो ।
> दिक्पाल बडो भावुक देखियो ।
> एकछिनमा सुक्सुकाउन थाल्यो ।

न हो । मर्दपन देखाउन भए पनि तिमीलाई तान्यो । आइमाईको इज्जत सियोको टुप्पामा हुन्छ । भाँचिएपछि जोड्न नमिल्ने । तिम्रो भाग्यमा मेरो छोरो दिक्पाल रहेछ । अब सहनु ।' दिक्पालकी आमाले चमेलीलाई सम्झाइन् ।

'के साँच्चै हामी आइमाईको इज्जत सियोको टुप्पोजत्ति मात्र हो ? नभाँचिन्जेल सिउने । भाँचिएपछि फालिने ?' चमेलीको मनमा सियो र इज्जतबारे प्रश्न उठिरह्यो । दिक्पालकी आमाले जति सम्झाए पनि उसलाई दिक्पाल कहिल्यै मन परेको थिएन । सामाजिक रूपमा लोग्ने भएपछि पनि मन परेन । दिक्पालका लागि चमेलीको हृदयमा कहीं कतै कुनै मायाको अनुभूति पलाएन । चमेलीले दिक्पाललाई आफ्नो ओछ्यानमा सँगै सुत्न दिइन् । चमेलीले सोचेकी थिई, सँगै ओछ्यानमा सुत्न नदिएपछि दिक्पालले कुट्नेछ । शरीरभरि चोट दिनेछ । चोट बोकेर माइत जानेछु र कहिल्यै दिक्पालको घरमा फर्किन्न । तर, दिक्पालले कहिल्यै चमेलीमाथि हात उठाएन । चमेलीले कुनै बहानामा माइतमा गुनासो गर्न पाइन । दिक्पाल र चमेली सामाजिक रूपमा लोग्नेस्वास्नी भइरहे ।

चमेलीबाट तिरस्कृत भएपछि दिक्पालले कुरुवा बन्न छोडिदियो । समयको पाउदानी दिक्पालले उल्टो घुमायो र फेरि भट्टीमा पस्यो । आवारागिरीमा लाग्यो । जुवातासमा सम्पत्ति सक्काउन थाल्यो । राति अबेर मात्र घर फर्किन थाल्यो ।

दिक्पालको घरमुनिको खोलामा दुईवटा वर्षा बगेर गयो । चमेलीको हृदयबाट लछे बगेर गयो ।

०००

एक दिन मधेसबाट खबर आयो, दिक्पालको भाउजू सिकिस्त बिरामी छ भन्ने । दिक्पाल र बाउ मधेस झरे । खेतीबारी सम्हाल्न । आमा पनि सँगै झरिन्, भाउजू सम्हाल्न ।

चमेलीको भरमा घरखेत छोडेर ।

दिक्पालको सन्तानै मधेस झरेको थाहा पाएर लछे पुग्यो, चमेलीलाई भेट्न ।

'किन आइस् ? जाँठा । मेरा लागि तँ मरिसकिस् । म दिक्पालकी स्वास्नी हुँ । अबदेखि यहाँ नआ ।' चमेलीले लछेलाई देख्नासाथ सारा भडास् निकालिन् । लछे दिनभरि चमेलीको सिकुवामा बसिरह्यो ।

साँझपख चमेलीले खोइ के सोची ? काँचको कचौराभरि लछेलाई जाँड दिइन् । बात मारिन् ।

गाउँमा हल्ला चल्यो, लछे चमेलीको घरमै पुग्छ भनेर । सबैले अनुमान लाए, अब लछेले चमेलीलाई भगाउँछ ।

महिना दिनपछि मधेसमा खबर पुग्यो । चमेली भागी । दिक्पाल मुर्मुरिँदै पहाड उक्लियो । केटाहरू बटुलेर लछेको घरमा गयो ।

'लछे, बाहिर निस्की । लाछी, म नभएको मौका पारेर मेरी स्वास्नी भगाइस् । आज कि तँ छैन । कि म छैन ।' दिक्पाललले लछेको घर जानुअघि दुई बोतल रक्सी घटघटी पारेको थियो । ऊ निकै सुरिएको थियो ।

हल्ला सुनेर लछे र लछेकी आमा बाहिर निस्किए ।

'तेरो डरले मैले चमेलीलाई आफ्नो बनाउन आँट गरिनँ । तँ नहुँदाचाहिँ म चमेलीलाई फकाउन गएकै हुँ । तर, चमेली त न तेरो न मेरो भइसकेकी रहेछ । मेरो लाछिपन र तेरो दादागिरीले चमेली कसैको हुन सकिन । स्वास्नीमान्छेको मन अचम्मको हुँदोरहेछ । चमेली मसँग होइन । त्यही मधेस र पहाडमा खबर ओहोरदोहोर गर्ने जितेसँग पोइला हिँडी । पोइला जानुअघि चमेलीले नै मलाई भनेकी थिई । यतिखेर त तिनीहरू काँकडभिट्ठा कटेर इन्डिया पसिसके होलान् ।' लछे सुँक्कसुँक्क गरी रोयो । दिक्पालले आफूसँग गएका केटाहरूलाई हेऱ्यो । त्यसमध्ये जिते त्यहाँ थिएन ।

सन्तान परदेशमा
वृद्ध किसान कृषिकर्ममा

७६ वर्षे कृषक बालकृष्ण अर्याल भन्छन्- सहर र परदेशमोहले गाउँको कृषिकर्म हेलामा पऱ्यो



ड्रागन फ्रुटसहितको फलफूल खेतीमा रमाएका बडिगाड गाउँपालिका-५ का बालकृष्ण अर्याल

बालकृष्ण अर्यालका जेठा छोरा रामप्रसाद अमेरिका छन् । कान्छा छोरा लक्ष्मण अर्याल अस्ट्रेलिया छन् । दुई भाइ छोरासँग ६-६ महिना बसे पनि हुन्छ बालकृष्णलाई । गाउँभरिका छिमेकी र आफन्त पनि युरोपतिरै छन् । उनी आफैं पनि सरकारी पेन्सन थाप्छन् । उमेरले ७६ पुगे । अब शरीरले पनि आराम खोज्ने वेला भइसकेको छ । तर, यी सबै विकल्प त्यागेर बुढेसकालमा पनि कृषिकर्ममा होमिएका छन्, बाग्लुङ बडीगाड गाउँपालिका-५ का बालकृष्ण ।

बुढ्यौलीले शरीर गलाउँदै लगे पनि बालकृष्ण अहोरात्र कृषिकर्ममा डटिरहेका छन् । यतिवेला उनको पौरख धेरैका लागि प्रेरणाको स्रोत बनेको छ । उनी सानैदेखि फलफूल खेतीमा रुचि राख्थे । जसका कारण उनले बुढेसकालमा पनि ७५ प्रकारका फलफूल र बिरुवा रोपेका छन् । 'मेरो कर्म अनुदानको लोभका लागि होइन । कृषिमा सम्भावना देखाउन बुढेसकालमा पनि केही गरिरहेको छु,' उनी भन्छन्, 'मेलै देखेको सपना त छोराहरूलाई पनि गाउँमै फर्काउनु हो ।' उनको घर बाग्लुङ भए पनि गुल्मीको मुसिकोट नगरपालिका-१ भ्रमचौरमा खेतीपाती गरिरहेका छन् ।

केही वर्षपहिले बालकृष्णले ड्रागन फ्रुट काठमाडौंको एक सपिङ मलमा देखेका मात्रै थिए । उनी ड्रागन फ्रुटको कुतूहल बोकेर गाउँ फर्किए । पछि क्यानडाबाट भाइ एकनारायण अर्यालले ड्रागन फ्रुट कोसेलीका रूपमा ल्याइदिए । भाइले ल्याइदिएको त्यही ड्रागन फ्रुटको बिउ उनले जोगाए । राम्रोसँग उम्रियो पनि । बालकृष्ण आफैं पनि छोरासँग अस्ट्रेलिया गए । उनले अस्ट्रेलियामा ड्रागन फ्रुटका फर्महरूको अवलोकन र अध्ययन गर्ने मौका पाए । त्यसपछि अस्ट्रेलियाबाट थप ड्रागन फ्रुटको बिउ र ऊर्जा बोकेर गाउँ फर्किए ।

बालकृष्णका अनुसार ५७ प्रकारको ड्रागन फ्रुट हुन्छ । नेपाल, भारत, अस्ट्रेलिया र अमेरिकाका ६ प्रकारका ड्रागन फ्रुटको व्यावसायिक खेती हुने गरेको छ । उनले ड्रागन फ्रुटको खेती सुरु गरेको साढे दुई वर्ष भयो । तीन सय पिलरमा १२ सय ड्रागन फ्रुट छन् । उनले सातदेखि नौ फिटको पिलरमा ड्रागन रोपेका छन् । बिरुवा र पिलरमा एकपटक लगानी गरेर फल दिन थालेपछि वर्षौंसम्म रोप्न पर्दैन । आवश्यकताअनुसार स्याहार-सुसार, गोडमेल र सिँचाइ गरे पुग्ने बालकृष्ण सुनाउँछन् । ड्रागन फ्रुटमा औषधीय गुण हुने भएकाले उत्पादन गर्न सकेमा बजारको समेत चिन्ता नहुने उनको विश्वास छ ।

ड्रागन फ्रुट प्रत्येक वर्ष जेठदेखि मंसिरसम्म टिप्न मिल्छ । बालकृष्णले हुर्काएको ड्रागन फ्रुटले बिस्तारै बजार खोज्न थालेको छ । उनीसँग बिरुवा मात्रै करिब सात हजार छन् । उनले यो वर्ष कम्तीमा पाँच लाखको कमाइ हुने आशा राखेका छन् । बालकृष्णले ड्रागन फ्रुटका लागि २० लाखभन्दा बढी खर्च गरिसकेका छन् ।



टोपलाल अर्याल
sathitoplal20@gmail.com

कृषि

> बालकृष्णको परिवारका अधिकांश सदस्य परदेशमा भए पनि उनलाई चाहिँ कहिल्यै परदेश वा सहर पस्ने रहर भएन । उनी बुढेसकालमा पनि आफ्नै काममा बाँचिरहेका छन्, रमाइरहेका छन् ।

अध्ययन केन्द्र बनाउने उद्देश्य

बालकृष्णले ३८ वर्ष अध्ययन अध्यापनको क्रममा धेरै कुरा सिके र सिकाए । अहिले पनि उनी फलफूलको क्षेत्रमा केही सिकिरहेकै छन् । भन्छन्, 'बाँकी जीवन पनि सिक्दै सिकाउँदै बिताउँछु ।' ड्रागन फ्रुटसँगै उनीसँग अहिले ७५ प्रकारका फलफूलका बिरुवा छन् । ३६ रोपनी जमिनमा आँप लगाएका छन् । क्यानडाबाट मगाएर लगाएका ५५ बोट एभोकाडो छन् । त्यस्तै अस्ट्रेलियाबाट ल्याएर प्यासन फ्रुट लगाएका छन् । प्यासन फ्रुटका बिरुवा एक हजारभन्दा बढी छन् । यो पनि राम्रो सम्भावना भएको फल हो । त्यस्तै ९० बोट कागती, दुई रोपनीमा अलैंची तथा भोगटे, भुइँकटहर, कफी, मरिच, हलुवाबेद, अंगुर, किवी, सीताफललगायत फलफूल बालकृष्णको बारीमा पाइन्छन् । एकै बोटमा पाँच जातको फल, 'ग्राफटिड' गरेर भोगटेमा सुन्तला, कागती, मौसम, जुनार, नुन्तला फलाएका छन् । बालकृष्णको कृषि काम अध्ययन अवलोकन गर्नेहरूका लागि गज्जबको थलो बनेको छ ।

बालकृष्णले अंग्रेजीमा बिए, बिएड र राजनीति शास्त्रमा एमए गरेका छन् । भानु माविका केही वर्ष कृषि विषय सञ्चालन भए पनि सरकारले कुनै सहयोग नगरेका कारण उद्देश्य पूरा नभएको अर्यालले बताए । 'मेरो अध्ययनको विषय फरक भए पनि कृषिमा निकै रुचि राख्थेँ । स्कुलमै केही गर्न खोजेँ तर भएन,' उनी सुनाउँछन्, 'अब घरमै फलफूलको अध्ययन केन्द्र बनाउँदै छु ।'


बालकृष्णले विद्यालय छाडेको १५ वर्ष भए पनि उनलाई अझै गाउँलेले हेडसर भनेर चिन्छन् । उनी बडीगाड गाउँपालिका-५ ग्वालीचौरस्थित भानु माविमा ३३ वर्ष प्राचार्य भए । त्यसभन्दा अघि २०२३ सालमा खार प्राविमा उनले डेढ सय रुपैयाँमा पढाउन थालेका थिए । केही वर्ष निजी तथा दुई वर्ष 'आइएलओ'मा काम गरेपछि ०३४ सालमा भानु माविमा प्राचार्य भए । उनी सम्झन्छन्, 'त्यसवेला महिनाको चार सय रुपैयाँ तलब आउँथ्यो ।' सोही विद्यालयमा ०६६ सालसम्म प्राचार्यको रूपमा उनले काम गरे । उमेरहदका कारण उनी ०६६ सालमा विद्यालयबाट बिदा भए ।

स्कुलबाट बिदा हुँदा उनको मासिक १६ हजार पारिश्रमिक थियो । उनको विद्यालयपछि राजनीति गर्ने चाहना थियो । पढे-लेखेको भएकाले स्थानीयवासीको माग पनि त्यही थियो । तर, राजनीतिमा उनी आउन चाहेनन् । उनी दलीय व्यवस्था संसारमै उत्कृष्ट भए पनि नेतृत्व गर्नेहरू सही नभएकाले अहिलेको अवस्था आएको बताउँछन् । जीवनको ऊर्जाशील ३८ वर्ष शिक्षा क्षेत्रमा लगानी गरेका बालकृष्णले नेपालको शिक्षानीति माटो सुहाउँदो नभएकाले उर्वर जमिनहरू बाँझो पल्टिरहेको बताउँछन् । उनको समयमा शिक्षकहरूको महत्त्व निकै थियो । समुदायमा आदर्श पात्रका रूपमा शिक्षक थिए । उनीहरूले विश्वास गुमाएका थिएनन् । तर, अहिले शिक्षकले पहिलेको जस्तो मान र इज्जत नपाएको उनी सुनाउँछन् ।

गाउँ शून्य हुँदै गएको छ । अधिकांश परिवारका सदस्य कोही न कोही परदेशमा छन् । छोराछोरीले युरोप रोज्दा बाबा-आमाले बाध्यताले सहर खोजिरहेका छन् । दैनिक परदेश पस्ने युवा देख्दा बालकृष्णको मन पोल्छ । देशमा अनुकूल परिस्थिति नभएको उनी बताउँछन् । उनी अहिलेसम्म सरकारको कुनै पनि अनुदान वा सहयोगको आशा नगरी फलफूल खेती गरिरहेका छन् । देशको अप्ठ्यारो नीति र भ्रष्ट नेतृत्वका कारण उद्योगधन्दा र कलकारखाना बन्द हुने अवस्था आएको उनको ठहर छ । व्यवसाय चौपट हुने अवस्थाका कारण युवाहरूले देशमा सम्भावना नै नदेखेको उनी बताउँछन् । 'कर्मचारीले कामको दाम माग्ने अनि नेताहरू आफैं लडेर सिद्धिने भए,' उनी गुनासो पोख्छन्, 'सहयोग र उत्साहभन्दा अप्ठ्यारो नीति र भ्रष्ट सोचका कारण युवाले काम गर्ने अवस्था सिर्जना भएन ।'

अहिले सडक नपुगेको गाउँ नै छैन । केही वर्षपहिलेसम्म अधिकांश गाउँमा गाडी पुग्दैनथे । प्लस टु पढ्न पनि सदरमुकाम पुग्नुपर्थ्यो । बिजुली नहुँदा गाउँ अन्धकार थियो । प्राथमिकबाहेकका उपचारका लागि पनि सदरमुकाम वा काठमाडौं पुग्नुपर्ने बाध्यता थियो । तर, अचेल गाउँ फेरिएको छ । बिजुली, सडक, अस्पताल, कलेज घरगाउँमै छ । तर, मान्छेको मन नफेरिएको बालकृष्ण सुनाउँछन् । सहर र परदेशमोहले गाउँको कृषिकर्म हेलामा परेको उनी सुनाउँछन् । बालकृष्णको परिवारका अधिकांश सदस्य परदेशमा भए पनि उनलाई चाहिँ कहिल्यै परदेश वा सहर पस्ने रहर भएन । उनी बुढेसकालमा पनि आफ्नै काममा बाँचिरहेका छन्, रमाइरहेका छन् ।

१७औं-१८औं शताब्दीदेखि भएका राष्ट्रवादी आन्दोलनको चर्चाका साथै पुस्तकभित्र नेपालमा राष्ट्रवादको जग कसरी बस्यो भन्ने पनि संक्षिप्त रूपमा उल्लेख छ । अझ रोचक विषय राई-किराँतीहरूको 'सायरेम्मा' (शिर उभ्याउने संस्कार)लाई लेखकले राष्ट्रवाद वा राष्ट्रप्रेमसँग अन्तर्सम्बन्धित गराउन खोजेका छन् । प्रतीकात्मक रूपमा 'सायरेम्मा'शब्द प्रयोग भएको छ । कसैको व्यक्तिगत अथवा सामाजिक कारणले शिर झुकेको छ भने उसको शिर उठाउन 'सायरेम्मा' संस्कार गर्ने प्रचलनलाई शताब्दिऔंदेखि



> राई-किराँतीहरूको 'सायरेम्मा' (शिर उभ्याउने संस्कार)लाई लेखकले राष्ट्रवाद वा राष्ट्रप्रेमसँग अन्तर्सम्बन्धित गराउन खोजेका छन् । प्रतीकात्मक रूपमा 'सायरेम्मा'शब्द प्रयोग भएको छ ।

गणतन्त्र र स्वशासनको शिर झुकेकोप्रति पुस्तक लक्षित छ । संघीय गणतन्त्रको स्थापनाले शिर उँचो भएको लेखकको बुझाइ छ ।

१९औं शताब्दीबाट राष्ट्रवादको बहस चर्किएको, प्रथम विश्वयुद्धपछि साम्राज्य विस्तारका क्रममा औपनिवेशिक शासनको चपेटामा परेका मुलुकका नागरिकले राष्ट्रवादको बहस उठाएको प्रसंग पुस्तकमा जोडतोडले उठाइएको छ । एउटा निश्चित भूगोलप्रतिको निष्ठा र बफादारिता नै राष्ट्रवाद हो भनिए पनि त्यसमा सिमाना बाधक हुनुहुँदैन भन्ने लेखकको विश्लेषण छ । नागरिकको अस्तित्व र पहिचान राष्ट्रवादको मूल तत्त्व हुने साथै जाति र नश्लको इतिहास, समुदायको प्राकृतिक पहिचान, भाषा, भावना आदि राष्ट्रवादका मूलभूत तत्त्व भएकाले पुस्तकले राष्ट्रवाद र राष्ट्रप्रेमको परिभाषालाई फराकिलो बनाउने प्रयास गरेको छ ।

प्रथम खण्ड र दोस्रो खण्डमा विभाजित पुस्तकको प्रथम खण्डमा पृष्ठभूमि, राष्ट्रवादको ऐतिहासिक विकासक्रम, वंश, गोत्र र जातिसँग राष्ट्रवादको सम्बन्ध, फ्रान्सेली, अंग्रेजी, अमेरिकी राष्ट्रवाद, एसिया र अफ्रिकामा राष्ट्रवादी आन्दोलनको लहर, आधुनिक स्वरूप, नेपालमा राष्ट्रवादको जग, शाह वंशीय राष्ट्रवाद, प्रजातान्त्रिक आन्दोलनपछि विकसित राष्ट्रवाद, विश्वयुद्धपछि विकसित राष्ट्रवाद, स्कटल्यान्ड र आयरल्यान्डको राष्ट्रवादी आन्दोलन साथै म्यासिडोनियामा जागेको राष्ट्रवादी आन्दोलन, राष्ट्रवाद र राजनीतिक दलहरूसँगको सम्बन्ध साथै राष्ट्र, राष्ट्रियता र नेपालका राजनीतिक दलहरूको अवस्था अनि राष्ट्रवादको सान्दर्भिकताका बारेमा पुस्तकमा चर्चा गरिएको छ । राष्ट्रप्रेमका बारेमा पुस्तकमा सानो अंश समेटिएको छ । राष्ट्रप्रेमको ऐतिहासिक विकासक्रम, विश्वयुद्धसँगै विकसित राष्ट्रप्रेम साथै आधुनिक विश्वमा राष्ट्रप्रेमका बारेमा पुस्तकले समयसापेक्षित व्याख्या गरेको छ । किराँत संस्कार मानिएको 'सायरेम्मा'सँग राष्ट्रवादको सम्बन्ध साथै नेपालको सन्दर्भमा राष्ट्रवाद र 'सायरेम्मा'को अन्तर्सम्बन्धका बारेमा समीक्षा गरिएको छ ।

पुस्तक इतिहासमा उठेका सवाल, वाद, सिद्धान्त र आदर्शलाई बिर्सन नहुने सन्दर्भमा अडिग छ । पृथ्वीनारायण शाहले स्थापना गरेका मान्यता र विचार साथै राजा महेन्द्रले उठाएको 'महेन्द्रीय राष्ट्रवाद', राणाकालीन अवस्थामा उठेको राष्ट्रप्रतिको धारणा, २००७ सालपछि विकसित राष्ट्रवादी धारणा र त्यसले जागृत गराएको राष्ट्रियताका जागरण राष्ट्रवादसँग सम्बन्धित रहेको प्रसंग पुस्तकले उठाएको छ । यद्यपि, पुस्तकले उठाउन खोजेको वा बहसमा ल्याउन खोजेको विषय सतही मात्र रहेको भान पनि हुन्छ । किनकि राष्ट्रवाद र राष्ट्रप्रेमजस्तो संवेदनशील विषयमा गहिरो खोज तथा अनुसन्धान गर्नबाट लेखक चुकेका छन् । साथै, विषयवस्तु सिलसिलेबार नहुनु, भाषाशैली पनि तारिफ गरिहाल्नुपर्ने किसिमको छैन । पत्रकार युवराज गौतमको सम्पादनमा तयार भएको पुस्तक २३६ पेजमा समेटिएको छ । पुस्तकको दोस्रो खण्डमा लेखक राईले नै विभिन्न समयमा विभिन्न सञ्चारमाध्यममा लेख्नुभएको ३४ वटा लेखहरू छन् । ती लेखहरू कहीं न कहीं राष्ट्रवाद र राष्ट्रप्रेमसँग सम्बन्धित छन् । पुस्तकको मूल्य ६२५ राखिएको छ ।

राष्ट्रवादको बहस नेपाली नयाँ पुस्तामाझ आवश्यक्ता मात्र नभई अपरिहार्यता हो । लोकतान्त्रिक गणतान्त्रिक व्यवस्था अँगालेको नेपालमा यस्तो किसिमको बहस वा अभियानले राजनीतिमार्फत समुन्नत मुलुक निर्माणमा सघाउ अवश्य पुऱ्याउनेछ । र राजनीतक सिद्धान्त, विचार, दृष्टिकोण निर्माणमा पुस्तक सारथि बन्नेछ । राष्ट्रवाद वा राष्ट्रप्रेमको परम्परागत व्याख्यालाई पुनः परिभाषित गरेर पुस्तकले नयाँ परिभाषा स्थापित गर्ने प्रयास गरेको छ । पुस्तकले धेरै हदसम्म अहिले देखिएको राष्ट्रवाद र राष्ट्रप्रेमको पक्ष र विपक्षमा देखिएका तर्क र विचारधारालाई समेट्ने कोसिस गरेको छ । लेखकले राष्ट्रवादसँग सम्बन्धित विभिन्न अवधारणा, मूल्य र मान्यतालाई सटिक रूपमा पुस्तकमा समेट्ने कोसिस गरेका छन् ।

कर्णाली किनारमा
बालुवाको दरबार

नदीकिनारमा भिजेको बालुवा मुठीमा लिएर चुहाउँदै बालुवाको दरबार बनाउने चलन खुब थियो



तुला अधिकारी
adhikaritula@gmail.com

ती दिन

कर्णाली नदीको दुई भँगालोले घेरेको छ, बर्दियाको राजापुर क्षेत्रलाई । थारू समुदायबीच 'भौंरा टप्पु'को नामले परिचित तत्कालीन एघार गाविसको राजापुर इलाकालाई 'श्रीलंकाको टापु'का रूपमा पनि चिनिन्छ । उत्तर चिसापानीमा कर्णालीको दोभान छ भने दक्षिणतर्फ भारतको जंगली फाँट छ । उपचार, किनमेल वा अरू कुनै पनि कामका लागि चारैतिर नदी र जंगलले घेरेको भौंरा काट्नु दुई दशकअघिसम्म कम्ती सकसको विषय थिएन । तीन-चार घन्टा मज्जाले हिँडेर कोठियाघाट वा सत्तीघाट पुगेपछि लामो लौकाजस्तो डुंगाको भर पर्नुपर्ने बाध्यता थियो । पारिको डुंगा वारि आउने समय कुर्दै आधा दिन जान्थ्यो । रुख, मुडा बगाउँदै सुसाउँदै भारत पस्ने कर्णालीको वर्षे भेलमा झोलाझिम्टासहित खचाखच गरी डुंगा चढेर नदी तर्नु ज्यान हत्केलामा राखेर हिँडेजस्तै थियो । जतिखेर जे पनि हुन सक्छ भनेर मन बुझाएर रामराम भन्दै मुटुको चाल रोकेर डुंगा सयर गर्नुपर्ने नियति थियो ।

राजापुर टापुले तीन-चार दशकअघिसम्म भोगेको त्यो 'पानी र जंगल'को डरलाग्दो र साहसिलो जीवन भोगाइ अचेल एकादेशको कथाजस्तो लाग्छ । चौंडा डुंगा अनि हिउँदमा अस्थायी टिनको पुल हुँदै कोठियाघाटमा नेपालकै लामो डबललेनको पक्की पुल बनिसकेको छ भने सत्तीघाटमा पनि यस्तै पुल बनिसकेको छ । राजापुर क्षेत्रको चित्र पूरै फेरिइसकेको छ । खेतका डिल समाएर चिप्लिँदै उसबेला हिँडिने गाउँ-गाउँका गोरेटो बाटो अहिले गाडी गुड्न सक्ने बनेका छन् । साइकल तार्न नसकिने खोलानालामा सरर गाडी हुइँकिन मिल्ने गरी पक्की पुल बनेका छन् ।

अनि बाफरे ! त्यो भयानक बाढी ल्याएर हरेक वर्ष तटका कैयौँ घरबार उजाडिदिने गेरुवा नदी भने सुकेर आफैँ उजाड बगर बनेको छ । हात्ती, बाघ र गैंडाको प्रिय घर बर्दिया निकुञ्जको घनाजंगल रहेको गेरुवा खण्ड पनि नांगो थुम्कोमा ओइलाएको छ ।

कालो बादलमा चाँदीको घेरा देखिएझैँ वर्षामा गेरुवा नदीमा आएको भेलमा पौडँदा भने विकटताभन्दा पनि पानी निकटता प्रिय हुन्थ्यो । समय पनि गर्मीको । अनि स्कुल पनि वर्षामा असार र साउन पूरै दुई महिना बिदा हुने । वर्षाभरि चार-पाँच गाउँका दर्जनौँ केटाकेटीको जुलुस लाएर गेरुवा नदीमा हाम फालेर पौडिँदै बर्दिया निकुञ्ज छिर्ने दैनिकी हुन्थ्यो । सारा 'टिनएज'का केटाकेटी र युवा-युवती गेरुवामा हामफाल्दा साना नानीबाबुहरू चाहिँ घरआँगनकै पानीकुलामैं रमाउँथे ।

पानीको भेलले बगाएर दक्षिणको अर्को गाउँछेउ पुऱ्याउने डरले झन्डै दुई किलोमिटर माथिबाट मात्रै नदीमा पस्नुपर्थ्यो । फर्किंदा फेरि नदीको तीरैतीर उसैगरी उत्तर लागेर नदीमा पस्दा बल्ल आफ्नो गाउँको डिलमा पुग्न सकिन्थ्यो । जाँदा खाली भए पनि फर्किंदा भने सुकेका खयर, सिसौका मुडोको आड लिएर सबैका साथमा झोलाभरि जंगली निगुरोको सागको भारी पनि हुन्थ्यो ।

पानीको करेन्ट भएको भेलमा हातखुट्टा छाडेर जिउ छाडेर तैरँदा कस्तरी पानीको हल्कोले बगाउँथ्यो भने आहा...! पानीले उचाल्दै, पछार्दै सललल बगाएर लान्थ्यो जिउ सीधा पारेर मुडोजस्तो बन्दा ।

वर्षामा पहाडको रातो माटो बगाउँदै आउने कर्णाली नदीको भेलको पानी रातो र बाक्लो हुन्थ्यो । त्यही रातो पानी सफा गरेको भन्दै बीचमा गएर हातले दायाँबायाँ छल्काएर घुटुघुटु पिउँदा पनि कोही बिरामी हुँदैनथे । जे भेट्यो, त्यही सोहोरेर आएको वर्षे भेलको पानीमा कीटाणु हुन्थेनन् होला र ?

नदीको चिसो पानीमा पौडी खेल्नु, किनाराको तातो बालुवामा जिउ सेकाउनु, सेनाले प्रवेश निषेध गरेको निकुञ्ज छिरेर निगुरोको साग टिप्नु केटाकेटीको दैनिकी थियो । हिउँ पग्लेर आउने कर्णालीको पानी वर्षाको प्रचण्ड गर्मीमा पनि चिसै हुन्थ्यो । पौडी खेलेर जिउ चिसो भएपछि आराम गर्न छेउको तातो बालुवामा लम्पसार पर्दा आनन्दको तातोले पोल्थ्यो । नदीकिनारमा भिजेको बालुवा मुठीमा लिएर चुहाउँदै बालुवाको दरबार बनाउने चलन खुब थियो । कसले राम्रो र भव्य बनाउने भन्ने प्रतिस्पर्धा नै चल्थ्यो ।

कालो अँधेरोजस्तो घना बर्दिया निकुञ्जमा निगुरो टिप्न छिर्दा डरले थुरथुर हुँदै साथीभाइको पाइला याद गर्दै हिँड्नुपर्थ्यो । नत्र केही गरी साथी छुटे बाटो पनि छुट्ने अनि बाघको डर उस्तै । हात्तीले हिउँदमा गाउँ छिरेर केरा, कुभिन्डो र धानका कुनिउँ उधिन्दै ताण्डव गरेको झन् त्यही वेला याद आउँथ्यो । मुटु ढक्क हुन्थ्यो । छिसिक्क बाँदरले हाँगो फेर्दा पनि सबैलाई त्राही-त्राही बनाउँथ्यो ।

वर्षामा नदीले खुबै कटान गर्ने भएकाले ठाउँ-ठाउँमा माटो कटान रोक्न तारजालीमा ढुंगा भरेर डिल बाँधेका हुन्थे । नदीको डिलमा अग्ला ठाउँ प्रायः त्यस्तै तटबन्ध मात्र हुन्थे । त्यसैमाथिबाट जिम्न्यास्टिक हान्दै छप्ल्यांग नदीमा बजारिँदा टाउकोमा झनन्न हुने गरी चोट लाग्थ्यो । पानी नाक भरी पसेर रिँगटा लाग्ला जस्तो हुन्थ्यो । कनेरै सिँगानपानी निचोरे पछि बल्ल टाउको हल्का हुन्थ्यो । तैपनि गाउँका केटाकेटीबीच उल्टासुल्टा जिम्न्यास्टिक हान्न को भन्दा को कम हुन्थ्यो ।

तत्कालीन गोला गाउँ विकास समितिको खोनपुरबाट पश्चिम टीकापुर जाने बाटोमा पर्ने बुढीकुलो खोला हिउँदमा टिठ लाग्दो हुन्थ्यो । तर, वर्षामा त त्यही पनि सुसाउँदै नदीको रूपमा प्रकट हुन्थ्यो । राजापुर भौंराका एघार गाविस उक्केर बर्खा लाग्नुअघि बाँध बाँध्न देशावर जाने भएकाले रोपाइँका वेला बुढीकुलाले स्कुलेका अगाडि रौद्र रूप देखाउन पाउँथ्यो । आफैँले बाँध बाँधेर रोत्याएको बुढीकुलो वर्षाभरि डरलाग्दो गरी सुसाएको सुन्दै आसपासका गाउँलेहरू रात काट्थे । रातमा पानी सुसाएको आवाज झन् डरलाग्दो हुन्थ्यो ।

'माथि कर्णाली नदीको दोभानमा कच्ची बाँध लाउनेको हुल कस्तो मेलाजस्तो हुन्छ' छिमेकी माइला थारू भन्थे, 'दिनभर मरी-मरी काम गऱ्यो, राति हुलमुलमा जाँड खाएर रमाइलो गर्दा दिनभरको थकान चट् ।' 'बहुत मजा आइठ हेरो बड्कौ,' जेठा छोरालाई थारू भाषामा यही नामले पुकार्दै उनी रमाइला किस्सा सुनाउँथे बेगारीका । 'वनभोज हो किसानको', स्कुल जाने अलि जेठा थारू साथीले भन्या सम्झन्छु- काम पनि, रमाइलो पनि । थारू समुदायका धेरैजसो विद्यार्थी अरूभन्दा कम्तीमा दुई-तीन वर्ष जेठै हुन्थे ।

खेतमा पानी ल्याउन हरेक वर्ष किसानको श्रमदानको मेला लाग्थ्यो ।



तस्बिर : दिपेन्द्र ढुंगाना



राजापुर जोड्ने कर्णाली पुल

अघिपछि सुनसान हुने कर्णाली फाटेको दोभानमा उत्सवजस्तो भिड जुट्थ्यो । कुलापानीका अगुवाको संयोजनमा किसान, लडिया, डनलप, ट्र्याक्टर, राँगा, गोरुको लर्को मनोरम देखिन्थ्यो । आफ्नो काम आफैँ गर्ने यस्तो परम्परालाई थारू भाषामा 'देशावर' भनिन्छ ।

झालापाता र केही दिनको सामल बोकेर टोलटोलबाट लडियाका लस्कर जान्थे । 'लडिया हेर्न कस्तो मज्जा आउँछ नि ?' भर्खर पहाडबाट बसाइँ सरी आएका केटाकेटी भन्थे, 'थारू मात्रै त हुन्छन् रे देशावरमा ।' अनि अलि पहिले बसाइँ सरी आएका पहाडी केटाकेटी प्रतिवाद गर्थे, 'धत्, पहाडी पनि धेरै हुन्छन् रे बे ।' हुन पनि चालीसदेखि पचासको दशकबीचमा पहाडबाट बसाइँ सरी आउने पहाडीहरू हरेक हिउँदमा बढेकाबढ्दै थिए । पचासको दशकपछि भने माओवादी द्वन्द्वको डरले पहाडबाट बसाइँ सरी आउनेहरू पनि सहरतिर मोडिए र आइसकेका पनि धमाधम सहरतिरै पसे ।

अलि पहिले बसाइँ सरेकाहरू पछि आउनेलाई होच्याउँथे । कर्णालीबाट बसाइँ सरी आएकालाई जुम्ली भन्थे । 'जुम्लीहरू मुद्दा लड्नमा सिपालु हुन्छन्,' हल्ला थियो, 'यिनले मुद्दा लडी-लडीकन सडकमा ल्याउँदा छन् ।' कतिपय वेला यही हल्लाले हेपिनबाट जोगाउँथ्यो ।

प्रायः घरछेउको सडक किनारमा खेतमा लाउने पानीकुलो हुन्थ्यो । अलि ठूला केटाकेटी सुखार गाउँको चारगाउँ कुलामा नुहाउन जान्थे । पौडी जानेका अझै ठूलाहरू कर्णालीको भँगालो गेरुवा नदीमा जान्थे । चारगाउँ कुलाको बाँधमा हाम्फालेर तल निस्कन सक्ने हुनु सबैका लागि कम्तीको साहसिलो काम हुन्थेन । सुखार गाउँमा पानी लान बाँध लगाइएको थियो । बाँधबाट पानी खस्दा तल पानीको विशाल भुमरी परेको थियो । भुमरी छलेर तल किनारमा आउन सीप र बल दुवै चाहिन्थ्यो । त्यही भएर सिकारु र कमजोर आँत भएकाले आँटै गर्थेनन् । केही तलमाथि भए भुमरीले पानीमुनि गाडी दिन्छ भन्ने विश्वास थियो । भुमरीमा परेर गाउँका केहीको लास पनि नपाइएको बुढापाकाबाट सुनेकाहरूको त झन् त्यसै-त्यसै मुटु काँप्थ्यो । तर, एक न एक दिन त आँट गरेरै प्रायजसोले बाँधमा हाम्फाल्थे ।

खसभाषामा बाजेलाई बोब भनिन्छ भने केटाकेटीलाई टोटकी । बोब भन्थे 'टोटकी चारगाउँ कुला नजानू ।' मेरी मामा घरकी बज्यै सधैँ मेरो पिरलो गर्थिन्, 'यो नानो छ, काउँदो डुब्न्या हो यो ।' सानो हुँदा वर्षामा घरछेउकै कुलामा नुहाउने अनि ढिकमाथिको बालुवा ताप्ने हाम्रो दैनिकी हुन्थ्यो ।

> वर्षामा नदीले माटो कटान गर्ने भएकाले ठाउँ-ठाउँमा कटान रोक्न तारजालीमा ढुंगा भरेर डिल बाँधेका हुन्थे । नदीको डिलमा अग्ला ठाउँ प्रायः त्यस्तै तटबन्ध मात्र हुन्थे । त्यसैमाथिबाट जिम्न्यास्टिक हान्दै छप्ल्यांग नदीमा बजारिँदा टाउकोमा झनन्न हुने गरी चोट पनि लाग्थ्यो ।

बुढीकुलामा ठाउँ-ठाउँमा काठको लामो डुंगा स्थानीय बोलीचालीको भाषामा नाउ लाग्थ्यो । ठेक्कामा लिनेले पैसा असुल्थे वारपार गराएको । धेरैजसो पुराना हुन्थे नाउ । भारतको कर्तार्नियासम्म पुगेर नाउ किनेर ल्याउँछन् भन्थे बुढापाका । वेलावेलामा नाउले सन्तुलन गुमाउँथ्यो अनि घोप्टिहाल्थ्यो । हतारो छ भन्दै सबै हवार्र चढ्ने अनि उत्रन कोही नमान्ने । हुलमुलमा कैयौँपल्ट नाउ घोप्टिन्थ्यो । यस्तोमा वृद्धवृद्धा र केटाकेटी अनि दुईजिउ भएका महिलालाई सबैभन्दा सकस हुन्थ्यो । तर, छेउमा हुनाले मानिसहरू झोला, कपडासँगै भिज्थे र बलियाले सबैलाई उतारिहाल्थे, ठूलै दुर्घटना हुन पाउँथेन । चुहिने भएका पुराना नाउबाट पानीको मूल फुटिरहन्थ्यो । नाउ तर्नेमध्ये एउटाको त कामै नाउमा जम्मा भएको पानी मगबाट बुढीकुलामैं हुऱ्याउने हुन्थ्यो ।

पुरानो नाउले सन्तुलन गुमाउँदा भाताभारको मावि पढ्न जाने विद्यार्थीका किताब भिजेर बिजोग हुन्थ्यो । युरिया मलका बोराभित्रको बाक्लो प्लास्टिक धोई-पखाली गाता हालेका मायाले सँगालेका किताब रुझ्दा रुवावासी हुन्थ्यो । एक-दुई वर्ष पढेका पुराना किताब भए त झन् पानीले गलाउँथ्यो । त्यसवेला तीन-चार खेपसम्म पुराना किताब पढ्ने चलन थियो । चलन के भन्नु, नयाँ किताब किन्न नसक्ने अधिकांशको बाध्यता थियो ।

घरछेउको सानो बन्जरिया खोलाले पनि कम्ता दुःख दिन्थ्यो र ? खेतको पानी बगेर आउने झरन पनि बर्खामा साना स्कुलेका लागि कर्णाली नदीभन्दा ठूलो हुन्थ्यो । पुल थिएन । छाती माथिसम्मको पानी हुन्थ्यो । मान्छेले तर्ने बनाएको ठाउँ अलिक कम गहिरो हुन्थ्यो । तर, कस्तो वेगको हुन्थ्यो भने अड्कल गरेर हुत्तिएर पारि नपुगे बगाएर गहिरोमा धकेलिने डर हुन्थ्यो । बाध्यताले नियमित पानीको संगतले पौडी भने सिक्ने पर्दैनथ्यो । लगभग सबैजसो केटाकेटीलाई सानैदेखि पौडी आउँथ्यो । पहाडबाट अलि ठूलै भइसकेपछि बसाइँ सरेका युवा वा अरू पाको उमेरका मानिस भने वर्षाको खहरे भेल आउँदा कहिले काहीँ वारिपारि नै थुनिनुपर्थ्यो । आपत् परेर भेल तर्न खोज्दा कतिपयले ज्यान गुमाएका घटना पनि थिए छिमेकमा ।

कट्टु, पाइन्ट, चप्पल, किताब सबै टाउकामा राखेर खोला तर्नुपर्ने । रातभरि जोडदार पानी परेका दिन भोलिपल्ट स्कुल जाँदा त्यही आकासे पानीको बन्जरिया झरन पनि सुसाएको हुन्थ्यो । यस्तो वेला एकले अर्कोको हात समातेर बाल साइलो बनाएर खोला तर्नुको विकल्प हुन्थेन । अलि ठूला मानिस आएर तारिदेलान् भनेर पर्खिंदा पनि स्कुल समयमा नपुगिने पिर । कहिले काहीँ एक्लै परियो भने घर फर्कनुपर्ने बाध्यता । स्कुलमा केटा र केटी बस्ने अलग-अलग बेन्चका लाइन हुन्थे । तर, खोला तर्न भने एक-अर्काको हात च्याप्प समाउनुको विकल्प हुँदैन थियो । चप्पल, किताब र कपडा एक हातले टाउकामा च्यापेर खोलो तर्दा साना हात गलेर फतक्कै हुन्थे । वर्षा बिदा पछिको भदौ एक गतेदेखि लगभग दसैँ बिदा नहुन्जेल यही नियति सधैँ दोहोरिन्थ्यो । तीन-चार कक्षा पढ्ने बालबालिकालाई नांगै देखेर ठूला केटाकेटीले पानीमा पिसाब फेर्दा सर्पले डस्ला है भन्दै तर्साएको सम्झँदा अहिले पनि हाँसो उठ्छ ।

अंग्रेजी, गणित र विज्ञान विषयको 'ट्युसन' फेसनजस्तै थियो । अलि-अलि बाध्यता पनि थियो । प्रायः स्कुलका गणित, विज्ञान विषयका शिक्षक पूर्वी तराईका मधेस मूलका हुन्थे । भाषालगायत समस्याले हो कि अधिकांश विद्यार्थीको गणित पनि कमजोर नै हुन्थ्यो ।

एक प्रिय मावि पाताभारका 'बिएस्सी सर' गणितको 'ट्युसन'का लागि एरियामै चर्चित थिए । बुढीकुलो तरेर दैनिक पाताभार स्कुल आउजाउ गर्न खतरा हुने भएकाले स्कुलमै डेरा राखेर 'ट्युसन' चल्थ्यो । वर्षा बिदा भएकाले कक्षाकोठामा बेन्च जोडेर अस्थायी सुत्ने खाट बनाइएको हुन्थ्यो । 'बिएस्सी सर'ले चर्चित ती सरको खास नाम सायद धेरै विद्यार्थीलाई थाहै भएन ।

कालिकोटको एउटा विद्यार्थी उनको भात पकाउँथ्यो । 'फिरीमा ट्युसन पढ्छ यो त' अरूले भन्थे । ऊ पनि सुनाउँथ्यो 'चामलजस्तो सारो भात खान्छन् बिएस्सी सर, बिहान ६ बजेदेखि रातिसम्म पढाउँछन् । भोक लाग्दैन रे ।' आसपासका प्रायः स्कुलबाट गणितको 'ट्युसन' पढ्न उनै बिएस्सी सरकोमा भिड लाग्थ्यो । बिहान ६ बजेदेखि साँझ अबेरसम्म लगातार कक्षा चल्थ्यो ।

भारतगाउँ



विशाल नाल्बो
bishalnalbo0@gmail.com

कविता

च्यापेर काखीमा खाता/पुस्तक
यो झरीको वेला ओढेर केराको पत्ता
उकालै-उकालो उकालै-उकालो गइरहेछ केटाकेटी ।
फजिरै झिसमिसेमा ।

आइपुगेको छैन सडक
गाउँ देखिन् घन्टौ हिँडेर मात्र पुगिन्छ स्कुल ।
स्कुल/स्कुलजस्तो छैन ।

हेडमास्टर भएको छ राजनीतिक कार्यकर्ता
जो आफ्नू बदला, पठाइरहेछ खेताला
स्कुलको छाना/खिड्कीबाट छिरेर पानी धूमिल पारिरहेछ
विद्यार्थीहरूले भविष्य लेख्ने ब्ल्याकबोर्ड ।

अक्षरहरू बेन्चीमाथि बसेर
खोजिरहेछ निकास
पेन्सिल डराउँदै लेखिरहेछ आफ्नो कुरूप भविष्य ।

कलिला मस्तिष्कहरू
किन कैद छ यसरी ?
किन जेलखानाजस्तो भएको छ यो स्कुल ?

यो स्कुलको भित्तामा जहिल्यै किन टालिन्छ
राजनीतिले कुटिल बनाएको फोहोरी पर्चा ?

यो स्कुल/स्कुलजस्तो नभएर
किन भाषणबाजको अड्डाजस्तो छ ?

चकभरि केको गन्ध हो ?
भ्रष्टाचारको गन्ध हो
डस्टरभरि केको गन्ध हो ?
भ्रष्टाचारकै गन्ध हो ।

एउटा जेहेनदार, एउटा निडर कवि
यस्तो कुरूप व्यवस्थालाई प्रश्न गर्छैं, गर्छ ।

यति वेला गाउँ
निम्छरो अनुहार बनाएर हेरिरहेछ भुइँतिर ।

पहिरोपीडितको पहिलो सूचीमा छ गाउँ
चुपचाप बसेको छ सरकार/न्यायालय ।
मुख थुनेजसरी ।

सुत्केरी व्यथा लागेर
ठुली लुङामाको हस्पिटल नपुगी भएको छ मृत्यु
कच्चा सडकमा भएको छ
एम्बुलेन्सको निर्मम दुर्घटना
बढ्दो छ खानेपानीको हाहाकार ।

पानीविनाको जिन्दगानी
बिमारीको सहयोगार्थमा
आइरहेको एम्बुलेन्सको निर्मम दुर्घटना
व्यथाले बाटैमा हुन पुगेको बिमारी महिलाको मृत्यु ।

सरकार सम्बन्धित मानिसहरू
अथवा यो सरकार आफैँ
उल्लिखित घटनाका पूर्ण जिम्मेदार हुन् ।

बोकेर डोकोमा
सुत्केरी व्यथा लागेकी महिला
लौरो टेक्दैटेक्दै टेक्दैटेक्दै
एक हुल बूढा मानिसहरू
उकालै-उकालो उकालै-उकालो चढिरहेछन् ।

घन्टौं हिँडेर मात्र पुग्न सकिन्छ
गाडी भेटिने सडक ।
परदेशमा छन् थाङ्बेन्/मेन्छ्याहरू ।

तपाईं सोचिरहनुभएको होला
यस्तो पनि हुन सक्छ ? हुन सक्छ ?
यो यही एक्काइसौँ शताब्दीमा
घटित गाउँको प्रमाणित कविता हो ।


जसलाई तपाईंहरूले
(भारतगाउँ) नाम दिन सक्नु हुनेछ ।

■■


कवितामा प्रयोग भएका लिम्बू शब्दार्थ :
थाङ्बेन : तन्नेरी, जवान, **मेन्छ्या**: तरुनी युवती
लुङामा : लिम्बू शब्दमा कुनै पनि स्त्रीलाई सम्मानका साथ सम्बोधन गरिने शब्द लुङामा (चेली अथवा नारी)
फजिरै : बिहानै, सबैरै, झिसमिसे ।

कालिम्पोङ

झ्याप्पै !



रवि मिश्र
@rabimishra



अर्थ पत्रिका
नयाँ पत्रिका
शनिबार २७ साउन ०८०

इन्धन अपचलन गर्ने आयल निगमका पोखरा डिपो प्रमुखलाई कारबाही गर्न अख्तियारलाई पत्राचार

तीन हजार दुई सय लिटर बढी डिजेल पेट्रोल पम्पलाई बिक्री गर्न लैजाँदै गर्दा जिल्ला प्रशासनले समात्यो ट्यांकर, डिपो प्रमुख दासलाई निलम्बन गरेर अनुसन्धान हुँदै

कास्कीमा **रोहितराज पराजुली**
काठमाडौंमा **अजित अधिकारी**

एउटै ट्यांकरबाट तीन हजार दुई सय लिटर डिजेल अपचलन गर्ने नेपाल आयल निगम लिमिटेडको गण्डकी प्रादेशिक कार्यालय, पोखराका प्रमुख चित्तरञ्जन दासलाई कारबाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई पत्राचार गरिएको छ। बिहीबार साँझ पोखरा डिपोबाट स्थानीय पश्चिमाञ्चल ट्रेडर्स नामको पेट्रोलपम्पमा १२ हजार लिटर डिजेलको बिल काटेर निस्केको ग२ख ८३६ नम्बरको ट्यांकरलाई जिल्ला प्रशासन कार्यालयको टोलीले नियन्त्रणमा लिई अनुसन्धान गर्दा १५ हजार दुई सय लिटर डिजेल भेटिएको थियो। त्यसपछि ट्यांकरलाई इलाका प्रहरी कार्यालय, हंसपुरमा राखेर डिपो प्रमुख दासलाई भ्रष्टाचारजन्य अपराधमा कारबाहीका लागि अख्तियारलाई पत्राचार गरिएको कास्कीका प्रमुख जिल्ला अधिकारी वासुदेव घिमिरेले जानकारी दिए।

पेट्रोलियम प्रदार्थ ढुवानीमा अनियमितता भएको सूचना पाएपछि बिहीबार साँझ जिल्ला प्रशासन कार्यालयका शाखा अधिकृत नवराज बरालको नेतृत्वमा इलाका प्रहरी कार्यालय हंसपुरका प्रमुख (प्रहरी नायब निरीक्षक) प्रकाश दाहाल, गुणस्तर तथा नाप तौल कार्यालयका प्रतिनिधि र स्थानीयवासीसमेतको संलग्नतामा सो ट्यांकरलाई चेकजाँच गरिएको थियो। त्यसक्रममा बिलमा उल्लेख भएभन्दा तीन हजार दुई सय लिटर बढी डिजेल फेला परेको थियो। पोखराका पम्पलाई निगमले सम्बन्धित पम्प सञ्चालककै ट्यांकरबाट इन्धन वितरण गर्दै आएको छ। जिप्रकाले नियन्त्रणमा लिएको ट्यांकर पनि पश्चिमाञ्चल ट्रेडर्स नामको पेट्रोलपम्प सञ्चालक बाबुराम जमरकट्टेलको हो। उनी लेखनाथ उद्योग वाणिज्य संघको दुई कार्यकाल अध्यक्ष भइसकेका छन् भने अहिले नेपाल पेट्रोलियम डिलर्स राष्ट्रिय एसोसिएसनका केन्द्रीय सदस्य छन्।

इन्धन अपचलनमा जमरकट्टेलको समेत संलग्नता पुष्टि भएपछि उनको पम्पमा इन्धन वितरण शुक्रबारबाटै रोकिएको छ। अनुसन्धानमा संलग्न एक अधिकारीका अनुसार निगमलाई संस्थागत नोक्सानी हुने गरी डिपो प्रमुख दास, अपरेसन विभागका केही कमर्चारी र पम्प सञ्चालकको मिलेमतोमा तेल अपचलन हुने गरेको भेटिएको छ।

अनुसन्धानमा संलग्न एक अधिकारीले भने, 'व्यापारीसँग सीधै पैसा असुल्ने धन्दामा डिपो प्रमुख दाससँगै केही निजी ट्यांकरका धनीको मिलोमतोमा यसप्रकारको घटना भइरहेको देखिन्छ।' इलाका प्रहरी कार्यालय, हंसपुरका प्रमुख डिएसपी प्रकाश दाहालले नियन्त्रणमा लिएको ट्यांकर जिल्ला



नियन्त्रणमा लिइएको ट्यांकरको तेल नाप्दै जिल्ला प्रशासन कार्यालयको टोली।

निगमद्वारा दास निलम्बित, विगतमा पनि विवादित छवि



डिपो प्रमुख चित्तरञ्जन दास

इन्धन अपचलन घटनामा दोषी भेटिएपछि आयल निगम व्यवस्थापनले पोखरास्थित डिपो प्रमुख चित्तरञ्जन दासलाई शुक्रबार साँझ नै निलम्बन गर्ने निर्णय गरेको छ। निगम प्रवक्ता मनोज ठाकुरले छानबिन अवधिका लागि दासलाई निलम्बन गरिएको जानकारी दिए। उनले भने, 'इन्धन अपचलनजस्तो जघन्य अपराधमा मुछिएपछि उहाँ (दास) लाई तत्कालै निलम्बन गरेका छौं। अब हाम्रोतर्फबाट पनि छानबिन सुरु गर्छौं।'

दास निगमभित्र विवादित पात्र हुन्। उनी तीन वर्षअघि सुदूरपश्चिम प्रादेशिक कार्यालय, धनगढीको प्रमुख हुँदा पनि निगमका सवारीसाधनमा चाहिनेभन्दा बढी तेल प्रयोग गरेको बिल बनाई इन्धन अपचलन गरेको उजुरी परेको थियो। त्यसअघि लुम्बिनी प्रादेशिक कार्यालय, भैरहवामा रहँदा पनि फौजदारी अभियोगमा निलम्बित भएका थिए।

त्यतिखेर निलम्बनमा पर्दा उनी बढुवामा पछि परी अहिले नौ तहमा छन्। उनका सहकर्मी भने अहिले १०औं तहमा कार्यरत छन्। अहिले पनि दासको फाइल बढुवामा परी १०औं तहमा बढुवा हुने क्रममा थिए। तर, तेल अपचलनकाण्डमा परी निलम्बित भएपछि उनको वृत्ति विकासमा पनि असर परेको छ।

भ्रष्टाचारजन्य कसुर भएकाले कारबाही गर्न अख्तियारलाई पत्राचार गरेका छौं

वासुदेव घिमिरे, प्रमुख जिल्ला अधिकारी, कास्की



आयल निगमको पोखरा डिपोबाट तेलमा अनियमितता हुने गरेको भन्ने सूचना हामीलाई यसअघि नै आएको थियो। तथ्य खोज्दै जाँदा बिहीबार बढी तेल ढुवानी गरेको भन्ने सूचना पाएपछि खटिएको टोलीले सूचनाअनुसार नै खरिद गरेभन्दा बढी तेल ढुवानी गरेको भेट्टाएको हो। डिपोमा १२ हजार लिटरको पैसा तिरेर आएको ट्यांकरमा १५ हजार दुई सय लिटर डिजेल भेटिएको हो। यो घटनापछि शुक्रबार बैठक बसेर भष्ट्राचार निवारण ऐनअनुसार यस घट्नामा संलग्नलाई कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाएका छौं। यो सीधै भष्ट्राचारसँग सम्बन्धित रहेकाले कारबाही गर्ने अधिकार प्रशासनलाई नभएकाले अब के-कस्तो कारबाही गर्ने भन्नेमा अख्तियारले छानबिन गरी टुंगो लाउनेछ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

प्रशासनको नियन्त्रणमा सिलबन्दीसहित प्रहरी कार्यालय पसिरमा राखिएको बताए। जिप्रकाले घटनाबाहिर ल्याएपछि डिपो प्रमुख दास भने बिहीबारदेखि नै फरार छन्। उनी आयल निगम व्यवस्थापनको समेत सम्पर्कमा नआएको निगम प्रवक्ता मनोज ठाकुरले जानकारी दिए।

डिपो प्रमुख दासको संलग्नतामा बिहीबार साँझ तोकिएभन्दा बढी पठाइएको तीन हजार दुई सय लिटर डिजेलको बजारमूल्य चार लाख ८९ हजार ६ सय रुपैयाँ हुन आउँछ। यो रकमको २० देखि ५० प्रतिशतसम्म पेट्रोलपम्पलाई छाडेर बाँकी ५० देखि ८० प्रतिशत हुन आउने रकम डिपो प्रमुख दासले बुझ्ने गरेको स्रोतको भनाइ छ। 'बढी पठाएको तेलको जति मूल्य हुन्छ। त्यसको कम्तीमा ५० प्रतिशत हुन आउने रकम डिपो प्रमुखले बुझ्ने गरेका छन्,' स्रोतले भन्यो, 'यसो गर्दा इन्धन अपचलनमा संलग्न डिपो प्रमुख, कर्मचारी र पम्प सञ्चालकलाई फाइदा हुन्छ, तर निगमलाई भने नोक्सानी भइरहेको छ।' यसरी जानाजान बढी पठाइएको तेललाई आयल निगमले तापक्रम तथा कार्यगत नोक्सानीमा देखाउने छुट दिएको छ। पोखरा डिपोमा डिजेलमा हुने लक्षित नोक्सानी दर ०.६० छ। दासले लक्षित नोक्सानी दरभित्रै रहेर तेलको अपचलन गर्दै आएका थिए।

■ एक वर्षदेखि अपचलन जारी थियो

निगमको पोखरा डिपो प्रमुखका रूपमा ६ असोज ०७९ मा दासले कार्यभार सम्हालेका थिए। उनी आएदेखि नै डिपोबाट तोकिएभन्दा बढी परिमाणमा तेल निजी ट्यांकरबाट ढुवानी हुँदै गरेको जिप्रकाको प्रारम्भिक अनुसन्धानमा खुलेको छ। पोखराका ६-७ वटा पम्पमा निजी ढुवानीका ट्यांकरले निरन्तर तोकेभन्दा बढी तेल लैजाने गरेको एक कर्मचारी बताउँछन्। बिलमा उल्लेख भएभन्दा बढी लगेको तेलको मूल्य बराबर हुन आउने रकम डिपो प्रमुख दासलाई पम्प सञ्चालकले बुझाउने गरेका थिए।

यसरी रकम बुझाउँदा प्रचलित दरभन्दा केही कमदरमा हिसाब गरेर दिने वा एकमुस्ट हिसाब गरी आउने रकमको २० देखि ५० प्रतिशत रकम डिपो प्रमुखलाई दिने गरिएको थियो। ट्यांकरमा रहेको तेल 'डिप रड'ले नापेर पठाउन डिपोमा रहेका ५-६ तहका प्राविधिक समूहका कर्मचारीलाई जिम्मेवारी दिने गरिन्छ। तर, डिपो प्रमुख दास आफैंले प्रत्येक दिन ट्यांकरको तेल नाप्दै पम्पमा बढी तेल पठाउने गरेका थिए। 'डिपो प्रमुखले ट्यांकरको तेल नाप्ने कतै पनि अभ्यास छैन,' एक कर्मचारीले भने।

पोखरा डिपोमा इन्डियन आयल कर्पोरेसनको बरौनी रिफाइनरीबाट पेट्रोल, मट्टितेल र हवाई इन्धन तथा निगमको अमलेखगन्जस्थित डिपोबाट डिजेल ढुवानी हुने गरेको छ। डिपोमा आएको तेल पेट्रोलपम्पले आफ्नै ट्यांकरमा हालेर लैजाने गरेका छन्। त्यहाँ १३ वटा पम्प सञ्चालकको आफ्नै ट्यांकर छन्।

तर, आफ्नो ट्यांकर नहुने पम्पहरूलाई भने डिपो प्रमुख दासले बरौनी र अमलेखगन्जबाट आएका ट्यांकरलाई सोझै पम्पमा पठाउने गरेका थिए। यसरी बरौनी र अमलेखगन्जबाट आएका ट्यांकर सोझै पम्पमा पठाउँदा पनि दासले प्रतिट्यांकर करिब एक सय लिटरसम्म झिकेर मात्रै पठाउने गरेका थिए।

पानीजहाज उद्योगमा कोरिया जान ३६ हजारको आवेदन

मुना कुँवर/नयाँ पत्रिका

कोरियाको पानीजहाज निर्माण क्षेत्रमा जान करिब ३६ हजार युवाले आवेदन दिएका छन्। गत २० साउनदेखि २४ गतेसम्ममा वैदेशिक रोजगार विभागमा ३५ हजार चार सय ८२ जनाको आवेदन परेको छ। त्यसमध्ये दुई हजार दुई सय ७६ जना भने महिला र एकजना अन्य समूहका छन्।

आवेदन दिएका युवाबाट दुई हजार पाँच सय युवा छनोट गरिने विभागका इपिएस शाखा प्रमुख गुरुदत्त सुवेदीले बताए। पहिलो चरणमा विभागले भाषा परीक्षा लिनेछ भने दोस्रो चरणमा सीप परीक्षा लिनेछ। आगामी १ असोजदेखि भाषा परीक्षा सुरु हुने इपिएस शाखा प्रमुख सुवेदीले बताए। भाषा परीक्षालगतै विभागले सीप परीक्षा पनि लिनेछ।

भाषा र सीप परीक्षामा उर्त्तीण भएका युवाको नाम विभागले रोस्टरमा राख्नेछ। रोस्टरमा सूचीकृत भएका कामदारमध्ये कोरियाली रोजगारदाताले छनोट गरेका युवासँग श्रम सम्झौता गर्नेछ। श्रम सम्झौतामा पनि रोजगारदाताले नै भिसा उपलब्ध गराएपछि श्रम स्वीकृति लिएर युवाहरू कोरिया जान सक्नेछन्।

■ ६ महिनाभित्रमा युवा कोरिया उड्ने

छनोट हुने युवाहरू ६ महिनाभित्र कोरिया



उड्न पाउनेछन्। कोरियाको पानीजहाज निर्माण क्षेत्रतर्फ स्काफोल्ड, इन्सुलेसन, ग्रेन्डर, वेल्डिङ, पाइप मेसिनरी र इलेक्ट्रिक क्याबलिङ गरी पाँच क्षेत्रमा काम गर्न पाउनेछन्। कोरिया पुगेपछि पनि नेपाली श्रमिकलाई रोजगारदाताले तलबसहित दुई महिनाको सीप तालिम दिनेछ। तालिम लिएपछि श्रमिकले कार्यस्थल परिवर्तन गर्न चाहेमा अर्को त्यस्तै कम्पनीमा मात्र जान पाउनेछन्। पानीजहाज निर्माण क्षेत्रको रोस्टरको म्याद दुई वर्षको हुनेछ।

विभागले यसअघि उत्पादनमूलक क्षेत्रका लागि छनोट भएर रोस्टरमा सूचीकृत भएका आठ सय ९२ श्रमिकलाई रोस्टर परिवर्तन गरी पानीजहाज क्षेत्रमा राखेको थियो। जसमध्ये दुई सय ३८ जना श्रमिक कोरिया पुगिसकेका छन्। यस क्षेत्रमा जाने श्रमिकको न्यूनतम पारिश्रमिक दुई लाख रुपैयाँ हुनेछ।

■ गत वर्ष करिब २३ हजार युवा कोरिया पुगे

गत आर्थिक वर्ष ०७९/८० मा २२ हजार नौ सय २२ नेपाली युवा श्रमिक कोरिया पुगेका छन्। जसमध्ये १६ हजार ६ सय ८१ नयाँ श्रमिक थिए भने ६ हजार दुई सय ४१ पुराना श्रमिक पुनः कोरिया गएका थिए। इपिएस प्रणालीमार्फत श्रमिक कोरिया पठाउने नेपाल अग्रपंक्तिमा छ। कोरिया जाने श्रमिकको एक कार्यकालको अवधिमा चार वर्ष १० महिना हुन्छ।

कोरिया जाने श्रमिकको रोस्टरमा हाल नौ हजार नेपाली युवा सूचीकृत छन्। जसमध्ये ६ हजार उत्पादनमा क्षेत्रका छन् भने तीन हजार कृषि क्षेत्रका छन्। सूचीकृतमध्ये तीन हजार पुराना श्रमिक छन्। पुराना श्रमिकमध्ये दुई हजार पाँच सय उत्पादन क्षेत्रका छन् भने पाँच सय कृषि क्षेत्रमा गएका इपिएस प्रमुख सुवेदीले बताए।

हालसम्म कोरियामा ८९ हजार नेपाली युवा पुगिसकेका छन्। गत आवमा करिब २३ हजार श्रमिक कोरिया पुगे। कोरिया र नेपालबीच सन् २००७ मा श्रम सम्झौता भएको थियो। सम्झौताअनुसार कोरियाले सन् २००८ देखि नेपालबाट कामदार लैजान सुरु गरेको हो। कोरियाले कृषि तथा उत्पादन क्षेत्रका लागि नेपालबाट कामदार लैजाने गरेको छ। कोरियाले नेपालबाहेक बंगलादेश, म्यानमार, चाइना, भियतनाम, कम्बोडिया, लाओसलगायत १६ वटा मुलुकबाट कामदार लैजाने गरेको छ।

कोरिया सरकारले यसअघि प्रत्येक मुलुकका लागि श्रमिकको कोटा छुट्याउँदै आएको थियो। तर, यो वर्ष भने कोटा प्रणाली हटाएको छ। आफ्नो रोजगारदाताको छनोटमा जति पनि श्रमिक कोरिया जान सक्ने व्यवस्था गरिदिएको छ। तसर्थ, यो वर्ष हालसम्मकै अधिक नेपाली श्रमिक कोरिया पुगेका छन्।

युएसएआइडीलाई ग्रामीण क्षेत्रमा लगानी गर्न आग्रह

काठमाडौं/ अर्थमन्त्री डा. प्रकाशशरण महतले ग्रामीण पूर्वाधार आयोजनामा लगानी गर्न अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी नियोग (युएसएआइडी)सँग आग्रह गरेका छन्। अमेरिकी सहायतामा सञ्चालित आयोजनाको प्रगति समीक्षा बैठकमा उनले यस्तो प्रस्ताव गरेका हुन्।

बैठकको उद्घाटन सत्रलाई सम्बोधन गर्दै अर्थमन्त्री डा. महतले जनताको जीविकोपार्जनका लागि ग्रामीण सडक, खानेपानी र सुधारका लागि प्रत्यक्ष सहयोग गर्ने ग्रामीण पूर्वाधार आयोजनामा लगानी गरेर ठोस नतिजा हासिल गर्न अमेरिकी सहयोग परिचालन गर्नुपर्नेमा जोड दिए।

युएसएआइडीको सहयोग सम्झौता अन्तर्गत सञ्चालित आयोजनाको आजसम्मका उपलब्धि, कोष प्रवाह, स्थानीय संस्थाको उपयोगमा बजेटमा बढेको जोड दिनुका साथै यस अवधिमा भूमिका र जिम्मेवारी स्पष्ट गर्दै दुई देशबीच साझेदारीलाई सुदृढ बैठकको उद्देश्य रहेको छ।

आयातित वस्तुमा लेबल लगाउनुपर्ने निर्देशन कार्यान्वयनमा

सम्भव नभएको व्यापारीको जिकिर, वाणिज्य विभाग भन्छ– कैफियत भेटिएको छैन

भोजराज भण्डारी/नयाँ पत्रिका

भन्सार विभागले साउन १ गतेदेखि लागू हुने गरी आयातित हुने तयारी मालवस्तु बजारमा बिक्री वितरणका लागि पठाउनुअघि त्यस्ता मालवस्तुको प्याकिङमा पैठारीकर्ता र बजार वितरकको पूरा विवरण भएको लेभल लगाउनुपर्ने प्रावधानलाई कडाइका साथ अघि बढाएको छ। व्यवसायीहरूले पैठारी भएको मालवस्तुको प्रत्येक एकाइमा र मालवस्तुको प्रकृति आकार तौल, उल्लेख गर्नुपर्ने व्यवस्था गरेको हो।

विभागले आर्थिक ऐन २०८० को भन्सारसम्बन्धी अनुसूची १ को दफा १८ को उपदफा ४ मा भएको व्यवस्थाअनुसार बजार पठाउनुअघि लेभलिङको काम गर्नुपर्नेछ। भन्सार विभागले यसलाई पूर्ण रूपमा कार्यान्वयनमा ल्याएको दाबी गरेको छ। विभागका निर्देशक पुण्यविक्रम खड्काले यो प्रावधान १ साउनदेखि कार्यान्वयनमा ल्याइएको बताए। उनले भने, 'अनुगमनका लागि भने सम्बन्धित स्थानीय तह, वाणिज्य विभाग र खाद्य प्रविधि तथा गुण नियन्त्रण विभागलाई जिम्मा दिएका छौं।'

तर, समुद्रपार निकासी पैठारी संघका अध्यक्ष विनोद सेठियाले अन्य मुलुकको नक्कलले गरेर लागू गरेको हुँदा नेपालमा सम्पूर्ण आयातित तयारी वस्तुमा लेभलिङ गर्न सम्भव नभएको बताए। उनले भने, 'सरकारले यो नीति देखावटी रूपमा ल्याएको हो, ७५ प्रतिशत सामान होलसेलमा बिक्री हुन्छ, २५ प्रतिशत मात्र खुद्रामा बिक्री हुनेहुँदा सबैमा यो कार्यान्वयन गर्न सम्भव नै छैन।'



वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका निर्देशक होमनाथ भट्टराईले यस भन्सार ऐनमा लागू हुनुभन्दा अघिदेखि नै पैठारी गरी आयात भएका तयारी वस्तुमा अनुगमन हुने गरेको बताए। उपभोक्ता संरक्षण सम्बन्धित ऐन २०७५ मै उल्लेख भएको हुँदा पहिलेदेखि कार्यान्वयनमा रहेको उनको भनाइ छ। उनले भने, 'कार्यान्वयनमा पहिला पनि आएको हो, आजसम्म पैठारी भएका तयारी मालवस्तुमा त्यस्तो कुनै कैफियत भेटिएको छैन।'

विभागले आयातित वस्तु बजारमा बिक्री गर्दा, पैठारीकर्ता र बजार वितरकको नाम, ठेगाना, कोडलगायत राख्नुपर्ने व्यवस्था गरेको छ।

■ वाणिज्य विभागको चामलमा छड्के, १० बोरा चामल अखाद्य भेटियो

पछिल्लो समय अस्वाभाविक रूपमा चामलको मूल्य बढेपछि वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले खाद्यवस्तुको अनुगमनलाई तीव्रता दिएको छ। बिहीबार विभागले उपत्यकाको १३ स्थानमा गरेको अनुगमनमा ११ वटा खाद्य वस्तुसँग मात्र सम्बन्धित रहेको छ। ११ मध्ये १० वटा खाद्य पसलमा सामान्य निर्देशन दिएको छ।

विभागले बिहीबार चापागाउँस्थित एक खाद्यान्न पसलबाट म्याद गुज्रिएको १० बोरा चामल नष्ट गरेको छ। उक्त खाद्यान्न पसलमा गुणस्तर, परिमाण, मूल्य, नाम तौलमा हेरफेर गरेको पाइएको हुँदा उक्त पसलमा विभागले दुई लाख रुपैयाँ जरिवाना गराएको छ। त्यस्तै, शुक्रबार पनि विभागले खाद्यवस्तुकै ६ वटा पसलमा अनुगमन गरेको छ जसमा रिलेभलिङ गरेको, गुणस्तरमा र परिमाण तथा तौलमा हेरफेर गरेको पाइएपछि शान्तिनगरको एक खाद्य पसललाई दुई लाख रुपैयाँ जरिवाना तिराएको छ।

विभागका निर्देशक होमनाथ भट्टराईले उपभोक्ताबाट चामलको मूल्य अत्यधिक बढेको गुनासो आएपछि खाद्यवस्तुको अनुगमनमा विशेष जोड दिएको बताए। उनले भने, 'हाम्रो अहिले मुख्य प्राथमिकता चामलमा भइरहेको कालोबजारी रोक्नुमा छ, यो निरन्तर जारी रहन्छ।'

सांग्रिला डेभलपमेन्ट बैंक लि.
Shangri-la Development Bank Ltd.
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजत प्राप्त संस्था)
केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ
फोन: ०१-४४२१८६१/६२/६३

कर्जा चुक्ता गर्ने बारे ३५ दिने अत्यन्त जरूरी सूचना

सूचना प्रकाशित मिति : २०८०/०४/२७ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलको ऋणीले यस डेभलपमेन्ट बैंकको तपसिलका शाखा कार्यालयबाट तपसिल बमोजिमको कर्जा शीर्षक अन्तर्गत लिनु भएको कर्जाको साँवा, ब्याज तथा हर्जाना रकम समेत शर्त बमोजिम यस डेभलपमेन्ट बैंकमा समय समयमा दाखिला गर्नु पर्नेमा हाल सम्म नतिरी नबुझाई कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत बक्यौता रकम चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नु भएको हुनाले यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैंतिस**) **दिन** भित्र यस डेभलपमेन्ट बैंकमा सम्पर्क राखी यस डेभलपमेन्ट बैंकलाई तिर्न बुझाउनु पर्ने बाँकी ऋणको साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दे-दस्तूर रकम समेत चुक्ता भुक्तान गर्नु हुन सम्बन्धित ऋणी तथा जमानीकर्तालाई यसै सूचना मार्फत सूचित गरिन्छ। अन्यथा यस डेभलपमेन्ट बैंकको नीति नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंकिङ्ग कसुर ऐन २०६४, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८ र सो को नियमावली २०५९ एवं प्रचलित कानून बमोजिम धितो लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी यस डेभलपमेन्ट बैंकको लेना बाँकी रकम असुल उपर गर्ने तर्फ कारवाही गरिने र सो धितोबाट यस डेभलपमेन्ट बैंकको सम्पूर्ण रकम असुल उपर हुन नसकेमा प्रचलित कानून बमोजिम सम्बन्धित ऋणी तथा जमानीकर्ताको अन्य चलअचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरिने र ऋणी तथा जमानीकर्तालाई समेत कालोसूचीमा सूचिकृत गरी आवश्यक कानुनी कारवाही भई जाने व्यहोरा समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ।

तपसिल

ऋणीको विवरण	जमानीकर्ताको विवरण:
१.**ऋणीको नाम : निर्मला पासवान** बाबुको नाम : रामचन्द्र पासवान पतिको नाम : संजय पासवान ससुराको नाम : नन्दु पासवान ठेगाना : कटहरी-०७, मोरङ्ग, हाल: कटहरी-०३, मोरङ्ग ना.प्र.नं. : ०५१००८/६७१, जारी मिति : २०६७/०६/२४ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग **कर्जा शीर्षक: विपन्न वर्ग (न्युन लागत आवास) कर्जा (आवधिक)** **कर्जा लिएको शाखा: विराटनगर, मोरङ्ग**	**क) नाम : संजय पासवान** बाबुको नाम : नन्दु पासवान बाजेको नाम: नौलखि पासवान ठेगाना : कटहरी-०७, मोरङ्ग हाल : कटहरी-०३, मोरङ्ग ना.प्र.नं. : ०५३००८/७०० जारी मिति : २०६३/१०/१६ जारी गर्ने कार्यालय : जि.प्र.का., मोरङ्ग
सुरक्षणमा रहेको धितोको विवरण : श्री भुमिसुधार तथा मालपोत कार्यालय विराटनगर, मोरङमा निर्मला पासवानको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला मोरङ, कटहरी वडा नं.-०६ स्थित कित्ता नं. ६६ को क्षेत्रफल १३५.४४ व.मी. को जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत	

ऋणीको विवरण	जमानीकर्ताको विवरण:
२.**ऋणीको नाम : राम बहादुर दमाई** बाबुको नाम : मैते दमाई बाजेको नाम : गोरे दमाई ठेगाना : देवचुली-०१, नवलपरासी हाल : देवचुली-०९, नवलपरासी ना.प्र.नं : ३६५७२७४, जारी मिति : २०६३/०८/२७ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी **कर्जा शिर्षक : विपन्न वर्ग कर्जा (आवधिक)** **कर्जा लिएको शाखा : अमरापुरी , नवलपरासी**	**क) नाम : लक्ष्मी दमाई** बाबुको नाम : धन ब. दर्जी पतिको नाम : राम ब.दमाई ससुराको नाम : मैते दमाई ठेगाना : देवचुली-०९, नवलपरासी ना.प्र.नं : ३६-११-७४/३७६ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी **ख) नाम : पृथ्वी बहादुर सारु मगर** बाबुको नाम : नर बहादुर मगर बाजेको नाम : दल बहादुर सारु मगर ठेगाना : देवचुली-०१, नवलपरासी हाल : देवचुली-०९, नवलपुर ना.प्र.नं. : ई-१४५२९ जारी मिति : २०५६/०८/१६ जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी
सुरक्षणमा रहेको धितोको विवरण: श्री मालपोत कार्यालय कावासोती, नवलपरासी (बर्दघाट सुस्ता पूर्व) मा श्री लक्ष्मी दमाईको नाममा दर्ता श्रेष्ता कायम रहेको जिल्ला नवलपरासी (बर्दघाट सुस्ता पूर्व) तम्सरिया-०७ स्थित कि.नं.७९१ र ७९५ को क्षेत्रफल क्रमशः १५३६.५८ र ७१९.६१ वर्ग मिटर रहेको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।	

शनिबार २७ साउन ०८० www.nayapatrikadaily.com नयाँ पत्रिका
का.नि.इ.नं.१२८/०६३/६४, म.से.हु.नि.इ.न. १७/०६९/०७०

एसिया कपमा नेपालका प्रतिद्वन्द्वी खेलाडी



सन् १९८४ देखि सुरु भएको एसिया कपको ३१ अगस्टदेखि पाकिस्तान र श्रीलंकामा आयोजना हुने प्रतियोगिता १६औँ संस्करण हो। प्रतियोगितामा नेपालले पहिलोपटक स्थान बनाएको छ। एसिसी प्रिमियर कपको विजेता बन्दै नेपालले स्थान सुरक्षित गरेको थियो। नेपाल एकदिवसीय विश्वकपकै पूर्वविजेता भारत र पाकिस्तान रहेको समूह 'ए'मा छ। नेपालले पहिलोपटक टेस्ट तथा विश्व च्याम्पियन राष्ट्रसँग खेल्ने अवसर पाएको छ। १७ सेप्टेम्बरसम्म चल्ने प्रतियोगितामा समूह 'ए'का सम्भावित खेलाडी यस्ता छन् :

नेपाल



रोहितकुमार पौडेल

रोहितले कप्तानी जिम्मेवारी लिएको धेरै भएको छैन। कुशल कप्तानी गर्दै उनले नेपाललाई एकदिवसीय विश्वकपको ग्लोबल छनोटदेखि एसिसी इमर्जिङ कपसम्म छनोट गराए। ५२ एकदिवसीयमा रोहितले एक हजार चार सय ६९ रन बनाएका छन्। उनले एक शतक तथा आठ अर्धशतकीय इनिङ्स खेलेका छन्। पछिल्लो समय मध्यक्रमका विश्वासिलो ब्याट्सम्यानका रूपमा उनलाई लिने गरिन्छ। ५० ओभर फम्यार्टमा उनले ११७ चौका र २५ छक्का प्रहार गरेका छन्। २०१८ मा रोहितले नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका थिए। एकदिवसीयमा उनी कम उमेरमा डेब्यु गर्ने छैटौँ खेलाडी हुन्।



सन्दीप लामिछाने

अन्तर्राष्ट्रिय टी-२० फ्रेन्चाइज लिगमा सन्दीप विश्वस्तरीय बलर हुन्। लेगब्रेक बलिङ गर्ने सन्दीपको एकदिवसीय क्रिकेटमा पनि स्तरीय प्रदर्शन गर्न सक्ने क्षमता छ। पछिल्ला केही इनिङ्समा उनले दोहोरो भूमिका निर्वाह गरेका थिए। नेपालले खेलेको पछिल्ला सिरिजमा सन्दीपले ब्याटिङमा स्ट्रोक लगाउँदै रन बटुल्ने र बलिङमा विपक्षी ब्याट्सम्यानलाई सहजै आउट पारेका थिए। हालै क्यानडामा भएको ग्लोबल टी-२० लिगमा उनको टोली उपविजेता बनेको थियो। सन्दीपले ४९ एकदिवसीयमा एक सय ११ विकेट लिएका छन्। उनी कम खेलमा ५० ओभरमा सय विकेट लिने पहिलो बलर हुन्।



सोमपाल कामी

सोमपालले नेपाली टोलीमा लामो समयदेखि खेलिरहेका छन्। नेपाल आइसिसी विश्वकप डिभिजन लिग-५ विजेता बन्दा सोमपालले उत्कृष्ट बलिङ गरेका थिए। ४७ एकदिवसीय खेलमा उनले चार सय ७८ रन बनाएका छन्। यसक्रममा उनले दुई अर्धशतक बनाए। बलिङ मात्र नभई उनले ब्याटिङसमेत गर्न सक्छन् भन्ने यो प्रमाण हो। नेपालका प्रमुख फास्ट बलर सोमपालले ४७ खेलमा ६३ विकेट लिएका छन्। यसक्रममा उनले एकपटक पाँच विकेटको प्रदर्शन गरेका छन्। २०१८ मा उनले नेदरल्यान्ड्सविरुद्ध डेब्यु गरेका थिए।



कुशल भुर्तेल

कुशलले नेपालबाट डेब्यु गरेको धेरै भएको छैन। २०२१ मा उनले पपुवा न्युगिनीविरुद्ध डेब्यु गरे। ओपनिङ गर्दै बलियो सुरुवातको जिम्मेवारी सम्हालेका उनी पछिल्लो समय फर्ममा छैनन्। तर, फर्ममा रहँदा उनको स्ट्रोक प्रहार गर्ने शैली लोभलाग्दो छ। उनको कमजोरी क्रिजमा लामो समय टिक्न नसक्नु हो। क्रिजमा रहँदा उनले स्कोरलाई अगाडि बढाउने काम गर्छन्। ४४ एकदिवसीय खेलमा उनले ९ सय ८६ रन बनाएका छन्। यसक्रममा उनले एक शतक र ६ अर्धशतक बनाए।



कुशल मल्ल

२०२० मा कुशलले अमेरिकाविरुद्ध डेब्यु गरेका थिए। नेपालले आइसिसी विश्वकप लिग-२ मा तेस्रो स्थानमा रहँदै ग्लोबल छनोट स्थान पक्का गर्दा उनले उत्कृष्ट प्रदर्शन गरेका थिए। बायाँहाते ब्याट्सम्यान कुशल लामो छक्का प्रहार गर्न सक्छन्। तर, सामना गरेको पहिलो बलदेखि नै स्ट्रोक लगाउने उनको रणनीति नै कमजोर पक्ष हो। धैर्यपूर्वक ब्याटिङ गरे कुशलले स्कोरलाई अगाडि बढाउन सक्छन्। २७ एकदिवसीय खेलमा उनले एक शतक र चार अर्धशतक बनाएका छन्। उनले ६ सय २६ रन जोडेका छन्।

सम्भावित अन्य खेलाडी

दीपेन्द्रसिंह ऐरी, आसिफ शेख, भीम सार्की, करण केसी, ललित राजवंशी, गुल्सन झा, प्रतिस जिसी, आरिफ शेख, अर्जुन साउद, देव खनाल, किशोर महतो, सन्दीप जोरा र सूर्य तामाङ

पाकिस्तान



बाबर आजम

पाकिस्तानी कप्तान बाबर पछिल्लो समय विश्व क्रिकेटकै प्रतिभाशाली खेलाडी हुन्। विपक्षी टोलीका लागि उनी सधैँ घातक बन्छन्। उनको कप्तानीमा पाकिस्तानले धेरै उपलब्धि हासिल गरेको छ। एकदिवसीयमा उनले फरक प्रभाव राखेका छन्। २०१५ बाट एकदिवसीय क्रिकेट सुरु गरेका बाबरले सय खेल संख्या पार गरिसकेका छन्। अहिले पाकिस्तानी खेलाडीमध्ये सर्वाधिक रन बनाउने उनी एक्ला खेलाडी हुन्। ९८ इनिङ्स खेलेका २८ वर्षीय बाबरले पाँच हजार ८९ रन जोडेका छन्। दायाँहाते अग्रपंक्तिका ब्याट्सम्यान बाबरको उच्च स्कोर १५८ रन हो।



इमान उल हक

२७ वर्षीय अनुभवी ओपनर इमान उल हक पाकिस्तानका अर्का प्रतिभावान खेलाडी हुन्। २०१७ डेब्यु गरेका उनले ५९ खेलमा दुई हजार सात सय १९ रन बनाएका छन्। करिअरमै उनले सर्वाधिक १५१ रन प्रहार गरेका छन्। उनको औसत रन ५१.३० छ। बायाँहाते ब्याट्सम्यानले श्रीलंकाविरुद्ध आबुधाबीमा डेब्यु गरेका हुन्। इमाम उल हकसँग दबाबबीच पनि लामो इनिङ खेल्ने क्षमता छ। त्यसले पनि उनी सधैँ ओपनरकै रूपमा मैदानमा उत्रन्छन्।



मोहम्मद रिजवान

विकेटकिपर तथा ब्याट्सम्यान मोहम्मदको आफ्नै विशेषता छ। ३१ वर्षीय टप अर्डरका ब्याट्सम्यान उनी पार्टटाइम स्पिनर पनि हुन्। २०१५ यता एकदिवसीय क्रिकेट खेल्दै आएका रिजवानले ५७ खेलमा एक हजार चार सय आठ रन बनाएका छन्। दायाँहाते ब्याट्सम्यानले सर्वाधिक ११५ रन बनाएका छन्। ५० ओभरको खेलमा उनले दुई शतक र ९ अर्धशतक बनाएका छन्। पछिल्लो समय रिजवान विश्व क्रिकेटका उत्कृष्ट विकेटकिपर र ब्याट्सम्यान मानिन्छन्।



साहिन साह अफ्रिदी

२०२१ को आइसिसी टी-२० विश्वकपपछि अफ्रिदीको चर्चा ह्वात्तै बढ्यो। भारतविरुद्धको खेलले उनलाई विश्वले चिन्ने अवसर पायो। भारतविरुद्ध १० विकेटको सानदार जितमा उनले तीन विकेट लिएका थिए। उनकै प्रदर्शनमा पाकिस्तानले पहिलोपटक टी-२० विश्वकपमा भारतलाई हरायो। २३ वर्षीय बायाँहाते तीव्रगतिका बलर अफ्रिदीले पाकिस्तानका लागि ३६ एकदिवसीय खेल खेलेका छन्। उनले ७० विकेट लिएका छन्। ६.६ फिट अग्ला फास्ट बलर अफ्रिदीको उत्कृष्ट प्रदर्शन ६/३५ हो। पछिल्लो समय उनले पाकिस्तानी घरेलु प्रतियोगिता र सिनियर टोलीमा कीर्तिमान बनाएका छन्।



नसिम साह

अफ्रिदीपछि पाकिस्तानी टोली बलिङतर्फ नसिम साहमा निर्भर छ। २० वर्षीय दायाँहाते तीव्रगतिका बलर साहले आफूलाई अन्तर्राष्ट्रिय खेलमा प्रमाणित गरिसकेका छन्। लिस्ट ए क्रिकेटमा उनले १५ वर्षमै डेब्यु गरेका थिए। उनले सन् २०२२ मा नेदरल्यान्ड्सविरुद्ध एकदिवसीय खेलमा डेब्यु गरेका थिए। टेस्ट क्रिकेटमा उनले बंगलादेशविरुद्ध ह्याट्रिक विकेटको प्रदर्शन राखेका छन्। एकदिवसीय क्रिकेटमा आठ खेल खेल्दा उनले २३ विकेट लिएका छन्। उनको उत्कृष्ट प्रदर्शन ५/३३ हो।

टोलीका अन्य खेलाडी

सदाब खान (उपकप्तान), अब्दुल्लाह सफिक, फहिम अस्राफ, फकार जमान, हरिस रार्फ, इफ्तिकार अहमद, मोहम्मद हरिस, मोहम्मद नवाज, मोहम्मद वासिम (जुनियर), सलमान अली अगाह, साउद सकिल, तयाब ताहिर र उस्मा मिर

भारत



रोहित शर्मा

एकदिवसीय क्रिकेटमा रोहितलाई क्लासिक ब्याट्सम्यान मानिन्छ। प्राविधिक रूपमा असाध्यै राम्रो खेल्छन्। क्रिजमा सेट भइसकेपछि उनलाई रोक्न विश्वस्तरीय बलरलाई हम्मेहम्मे हुन्छ। सन् २००७ मा आयरल्यान्डविरुद्ध डेब्यु गरेका रोहितले अहिलेसम्म दुई सय ४४ एकदिवसीय खेलेका छन्। उनले ५० ओभरको फम्यार्टमा कीर्तिमानी रूपमा तीनपटक दोहोरो शतकीय इनिङ्स खेलेका छन्। ओपनिङ जिम्मेवारीमा उनले दुई सय ३७ इनिङ्समा नौ हजार आठ सय ३७ रन बनाएका छन्। यसक्रममा उनले १० हजार नौ सय ३३ बल खेले। एकदिवसीयमा ३० शतक तथा ४८ अर्धशतक बनाएका रोहितले करिअरमा नौ सय दुई चौका प्रहार गरेका छन्। आवश्यक पर्दा उनी पार्टटाइम बलर बन्छन्। ३८ इनिङ्समा उनले आठ विकेट लिएका छन्।



विराट कोहली

भारतका पूर्वकप्तान विराट कोहली मध्यक्रममा वर्तमान समयकै उत्कृष्ट ब्याट्सम्यानमा पर्छन्। प्राविधिक रूपमा उनको ब्याटिङ उत्कृष्ट छ। आफूलाई सधैँ शतप्रतिशत फिट राख्छन्। विश्व क्रिकेटमा सचिन तेन्दुलकरपछि सर्वाधिक शतकीय इनिङ्स खेल्ने उनी दोस्रो खेलाडी हुन्। दायाँहाते ब्याट्सम्यान विराटले सन् २००८ मा श्रीलंकाविरुद्ध डेब्यु गरेका थिए। फर्ममा रहँदा उनको ब्याटबाट रनको वर्षा हुन्छ। सचिन, युवराज सिंह, वीरेन्द्र सेहवाग, गौतम गम्भीरको सन्न्यासपछि उनी चम्किए। उनले दुई सय ७५ खेलमा १२ हजार आठ सय ९८ रन बनाएका छन्। यसक्रममा उनले ४६ शतक तथा ६५ अर्धसतकीय इनिङ्स खेले। उनले ५० ओभरको फम्यार्टमा १२ सय ११ चौका र १३८ छक्का प्रहार गरेका छन्।



हार्दिक पाण्ड्या

भारतीय टोलीमा हार्दिक 'ट्रम्प कार्ड' बराबरी हो। कठिन अवस्थाबाट आकर्षक स्ट्रोक लगाउँदै रनरेट उकास्ने र जिततर्फ उन्मुख गराउन सक्ने उनको खुबी हो। सामना गरेको पहिलो बलमै छक्का हान्न सक्ने क्षमता भएका हार्दिकले कम अवसरमा पनि आफूलाई प्रमाणित गरेका छन्। उनले ७७ खेलमा १० अर्धशतकको महत्तमा एक हजार ६ सय ६६ रन बनाएका छन्। एकदिवसीय खेलमा उनको सर्वोत्कृष्ट इनिङ्स नै ९२ रन हो। ७२ इनिङ्समा उनले ७३ विकेट लिँदै आफूलाई अलराउन्डर प्रमाणित गरेका छन्। सन् २०१६ मा न्युजिल्यान्डविरुद्ध डेब्यु गरेका हार्दिकले एकदिवसीय खेलमा एक सय २५ चौका र ६५ छक्का प्रहार गरेका छन्।



सूर्यकुमार यादव

सन् २०२१ मा श्रीलंकाविरुद्ध डेब्युपछि सूर्यकुमारले नियमित टोलीमा स्थान बनाएका छन्। प्राविधिक रूपमा कुशल सूर्यकुमार विपक्षीमाथि दबाब राख्दै ब्याटिङ गर्न रुचाउँछन्। २६ एकदिवसीय खेलमा उनले पाँच सय ११ रन जोडेका छन्। यसक्रममा उनले दुईपटक अर्धशतक बनाए। मैदानको चारैतिर स्ट्रोक लगाउन सक्ने क्षमता उनीसँग छ। दक्षिण अफ्रिकी ब्याट्सम्यान एबी डी भिलियर्सपछि वर्तमान समयमा ३६० कोणमा ब्याटिङ गर्न सक्ने ब्याट्सम्यानका रूपमा उनलाई लिने गरिन्छ। अहिलेसम्म तीनपटक नटआउट रहेका सूर्यकुमारले ११ छक्का र ५३ चौका प्रहार गरेका छन्।



कुलदीप यादव

कानपुर एकेडेमीका उत्पादक कुलदीपले आफ्नो करिअर फास्ट बलरबाट अगाडि बढाए। प्रशिक्षकको सल्लाहअनुसार उनले शैली परिवर्तन गरे। अहिले बायाँहाते स्पिनरका रूपमा चिनिन्छ। ८४ एकदिवसीय खेलेका उनले २०१७ मा वेस्ट इन्डिजविरुद्ध डेब्यु गरेका थिए। इन्डियन प्रिमियर लिग र घरेलु क्रिकेट प्रतियोगितामा एकनासको प्रदर्शन गरिरहेका कुलदीप भारतीय टोलीमा नियमित खेलाडीमै पर्छन्। ८२ पटक बलिङ अवसर पाएका उनले एक सय ४१ विकेट लिएका छन्। यसक्रमा उनले एकपटक पाँच तथा ६ पटक चार विकेटको प्रदर्शन गरे। उनको इकोनोमी ५.१६ रन हो।

सम्भावित अन्य खेलाडी

सुभमान गिल, रवीन्द्र जडेजा, लोकेश राहुल, मोहमद सामी, मोहमद सिराज, वासिङटन सुन्दर, शार्दूल ठाकुर, ईशान किसन, अक्षर पटेल, युजवेन्द्र चाहल र उमरान मलिक



महिला विश्वकपमा नयाँ विजेता पक्का

अकल्यान्ड/ युरोपियन राष्ट्र स्विडेनले पहिला सर्वाधिक विजेता अमेरिकालाई प्रिक्वार्टरफाइनलमा पाखा लगायो। त्यसपछि क्वार्टरफाइनलमा पूर्वविजेता जापानमाथि २-१ को सनसनी जित निकाल्यो। यस नतिजासँगै स्विडेनले फिफा महिला विश्वकप फुटबल प्रतियोगिताको सेमिफाइनल स्थान सुरक्षित गरेको छ। जापान क्वार्टरफाइनलबाट बाहिरिएपछि अब विश्वकपमा नयाँ विश्वविजेता बन्ने निश्चित भएको छ। अन्तिम आठमा स्थान पक्का गरेको जापानबाहेक अन्य टोलीले उपाधि जितेका छैनन्। नवौँ संस्करणको विश्वकपमा स्पेनले पनि साबिक उपविजेता नेदरल्यान्ड्सलाई अतिरिक्त समयमा २-१ ले पाखा लगायो। स्पेन पहिलोपटक विश्वकपको सेमिफाइनलमा पुगेको हो।



> पूर्वविजेता जापान क्वार्टरफाइनलबाटै बाहिरिपछि नवौँ फिफा महिला विश्वकपमा बाँकी रहेका अन्य टोलीले उपाधि उचालेका छैनन्

■ पाँचौँपटक सेमिफाइनलमा स्विडेन

महिला विश्वकपमा जापानको उपाधि जित्ने अभियानमा स्विडेन बाधक बन्यो। न्युजिल्यान्डको अकल्यान्डको इडेन पार्कमा जापानविरुद्ध अमान्डा र फिलिपा एन्जलडेटले गोल गरे। सन् २००३ को उपविजेता स्विडेनले यसअघि १९९१, २०११ र २०१९ मा तेस्रो स्थान प्राप्त गरेको थियो। जापानकी होनोका हायासीले एक गोल फर्काइन्। खेलको ७६औँ मिनेटमा रिको युकी पेनाल्टीमा चुक्दा जापानले गोलअन्तर कम गर्ने अवसर गुमायो। युकीको प्रहार बारमा लागेर फर्कियो। खेलको ३२औँ मिनेटमा स्विडेनले १-० को अग्रता लियो। ५१औँ मिनेटमा एन्जलडेटले पेनाल्टीमा गोल गर्दै स्विडेनलाई २-० को अग्रता दिलाइन्। खेलको ८७औँ मिनेटमा हायासीले जापानलाई खेलमा फर्काउने प्रयास गर्दै गोल गरिन्। १० मिनेटको इन्जुरी समयमा जापानले खेल पकड बनाए पनि गोल बराबरी गोल फर्काउन सकेन।

■ स्पेन पहिलोपटक अन्तिम चारमा

स्पेनिस खेलाडी र प्रशिक्षकबीचको सम्बन्ध मैदानबाहिर विवादित बनिरहेको छ। तर, मैदानमा उनीहरू संगठित भएर प्रतिस्पर्धा गरिरहेका छन्। यसैको नतिजा स्पेन पहिलोपटक महिला विश्वकपको अन्तिम चारमा पुगेको छ। गत सेप्टेम्बरमा राष्ट्रिय टोलीका १५ खेलाडीले प्रशिक्षक भिल्डालाई हटाउन माग राखेका थिए।

न्युजिल्यान्डको विलिङटनमा साबिक उपविजेता नेदरल्यान्ड्सलाई अतिरिक्त समयमा स्पेन स्तब्ध बनायो। स्पेनलाई ऐतिहासिक सफलता दिलाउन १९ वर्षीय साल्मा पारालुएलोले गोल गरिन्। २०१५ मा स्पेनले पहिलोपटक विश्वकप खेलेको थियो। २०१९ मा अन्तिम १६ सम्म पुगेको स्पेनले तेस्रोपटकको प्रयासमा अन्तिम चारको स्थान पक्का पाऱ्यो।

स्पेनिस प्रशिक्षक भिल्डाले उपाधि जित्ने योजनाका साथ अस्ट्रेलिया र न्युजिल्यान्ड आएको बताए। 'अन्तिम चारमा स्थान बनाएका छौँ, स्पेन यात्तिकैमा रोकिँदैन,' उनले भने, 'अब सेमिफाइनलको तयारी गर्नुपर्छ, त्यसपछि फाइलन खेल्दै उपाधि जित्ने हो।' नेदरल्यान्ड्स प्रशिक्षक आन्द्रेस जनकरले दुई राम्रा अवसर गुमाउँदा सोचेजस्तो नतिजा नआएको बताए।

निर्धारित ९० मिनेटको खेल १-१ को बराबरीमा सकिएको थियो। अतिरिक्त ३० मिनेट सकिनु नौ मिनेटअघि साल्माले स्पेनका लागि निर्णायक गोल गरिन्। नेदल्यान्ड्सकी स्टेफनी भान डेरले एक गोल फर्काइन्। खेलको ८१औँ मिनेटमा मारियोनाले स्पेनलाई अग्रता दिलाइन्। ९० मिनेटपछिको इन्जुरी समयमा भान डेरले नेदरल्यान्ड्सलाई बराबरीमा ल्याइन्।

उद्योग, व्यवसाय गरौं र आत्मानिर्भर बनौं

- स्थानीय श्रोत साधनको उपयोग गरी उद्योग गरौं, उद्यमी बनौं,
- आयातलाई प्रतिस्थापन गरौ र निर्यातलाई बढाऔं,
- उद्योगी र व्यवसायीको सम्मान गरौं,
- पूँजी निर्माणमा सहयोग गरौं,
- परनिर्भरता घटाऔं, आत्मानिर्भरता बढाऔं,
- देशको अर्थतन्त्रमा टेवा पुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com